माघ - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क १९ | २०७६, माघ १-१५ | पूर्णाङ्क ६६१



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | ९ |
| इजलास नं. २ | ८ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | ६ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | ४ |
| इजलास नं. ९ | १ |
| जम्मा | ५० |

| | |
|---|---|
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | ६ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | ५ |
| इजलास नं. १४ | ४ |
| इजलास नं. १५ | २ |
| जम्मा | २१ |

कूल जम्मा ५० + २१ = ७१

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, माघ – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ – ३ |
| १. | उत्प्रेषण | वदनिया गोवार्नी वि. जैनाथ राउतसमेत | १ |
| २. | उत्प्रेषण | धर्मानन्द भट्ट वि. नापी कार्यालय भाँसी, कञ्चनपुरसमेत | २ |
| ३. | उत्प्रेषण | लक्ष्मणशरण जोशी वि. मालपोत कार्यालय, भक्तपुरसमेत | ३ |
| इजलास नं. १ | | | ४ – ९ |
| ४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रामबहादुर गुरूङ | ४ |
| ५. | वैदेशिक रोजगार कसुर | अनोज शाक्य वि. नेपाल सरकार | ४ |
| ६. | वैदेशिक रोजगार कसुर | रामकुमार साह वि. नेपाल सरकार | ५ |
| ७. | कर्तव्य ज्यान र डाँका चोरी | नेपाल सरकार वि. रामभक्त थापासमेत | ५ |
| ८. | उत्प्रेषण / परमादेश | मानबहादुर तामाङ वि. मालपोत कार्यालय, कलंकीसमेत | ६ |
| ९. | अंश चलन | चन्द्रज्योति कंसाकारसमेत वि. पुष्पज्योति कंसाकार | ६ |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वाङगेल शेर्पा | ७ |
| ११. | उत्प्रेषण / परमादेश | रत्नराज बज्राचार्य वि. मकवानपुर जिल्ला अदालत, मकवानपुरसमेत | ८ |
| १२. | उत्प्रेषण / परमादेश | अशोककुमार अग्रवालमेत वि. सिभिल बैंक लि.समेत | ८ |
| इजलास नं. २ | | | ९ – १६ |
| १३. | लागु औषध | नेपाल सरकार वि. साजन राई | ९ |
| १४. | बहुविवाह | देवराज राई वि. नेपाल सरकार | १० |
| १५. | सवारी ज्यान | नेपाल सरकार वि. राकेश राय यादव | ११ |
| १६. | मोही नामसारी गरी प्रमाणपत्र पाऊँ | जसबहादुर राई वि. सानो दुखी धामी | १२ |
| १७. | डाँका चोरी | नेपाल सरकार वि. बसन्तकुमार रोकासमेत | १३ |
| १८. | उत्प्रेषण / परमादेश | नागेन्द्रप्रसाद यादव वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोगसमेत | १४ |
| १९. | उत्प्रेषण / परमादेश | विजयकुमार वि. कार्यकारी परिषद्, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरसमेत | १५ |

| | | | |
|---|---|---|---|
| २०. | अंश | दिपबहादुर बुढाथोकीसमेत वि. तुलसा बुढाथोकीसमेत | १६ |
| इजलास नं. ३ | | | १६ – १९ |
| २१. | जबरजस्ती करणी | सनउवा भन्ने देवेन्द्र राय यादव वि. नेपाल सरकार | १६ |
| २२. | डाँका | नेपाल सरकार वि. नेसार अली मिया ठकुराई | १८ |
| इजलास नं. ४ | | | १९ – २३ |
| २३. | उत्प्रेषण / परमादेश | हेमसागर बराल वि. चितवन जिल्ला अदालत, चितवनसमेत | १९ |
| २४. | उत्प्रेषण / परमादेश | अमरबहादुर राना वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत | २० |
| २५. | करारबमोजिम गराई पाऊँ | पार्वती थापा वि. रामशरण बस्नेत | २१ |
| २६. | उत्प्रेषण / परमादेश | ईश्वरप्रसाद पोख्रेल वि. अर्थ मन्त्रालय, सिंहदरबारसमेत | २१ |
| २७. | सरकारी छाप दस्तखत किर्ते | कृष्णकुमार मोक्तान वि. नेपाल सरकार | २२ |
| २८. | खिचोला | गुणाधीश राजभण्डारी वि. प्रभाकर नरसिंह राणा | २३ |
| इजलास नं. ५ | | | २३ – २८ |
| २९. | भ्रष्टाचार (घुस / रिसवत) | नेपाल सरकार वि. भाग्यनारायण झा | २३ |
| ३०. | परमादेश | योगेन्द्रप्रसाद गर्तौला वि. सञ्चालक समिति, श्री नारायण बहुमुखी क्याम्पस, इश्वरपुर नगरपालिका वडा नं.६, सर्लाहीसमेत | २४ |
| ३१. | बन्दी प्रत्यक्षीकरण | लालबहादुर वलीको हकमा विनोदकुमार वली वि. नेपाल सरकार गृह मन्त्रालयसमेत | २६ |
| इजलास नं. ६ | | | २८ – ३२ |
| ३२. | जग्गा खिचोला चलन | गोसाई यादव वि. जियेश्वर यादव | २८ |
| ३३. | अंश दपोट | प्रेमबहादुर खड्का वि. अम्बरबहादुर खड्का | २९ |
| ३४. | हालैको बकसपत्र बदर | महामती देवी खड्कासमेत वि. मेघराज खड्का | ३० |
| ३५. | जग्गा खिचोला मेटाई टहरो हटाई चलन चलाई पाऊँ | चेतराम भुजुवा वि. पटवारी पथरकटसमेत | ३१ |

| इजलास नं. ७ | | | ३२ – ३६ |
|---|---|---|---|
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शेख रफिदसमेत | ३२ |
| ३७. | खिचोला मेटाई चलन चलाई पाऊँ | ठाकुरप्रसाद पौडेल वि. मानबहादुर कुँवर | ३२ |
| ३८. | कर्तव्य ज्यान | मनटुटिया भन्ने शिवानी महतोसमेत वि. नेपाल सरकार | ३३ |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीरवल भन्ने विरू विश्वकर्मा | ३५ |
| ४०. | मिलापत्र बदर | प्यारे राय यादव वि. विल्टुनिया देवीसमेत | ३६ |
| **इजलास नं. ८** | | | ३६ – ३८ |
| ४१. | बन्दी प्रत्यक्षीकरण | मनोजकुमार अग्रवाल वि. राजश्व अनुसन्धान विभाग, हरिहरभवनसमेत | ३६ |
| ४२. | अंश दर्ता | इन्द्रजीत साह गोढ वि. हिरमतिया गोडीन | ३६ |
| ४३. | वैदेशिक रोजगार कसुर | दुर्गाराज न्यौपाने वि. नेपाल सरकार | ३७ |
| **इजलास नं. ९** | | | ३८ – ३९ |
| ४४. | लागु औषध | नेपाल सरकार वि. हिरण्य पोखरेलसमेत | ३८ |

| इजलास नं. १० | | | ३९ – ४० |
|---|---|---|---|
| ४५. | अंश चलन | प्रेमबहादुर तामाङसमेत वि. मिनुकुमारी लामासमेत | ३९ |
| ४६. | केही सार्वजनिक अपराध | कालिकान्त झासमेत वि. नेपाल सरकार | ४० |
| **इजलास नं. ११** | | | ४० – ४४ |
| ४७. | अंश चलन | सुदिप खड्का वि. उत्तमकुमार खड्का | ४० |
| ४८. | अंश दर्ता | विशेश्वर साह सुडी वि. परमेश्वरी देवीसमेत | ४२ |
| ४९. | निर्णय बदर हक कायम | सावित्री बुढाथोकी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ४३ |
| **इजलास नं. १२** | | | ४४ – ४५ |
| ५०. | जालसाजी | लक्ष्मी श्रेष्ठसमेत वि. अन्नपूर्ण श्रेष्ठ | ४४ |
| **इजलास नं. १३** | | | ४५ – ४८ |
| ५१. | कर्तव्य ज्यान | नरेन्द्र शाही वि. नेपाल सरकार | ४५ |
| ५२. | जबरजस्ती करणी | दुर्गाधन सुनुवार वि. नेपाल सरकार | ४६ |
| ५३. | अंशबन्डा | ऋषिराम अधिकारी वि. गिता अधिकारी | ४७ |

| इजलास नं.१४ | | | ४८ – ५० |
|---|---|---|---|
| **५४.** | परमादेश | चन्द्रसुब्बा गुरूङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | **४८** |
| **५५.** | उत्प्रेषण | मोतीलाल तामाङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | **४९** |
| **५६.** | उत्प्रेषण / परमादेश | पुन्नबहादुर शाही वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबारसमेत | **५०** |

| इजलास नं.१९ | | | ५० – ५२ |
|---|---|---|---|
| **५७.** | उत्प्रेषण / परमादेश | जनकबहादुर शाही वि. पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, बराह बाहिनी दुहवी सुनसरीसमेत | **५०** |
| **५८.** | भ्रष्टाचार / रिसवत | प्रकाश झा वि. नेपाल सरकार | **५१** |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** २०६९-WO-०२८७, उत्प्रेषण, *वदनिया गोवार्नी वि. जैनाथ राउतसमेत*

प्रत्येक कित्ता जग्गाहरूमा वादी प्रतिवादीहरूको अंशहक रहेको र सबै अंशियाराहरूको मन्जुरी नभएको स्थितिमा प्रत्येक कित्ता जग्गाहरूबाट अंश छुट्याई बन्डा गर्नु पर्ने वा असल कमसल मिलाई गोला राखी बन्डा गर्नु पर्नेमा त्यसरी बन्डा मुचुल्का भएको पनि देखिएन। त्यसका अतिरिक्त सुरू जिल्ला अदालतबाट यसपूर्व बन्डा मुचुल्का बदर गर्ने गरी मिति २०६८।१०।६ गते भएको आदेशले निर्देश गरेअनुरूप बन्डा मुचल्का नभई सो आदेशको प्रतिकूल हुने गरी सोही अदालतबाट दाबीको बन्डा मुचुल्का भएको भन्ने देखिने।

मिति २०६९।०३।०८ गते भएको आदेशानुसारको कार्य सम्पन्न नै नगरी मिति २०६८।१२।०५ को बन्डा मुचुल्का सदर हुने गरी सुरू अदालतबाट मिति २०६९।०३।२९ गते भएको आदेशमा कार्यविधि कानूनको पूर्णत: अनुशरण भएकोसमेत नदेखिने।

सुरू अदालतबाट किसुनवती निःसन्तान रहेकी र निजको मृत्यु भएको भन्ने देखिएको तथा निजको हक खाने जयमनदेवी मात्र रहेको भन्ने देखिए पनि किसुनवतीको हकमा मुद्दा सकार भएको अवस्था नदेखिएको र बन्डा बदर गरी वादीलाई तारेखमा राखी द.सं.को ४६ नं.बमोजिम पुनः बन्डा छुट्याउने अवस्था नभएको भनी मिति २०६९।३।२९ मा आदेश भएको देखिन्छ । मृतक व्यक्तिको हकमा कोही कसैद्वारा मुद्दा सकार गर्न आउने नआउने विषय अपुताली हकसम्बन्धी प्रक्रियागत पक्ष हुन् । असमान तवरबाट बन्डा भएको भन्ने कानूनी विषय हो । अतः कानूनबमोजिम तोकिएको प्रक्रिया निर्धारण गर्नुपूर्व नै काल्पनिक अनुमान गरी मनोगत रूपमा कानूनविपरीत भएको बन्डापत्रलाई वैधता प्रदान गर्ने गरी सुरू सर्लाही जिल्ला अदालतबाट भएको आदेश कानून एवं न्यायसम्मत मान्न नमिल्ने।

विपक्षी जैनाथको तमसुक मिति २०५८।०१।२१ को र निवेदिकाको तमसुक मिति २०५९।११।२८ को भन्ने देखिँदा तमसुक मितिको आधारमा समेत विपक्षी जैनाथ राउतको तमसुक जेठो भएको देखिन्छ । त्यसका अतिरिक्त विपक्षी जैनाथ राउत धनी र किसुनवती ऋणी भई महोत्तरी जिल्ला अदालतमा चलेको लेनदेन मुद्दाको कारबाहीको क्रममा अंश मुद्दाका वादी किसुनवतीदेवीको अंशभागमा पर्ने प्रत्येक कित्ता जग्गाको ४ भागको १ भाग जग्गा रोक्का राख्नको लागि विभिन्न मितिमा मालपोत कार्यालय, सर्लाहीमा लेखी पठाएको भन्ने देखिन्छ। उक्त लेनदेन मुद्दा अन्तिम भई फैसला कार्यान्वयनको लागि यी विपक्षी जैनाथ राउतको निवेदन पर्दा रोक्का राखेको दाबीको जग्गा सर्लाही जिल्ला अदालतअन्तर्गतको भएकाले मिसिल सर्लाही जिल्ला अदालतमा पठाउने गरी महोत्तरी जिल्ला अदालतबाट आदेश भई उक्त बन्डा मुचुल्का हुनुपूर्व अर्थात् मिति २०६८।०५।२३ मा नै सर्लाही जिल्ला अदालतमा मिसिल प्राप्त भएको भन्ने देखिन्छ। यसरी दाबीको बन्डा मुचुल्का हुनुपूर्व नै उक्त मिसिल प्राप्त भई उल्लिखित तथ्यहरू जानकारी भइसकेको भन्ने देखिने।

प्रत्यर्थी जैनाथ राउतसमेतको बिगोमा दरखास्त परी निजको निवेदनबाट समेत बिगोबापत रोक्का राख्न लेखी पठाएको अवस्थामा निजलाई सो सम्बन्धमा आफ्ना कुराहरू भन्ने अवसरसमेत प्रदान नगरी यी निवेदक साहुको बिगो मात्र असुलउपर हुने

गरी निश्चित कित्ता जग्गाबाट मात्र बन्डा छुट्याउने गरी बन्डा मुचुल्का भएको भन्ने देखिँदा उक्त कार्य तथा त्यसको परिणामसमेतका आधारमा सो कार्य न्यायोचित र कानूनसम्मत भएको नदेखिनुका साथै प्राकृतिक न्यायको सिद्धान्तसमेतको प्रतिकूल भएको देखिने।

तसर्थ, उल्लिखित आधार कारणसमेतबाट कानूनले निर्धारण गरेको प्रक्रियाको अनुशरण नगरी सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६८।१२।०५ मा बन्डा मुचुल्का भएको देखिँदा सो बन्डा मुचुल्का तथा सुरू जिल्ला अदालतबाट उक्त बन्डा मुचुल्का तथा लिलाम सकारसमेत सदर कायम गर्ने गरी भएको २०६९।३।२९ को आदेशलाई बदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।५।७ गते भएको आदेश कानूनअनुरूपकै भई रिट जारी गरी रहनु पर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल मङ्सिर ११ गते रोज ३ शुभम्।

- यसै लगाउको २०६९-WO-०२८८, उत्प्रेषण, *वदनिया गोवार्नी वि. जैनाथ राउतसमेत* भएको मुद्दामा समेत रिट निवेदन खारेज हुने ठहरी फैसला भएको छ।

२

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६६-WO-१२२६, उत्प्रेषण, *धर्मानन्द भट्ट वि. नापी कार्यालय भाँसी, कञ्चनपुरसमेत*

विस्तारित आरक्ष क्षेत्रमा परेको निवेदक धर्मानन्द भट्टको श्रीमतीको नाममा रहेको जग्गाबापत जग्गा सट्टाभर्ना पाई घर गोठबापत र ढुवानीबापत भनी २०४५ सालमा नै मुआब्जासमेत लिइसकेको देखिन्छ। निवेदन कथनअनुरूप निवेदकको हकभोगको १-१०-० जग्गा विस्तारित क्षेत्रमा परी विस्थापित भएका भए तत्कालीन वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति कञ्चनपुरको मिति २०४३।२।२३ को निर्णय कार्यान्वयनका लागि तत्कालै कानूनबमोजिम उपचारको मार्ग अवलम्बन नगरी करिब २४ वर्षपश्चात् २०६७ सालमा आएर प्रस्तुत रिट निवेदन दर्ता गरेको अवस्था छ। यसरी आरक्षको विस्तारित क्षेत्रमा आफ्नो हकभोगको जग्गा परेको भन्ने प्रमाणित र विश्वसनीय स्रोतविना अनुचित विलम्ब गरी प्रस्तुत रिट निवेदन पर्न आएको देखियो। त्यसका अतिरिक्त आरक्ष क्षेत्र विस्तार हुँदा निवेदकको हकभोगको जग्गासमेत विस्तारित क्षेत्रमा परी विस्थापित भएको भए विस्थापित व्यक्तिहरूलाई सट्टाभर्ना / क्षतिपूर्ति दिने उद्देश्यले गठित उल्लिखित समितिले निवेदकलाई सट्टाभर्ना / क्षतिपूर्ति नदिनुपर्ने विश्वसनीय आधार कारणसमेत निवेदकले उल्लेख गर्न सकेको अवस्था छैन। राज्यको नीतिगत उद्देश्य कार्यान्वयनको क्रममा विनाकारण निवेदकलाई भेदभाव वा वञ्चित गरेको होला भनी विनाआधार अदालतले पूर्वाग्राही अनुमान गर्नु न्यायिक सिद्धान्त र मान्यता प्रतिकूल हुने।

उल्लिखित विवेचित आधार कारणहरूबाट आरक्षणको विस्तारित क्षेत्रमा आफ्नो हकभोगको जग्गा परेको भन्ने प्रमाणित र विश्वसनीय स्रोत निवेदकले पेस गर्न सकेको देखिएन। निवेदकको श्रीमती मानमतिदेवी भट्टका नाउँमा दर्ता रहेको आरक्ष विस्तार क्षेत्रभित्र परेको रौतेली विचवा गा.पा. वडा नं.१ बडनिखेडामा रहेको ज.वि.०-८-० जग्गाको मूल्याङ्कनका आधारमा भि.न.पा. वडा नं.१९ बाघफाँटमा ज.वि. ०-५-५ जग्गा बुझी जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरिसकेको, घरगोठको मुआब्जा र ढुवानी भाडाबापतको रकम निवेदक स्वयंले मिति २०४५।०९।२१ मा बुझिसकेको भन्ने तथ्यलाई प्रस्तुत निवेदनपत्रमा उल्लेख गर्न सकेकोसमेत देखिएन। अतः आफूले सट्टाभर्नाबापत थप जग्गा प्राप्त

गर्नुपर्ने उचित र पर्याप्त आधार कारण देखाउन नसकी सत्यतथ्य बेहोरा ढाँटी निवेदक सफाहात र स्वच्छ नियत लिई अदालत प्रवेश गरेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल

इति संवत् २०७५ साल मङ्सिर १३ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६७-MS-००२१, अदालतको अवहेलना, *धर्मानन्द भट्ट वि. युवराज रेग्मी* भएको मुद्दामा रिट निवेदन खारेज हुने ठहरी फैसला भएको छ।

३

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०६७-WO-००१९, उत्प्रेषण, *लक्ष्मणशरण जोशी वि. मालपोत कार्यालय, भक्तपुरसमेत*

जग्गामा हकको मूल स्रोत भनेको जग्गाको दर्ता स्रेस्ता नै हो। विवादित जग्गा निवेदकको नाममा दर्ता रहेको देखिए तापनि सो दर्ता निवेदकले उल्लिखित अदालतको फैसलाको आधारमा आफ्नो हक कायम भएको भनी मिति २०६५।१०।१९ गते मालपोत कार्यालय भक्तपुरमा निवेदन दिई उक्त फैसलाको अपव्याख्या गरी निवेदकको नाउँमा दर्ता हुने गरी मालपोत कार्यालय भक्तपुरबाट मिति २०६६।९।१४ मा निर्णय भएको भन्ने देखिने।

निवेदकको नाउँमा दाबीको जग्गाको दा.खा. दर्ता भई जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरेको भए तापनि सो कार्य अदालतको फैसलाविपरीत भई कार्यान्वयन हुन गएकाले निवेदक लक्ष्मणशरण जोशीलाई ७ दिनको म्याद जारी गर्नु भनी मालपोत कार्यालय भक्तपुरबाट मिति २०६७।०१।०८ मा आदेश भएको देखिन्छ । सो आदेशानुसारको जानकारी निवेदकले मिति २०६७।०१।०९ मा प्राप्त गरी निवेदनसाथ मालपोत कार्यालयमा उपस्थित भई छलफल प्रयोजनका लागि विभिन्न मितिमा उपस्थित भएको भन्ने कुरा मिसिल संलग्न तारेख भरपाइबाट देखियो । यसरी निवेदकको नाउँको दर्ता बदर गर्ने निर्णय गर्नुपूर्व विपक्षी मालपोत कार्यालयबाट निवेदकको नाउँमा म्याद जारी गरी झिकाई विभिन्न चरणमा छलफल भएको भन्ने देखिएबाट निर्णयपूर्व प्रतिरक्षा गर्ने वा सफाइ पेस गर्ने अवसरसमेत प्रदान गरेकै देखिने।

विवादित जग्गा सार्वजनिक प्रकृतिको देखिएको आधारमा मालपोत ऐन, २०३४ को दफा २४(२) मा भएको कानूनी व्यवस्थाअनुसार विपक्षी मालपोत कार्यालयबाट निवेदकको नाउँको विवादित जग्गाको दर्ता बदर भएको कार्य कानूनसम्मत नै देखियो । त्यसैगरी दर्ता बदर हुनुपूर्व निवेदकलाई झिकाई विभिन्न चरणमा छलफलसमेत भएको भन्ने देखिँदा प्रतिरक्षाको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको भन्ने निवेदन तथा सोतर्फका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ मालपोत कार्यालय भक्तपुरबाट विवादको कि.नं. ५७० को ज.वि. ०-१-१-० जग्गा निवेदक लक्ष्मणशरण जोशीको नाममा दा.खा. दर्ता गर्ने गरी मिति २०६६।९।१४ मा भएको निर्णय बदर गर्ने गरी मिति २०६७।०२।३१ मा भएको निर्णय कानूनअनुरूप नै भएबाट बदरयोग्य नभएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल मङ्सिर १३ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६७-WO-००४१, उत्प्रेषण, *मयाँ त्वानाबासु वि. मालपोत कार्यालय भक्तपुर* भएको मुद्दामा समेत रिट निवेदन खारेज हुने ठहरी फैसला भएको छ।

## इजलास नं. १

१

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०६३७, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. रामबहादुर गुरूङ*

प्रतिवादीउपर विष्णुबहादुर देउजा र पदमबहादुर श्रेष्ठको जाहेरी परी प्रस्तुत मुद्दाको उठान भएको पाइयो । मिति २०६५।४।१ को कागजमा जाहेरवालाहरूलगायत अन्य पीडितहरूबाट समेत प्रतिव्यक्ति रू.९०,०००।- का दरले जम्मा रू.१३,५०,०००।- रकम प्रतिवादीले लिई मलेसियामा पठाएका व्यक्तिहरूलाई १५ दिनभित्र स्वदेश फिर्ता गरी उक्त रकम र सोको हर्जनासमेत फिर्ता गर्नेछु भन्ने उल्लेख गरी लिखत गरी दिएको भए पनि सो लिखतबमोजिमको आफ्नो आफ्नो रकम फिर्ता पाउँ भनी अन्य पीडितहरूले उजुरी गरेको देखिएन। मर्का पर्ने पक्षले आफ्नो हक अधिकार स्थापित गराउन पहलसम्म नगरी बसेको अवस्थामा सोही लिखतमा उल्लिखित अन्य केही व्यक्तिहरूको जाहेरी परेको भन्ने आधारमा उजुर नगरी बस्ने व्यक्तिहरूको रकमसमेत जाहेरी दिने पक्षलाई नै भराई दिनु भन्न नमिल्ने । मर्का पर्ने पक्षले आफ्नो लेना रकम प्रतिवादीबाट भराई पाउँ भनी उजुरी गर्न सक्ने नै हुँदा निजहरूको हकमा उजुरी परेको बखत कानूनबमोजिम हुने नै देखिन्छ। मिति २०६५।४।१ को लिखतबमोजिमको जाहेरवालाको हकको रकम र सोको हर्जानासम्म प्रतिवादीले जाहेरवालालाई तिर्नु बुझाउनु पर्ने र अन्य पीडितहरूको हकमा उजुरी परेका बखत कानूनबमोजिम हुने भनी निजहरूको हकमा वादी दाबी नपुग्ने गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा प्रतिवादीलाई वैदेशिक रोजगार न्यायाधिकरण ऐन, २०६४ को दफा ४३ बमोजिम ३(तीन) वर्ष कैद र रू.३,००,०००।- (तीन लाख) जरिवाना गरी जाहेरवाला विष्णुबहादुर देउजा र पदमबहादुर श्रेष्ठले प्रतिवादीबाट रू.१,८०,०००।- (एक लाख असी हजार) र सोको ५० प्रतिशत रकमसमेत हर्जानाबापत भरी पाउने र अन्य पीडितहरूका हकमा उजुरी परेका बखत कानूनबमोजिम हुने हुँदा सोतर्फको वादी दाबी पुग्न नसक्ने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।६।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्टार: इन्दिरा शर्मा

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-११५०, वैदेशिक रोजगार कसुर, *अनोज शाक्य वि. नेपाल सरकार*

अदालतले अभियोग दाबी संशोधन वा थपघट गर्न नमिल्नेमा अदालत आफैँ वादी बनी वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गतको कसुर नभई वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४(२) अन्तर्गतको कसुर गरेको भनी मिसिल संलग्न प्रमाणको गलत किसिमले मूल्याङ्कन गरी फैसला भएको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा पश्चात्दर्शी कानून लागू नहुने एवं कसुर गर्दाको अवस्थामा कानूनले तोकेकोभन्दा बढी सजाय गर्न मिल्दैन भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो । यो सिद्धान्तलाई नेपालको संविधानको धारा २०(४) मा आत्मसात् गरी *"तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन"* भन्ने व्यवस्था छ । कसुर गर्दाको समयमा भन्दा बढी सजायको व्यवस्था गरी पछिल्लो कानून

बनेको अवस्थामा सो पछिल्लो कानूनअनुसार सजाय गर्नु संविधानको भावनाविपरीत एवं फौजदारी न्यायको सिद्धान्तविपरीत हुने । तर पछि बनेको कानूनले कसुर गर्दाको समयमा प्रचलित कानूनले तोकेको भन्दा कम सजाय निर्धारण गरेको अवस्थामा पक्षको सुविधाको लागि पछिल्लो कानूनअनुसार सजाय गर्न सकिने भए पनि सजाय बढाएको अवस्थामा कसुर गर्दा प्रचलित रहेको कानूनअनुसार नै सजाय गर्नु पर्ने हुँदा वैदेशिक रोजगार न्यायाधिकरणले पुनरावेदक प्रतिवादीलाई सजाय निर्धारण गर्दा वैदेशिक रोजगार ऐन, २०६४ आकर्षित हुने नभई वारदात हुँदाको अवस्थामा तत्काल बहाल रहेको वैदेशिक रोजगार ऐन, २०४२ अनुसार सजाय निर्धारण गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा प्रतिवादी अनोज शाक्यले वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको ठहर गरी वारदात मितिमा वैदेशिक रोजगार ऐन, २०६४ लागू हुनुभन्दा अघिको देखिँदा वैदेशिक रोजगार ऐन, २०६४ आकर्षित हुने नभई वारदात हुँदाको अवस्थामा तत्काल बहाल रहेको वैदेशिक रोजगार ऐन, २०६४ आकर्षित हुने हुँदा निजलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४(२) को कसुरमा ऐ. दफा २४(२) अनुसार २ (दुई) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना हुने र जाहेरवाला प्रमिला पुनबाहेकका अन्य जाहेरवालाहरूमध्ये विष्णुमाया आचार्य र खेमप्रसाद सापकोटाले फिर्ता पाएको रकम कटाई बाँकी रकम र अन्य जाहेरवालाहरूको दाबीबमोजिमको हर्जानासहितको बिगो रकम प्रतिवादी अनोज शाक्यबाट भरी पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।८।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्टार: इन्दिरा शर्मा

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६९-CR-०९७०, वैदेशिक रोजगार कसुर, *रामकुमार साह वि. नेपाल सरकार*

वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिपत्र नै नलिएका पुनरावेदक प्रतिवादी रामकुमार साहले वैदेशिक रोजगारका लागि जाहेरवालाका भतिजालाई विदेश कोरिया पठाउने भनी जाहेरवालासँग रकम लिई लिखतसमेत गरी दिएको देखिँदा पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहर गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा प्रतिवादी रामकुमार साहलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १ (एक) वर्ष ६ (छ) महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना गरी जाहेरवालाबाट लिएको रू.२,०५,०००।- (दुई लाख पाँच हजार) र सोको ५० प्रतिशतले हुने हर्जाना रकमसमेत प्रतिवादीबाट जाहेरवालाले भरी पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।२।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्टार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-१२३७, ०७२-CR-०९२३ र ०७३-RC-०००६, कर्तव्य ज्यान र डाँका चोरी, *नेपाल सरकार वि. रामभक्त थापा, सन्तोष तामाङ वि. नेपाल सरकार र नेपाल सरकार वि. संजय तामाङ*

घटनास्थल लास प्रकृति मुचुल्कामा

उल्लिखित बेहोरा हेर्दा घाँटीमा १ इन्च लामो गहिरो काटिएको घाउ रहेको, अनुहारमा रगत लागेको भन्ने बेहोरा एवं शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणका रूपमा उल्लिखित sharp force penetrating injury to the neck भन्ने बेहोराबाट प्रतिवादी संजय तामाङको खुकुरीको चोट प्रहारबाट निज माया थापाको मृत्यु भएको भन्ने कुरा पुष्टि भएको हुँदा निजका हकमा पुनरावेदन अदालतले गरेको फैसला मनासिब देखिने।

तसर्थ प्रतिवादीमध्येका रामभक्त थापालाई मुलुकी ऐन ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको फैसला उल्टी भई निज रामभक्त थापाले अभियोग दाबीको कसुरबाट सफाइ पाउने र प्रतिवादीहरू सन्तोष तामाङ र संजय तामाङको हकमा सुरू अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।१।१६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल माघ ७ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिडा,** ०७१-WO-०९७५, उत्प्रेषण / परमादेश, *मानबहादुर तामाङ वि. मालपोत कार्यालय, कलंकीसमेत*

रिट निवेदकले माग गरेको मुख्य विषय विवादित उक्त कि.नं.१०१ को जग्गा सार्वजनिक कायम गरिपाउँ भन्ने देखिन्छ। मालपोत कार्यालय कलंकीको मिति २०७२।३।११ को सक्कल निर्णय हेर्दा उक्त काठमाडौं जिल्ला साबिक बाडभञ्ज्याङ्ग गा.वि.स. वडा नं.३ (क) को ९२–२–०–० जग्गा कित्ताकाट भई कायम भएका कि.नं.३९८ र ३९९ को कित्ताकाट बदर गरी ती कित्ताहरूका कायम भएका स्रेस्ता खारेज गरी साबिक किता नं.१०१ क्षेत्रफल ९२–२–०–० यथावत् कायम गरी नेपाल सरकारका नाममा (विरह वन बुटेन) दर्ता गरी स्रेस्ता कायम भइसकेको भन्ने देखिँदा रिट निवेदकको मागदाबीसमेत पूरा भइसकेको देखिन आएकोले अब यसमा थप आदेश जारी गर्नु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७४ साल आषाढ ७ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री ईश्वरप्रसाद खतिडा,** ०६५-CI-०४७४, ०६६-CI-०४८९, अंश चलन, *चन्द्रज्योति कंसाकार वि. पुष्पज्योति कंसाकार र मणिकज्योति कंसाकार वि. पुष्पज्योति कंसाकार*

वादी प्रतिवादीहरूबिच मिति २०४२।५।२ मा भएको बन्डापत्रबाट निजहरू छुट्टी भिन्न भएको देखिए पनि कि.नं. ५०५ र ५५८ को जग्गा त्यतिबेला अबन्डा राखेको देखिन्छ। सो जग्गामध्ये कि.नं. ५५८ को जग्गा प्रतिवादी मणिकज्योति कंसाकारको अंश भागमा मिति २०४४।१२।२ मा घरसारमा भएको लिखतबाट परेको भनी प्रतिवादीको पुनरावेदन जिकिर भए पनि उक्त मिति २०४४।१२।२ को घरसारको लिखत आधिकारिक निकायमा पास भएको वा दर्ता भएको देखिँदैन। मुलुकी ऐन रजिस्ट्रेसनको महलको १ नं. मा भएको कानूनी व्यवस्थाअनुसार आफ्नो हक छोडेको वा अंशबन्डा गरेको लिखत गर्दा गराउदा रजिस्ट्रेसन गर्नु पर्नेछ। तर प्रतिवादीहरूले दाबी गरेको मिति २०४४।१२।२ को घरसारको लिखत पास नभएको हुँदा सो बन्डापत्रको कागजलाई कानूनतः प्रमाणमा लिन मिल्ने देखिएन। मिति २०४२।५।२ मा पारित बन्डापत्रबाट अबन्डा राखिएको सम्पत्तिमा सबै अंशियारको समान हक लाग्ने कुरामा विवाद हुन सक्दैन। त्यस्तो सम्पत्तिमा वादी पुष्पज्योति कंसाकारले अंश पाएको नदेखिँदा त्यसमा

वादी पुष्पज्योति कंसाकारले अंश पाएको नदेखिँदा त्यसमा निजको हक सुरक्षित नै रहेको मान्नु पर्ने।

कि.नं. ५०५ बाट कित्ताकाट भई कायम भएको कि.नं.हरूमध्ये कि.नं. १०५५ र १०५६ प्रतिवादी चन्द्रज्योति कंसाकारको नाममा आएको र निजले सो सम्पत्ति आफ्नो छोरालाई बकस गरिदिएको देखिए पनि उक्त सम्पत्तिको स्वामित्व परिवर्तन हुँदा यी वादीलाई साक्षीसमेत राखिएको देखिँदैन। त्यस्तै कि.नं.५५८ को जग्गा ज्योतिकाजीले मणिकज्योतिलाई बकस गर्दासमेत निज वादी साक्षी रहे भएको देखिँदैन। यसरी उक्त सम्पत्ति हस्तान्तरणको चरणमा यी वादी साक्षीसमेत नरहेको र निजले लिखित रूपमा कुनै मन्जुरीनामासमेत नदिएको तथा सो जग्गामा यी वादीले हक छाडेको कुनै आधिकारिक कागजबाट नदेखिएबाट सो कार्यको लागि निजको सहमति थियो भनी मान्न नमिल्ने हुँदा सो जग्गाहरूमा वादी अंश लाग्ने नै देखिने।

तसर्थ, माथि विवेचित आधार, कारण एवं प्रमाणबाट कि.नं.१०५५ र १०५६ तथा कि.नं.५५८ बाट वादी पुष्पज्योति कंसाकारले ६ भागको १ भाग अंश पाउने देखिँदा सो हदसम्म काठमाडौं जिल्ला अदालतको इन्साफ सदर हुने र कि.नं.१०५७, १०५८ र १०५९ बाट अंश नपाउने हुँदा सोबाट अंश पाउने ठहऱ्याई काठमाडौं जिल्ला अदालतको इन्साफ नमिलेकोले सो हदसम्म उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६५।२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामु शर्मा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल असार २१ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-RC-०१३७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वाङ्गेल शेर्पा*

प्रतिवादी सोमबहादुरले दावा सोनामसमेतका प्रतिवादीहरूले वाङ्गेलबाट रू.३,०००।- लिने सर्तमा रू.१५००।- तत्कालै लिई बाँकी रू.१५००।- आषाढ मसान्तसम्म लिने दिने सहमतिमा तुलमायाको लास गायब गरेको तुलमायालाई दावा सोनामसमेत ३ जनाले कुटपिट गरेका हुन् भनी मृतकले आफूलाई भनेकी भनी अनुसन्धानको क्रममा बयान गरेका छन्। कलुदेवी खतिवडाले नासपाति बेच्न जाँदा तुलामायालाई सिस्नाले कुटपिट गर्दै गरेको देखेको हो भनी अनुसन्धानको क्रममा सर्जमिन लेखाई दिएको देखिन्छ। अनुसन्धानको क्रममा कागज गर्ने प्रभुराम बस्नेतले दावा सोनामलाई रू.३,०००।- वाङ्गेलले दिई अपराध गराएका हुन भनी लेखाई दिएका छन्। यसबाट तुलमाया २०४० सालदेखि आफ्नो घर छाडी कामकाज गर्न प्रतिवादी वाङ्गेल शेर्पाको घरमा आई बसेको र निजहरूबिच प्रेम सम्बन्ध भई करणी लिनु दिनु हुँदा तुलमायाले गर्भ बोकेकोमा सो गर्भ तुहाउन प्रतिवादीहरुले कुटपिट गरी मारेको तथ्य स्थापित हुने।

प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरिदिएको बयान र अनुसन्धानको क्रममा कागज गर्ने मान्छेले प्रतिवादीहरूले कुटपिट गरेको देखेको कुरासमेतबाट वाङ्गेल शेर्पासमेतको कर्तव्यबाट तुलमायाको मृत्यु भएको देखिन आयो। प्रतिवादी वाङ्गेल शेर्पाले आरोपित कसुरमा इन्कार रही बयान गरे पनि निजको सो इन्कारी बयानलाई पुष्टि हुने गरी कुनै साक्षी प्रमाण मिसिल सामेल रहेको पाइँदैन। आफ्नो निर्दोषिताको प्रमाण पेस गर्नु पर्ने दायित्व यी प्रतिवादीको भएकोमा निजबाट कुनै सबुद प्रमाण पेस हुन नसकेकोमा मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादी कसुरदार देखिएको अवस्थामा निजलाई आरोपित कसुरमा सजाय हुने नै देखिँदा प्रतिवादी वाङ्गेल

शेर्पालाई आरोपित कसुरमा सजाय गरेको फैसलालाई अन्यथा मान्न मिलेन । प्रतिवादी वाङ्गेल शेर्पासमेत भई एउटा गर्भवती महिलालाई मरणासन्न हुने गरी कुटपिट गरी मारेको र अपराधलाई लुकाउनेको लागि शवलाई जंगलमा फालेको अवस्थामा वारदात भएको धेरै दिनपछि शव प्राप्त भएको देखिँदा उक्त वारदात आफूले बोकाएको गर्भ तुहाउनको लागि नियतवश घटाएको हुँदा निज प्रतिवादीलाई कानूनले तोकेको हदसम्म कैद गर्नु पर्ने देखिन आउने ।

तसर्थ माथि विवेचित आधार कारण एवं प्रमाणबाट प्रतिवादी वाङ्गेल शेर्पालाई कसुरदार ठहर गरी जन्मकैदको सजाय गर्ने गरी सोलुखुम्बु जिल्ला अदालतबाट भएको फैसला यी प्रतिवादीको हकमा सदर गरेको सगरमाथा अञ्चल अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।१।२० मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल असार २० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-WO-०९३८, उत्प्रेषण / परमादेश, *रत्नराज बज्राचार्य वि. मकवानपुर जिल्ला अदालत, मकवानपुरसमेत*

निवेदक बैंकले २०६५।२।२३ मा नै दाबीको जग्गा आफ्नो नाममा दृष्टिबन्धक पारित गरी रोक्का राखेकोमा सोही जग्गा विपक्षी अदालतको मिति २०७१।४।६ को आदेशद्वारा पुनः रोक्का रहन गएको भन्ने पाइयो । बैंकले ऋण प्रवाह गर्दा सुरक्षणबापत राखेको धितो सम्पत्तिबाट आफ्नो लेना रकम असुलउपर गर्न पाउने कानूनी व्यवस्थाबमोजिम नै आफ्नो लेना रकम असुल गर्न सो जग्गा आफैँले सकार गर्ने गरी भएको निर्णयबमोजिम सो सम्पत्ति आफ्नो नाममा दाखिल खारेज र नामसारी गर्न लागेको भन्ने देखिँदा सो कार्यलाई नै अवरूद्ध गर्ने गरी मकवानपुर जिल्ला अदालतबाट भएको आदेशलाई रीतपूर्वकको आदेश मान्न नसकिने ।

अतः उल्लिखित तथ्य एवं कानूनी व्यवस्थासमेतको आधारमा निवेदक बैंकले ऋण प्रवाह गर्दा सुरक्षणबापत धितो राखी आफ्नो नाममा दृष्टिबन्धक पारित गरी रोक्का राखेको जग्गा दोहोरो रोक्का राख्ने गरी विपक्षीहरूबाट भए गरेका आदेश, पत्राचारसमेतका कार्यलाई रीतपूर्वक मान्न नमिल्ने हुँदा विपक्षीमध्येको मकवानपुर जिल्ला अदालतको मिति २०७१।४।६ को आदेश र सो आदेशअनुसार लेखिएका पत्र, मालपोत कार्यालय पर्सा वीरगन्जको मिति २०७१।७।१९ को पत्र एवं काठमाडौं जिल्ला अदालतको मिति २०७१।१२।१३ को आदेश उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदक बैंकले आफ्नो लेना रकम असुलीको लागि धितोमा रहेको उक्त कि.नं.१८७ र ३७५ को जग्गा र सोमा बनेको घर टहरासमेत बैंकका नाममा दाखिल खारेज नामसारी गर्नका लागि मिति २०७१।६।३ मा गरेको निर्णय र मिति २०७१।७।१६ को पत्रानुसार उक्त जग्गा, घर टहरासमेत निवेदक बैंकको नाममा दाखिल खारेज नामसारी गरी दिनु भनी विपक्षी मालपोत कार्यालय पर्साका नाममा परमादेश जारी हुने ।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

इति संवत् २०७४ साल चैत्र ५ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO१२०६, उत्प्रेषण / परमादेश, *अशोककुमार अग्रवालमेत वि. सिभिल बैंक लि.समेत*

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन,

२०७३ को दफा ५७ मा "*ऋणीले कर्जा लिनु दिनु गरी गरिदिएको लिखत वा करारको भाकाभित्र कर्जा र सोमा लागेको ब्याज वा हर्जाना चुक्ता नगरेमा ऋणीले बैंक वा वित्तीय संस्थालाई लेखिदिएको वा धितो राखेको सुरक्षणलाई लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी सम्बन्धित बैंक वा वित्तीय संस्थाले आफ्नो साँवा, ब्याज असुलउपर गर्न सक्ने*" व्यवस्था छ । विपक्षी बैंकहरूले रिट निवेदकलाई प्रवाह गरेको ऋण भाखाभित्र चुक्ता नगरेको भन्ने आधारमा आफ्नो लेना रकम असुलउपर गर्ने प्रयोजनका लागि कानूनमा व्यवस्था भएबमोजिम नै कारबाही प्रक्रिया अगाडि बढाई सार्वजनिक सूचना प्रकाशन गरेको भन्ने देखियो। ऋणीले कर्जा लिँदा राखेको सर्तबमोजिम गरी धनी रहेका बैंकलाई भुक्तानी गर्नु पर्ने रकम भुक्तानी गर्न तयार रहेको भनी निवेदनमा खुलाए पनि उक्त सूचनामा तोकिएको समयभित्र बैंकलाई बुझाउनु पर्ने रकम बुझाउनेतर्फ कारबाही अगाडि बढाएकोसमेत नदेखिने। बैंकले ऋण प्रवाह गर्दा सुरक्षणबापत राखेको सम्पत्तिबाट आफ्नो लेना रकम असुली गर्न पाउने कानूनी व्यवस्थाबमोजिम विपक्षी बैंकहरूले रिट निवेदकलाई विभिन्न मितिमा प्रवाह गरेको कर्जा असुलीका लागि सार्वजनिक सूचना प्रकाशन गरेको पाइयो । बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २५(२)(क) मा "*ऋणीको धितो राखिएको वा नराखिएको अन्य चल वा अचल सम्पत्ति कब्जा वा लिलाम बिक्रीसमेतबाट ऋण असुल गर्न सक्ने*" गरी व्यवस्था रहेको देखिँदा ऋणीले बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता गर्न ३५ दिनको समय दिई सो समयभित्र कर्जा चुक्ता गर्न नआएको अवस्थामा ऋण लिँदा सुरक्षणबापत राखेको सम्पत्ति लिलाम गर्ने भनी विपक्षी बैंकहरूले प्रकाशन गरेको सूचनालाई कानूनविपरीत रहेको मान्न नमिल्ने।

नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७३ को निर्देशन नं. १२ मा रहेको कर्जा सूचना तथा कालोसूचीसम्बन्धी व्यवस्थामा ऋण नतिर्ने ऋणीलाई कालोसूचीमा अनिवार्य सूचीकृत गर्नु पर्ने व्यवस्था भएकोले सो व्यवस्थाबमोजिम नै ऋणीलाई कालोसूचीमा राख्न सिफारिस गर्ने भनी उक्त सार्वजनिक सूचनामा खुलाएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ। नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बैंक तथा वित्तीय संस्थाले अवलम्बन गर्नु नै पर्ने हुन्छ । रिट निवेदकको सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट सुपरीवेक्षण हुँदा ऋणीको कर्जालाई खराब कर्जा (BAD LOAN) मा राखिएको भन्ने देखिँदा त्यसरी ऋण नतिर्ने ऋणीलाई नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम कालोसूचीमा राखिने छ भनी ऋण तिर्ने समयसमेत दिई प्रकाशन गरेको सूचना कानूनबमोजिम नै रहेको पाइने।

अतः उल्लिखित तथ्य एवं प्रमाणसमेतको आधारमा विपक्षी बैंकहरूले मिति २०७४।१।३ मा प्रकाशन गरेको सूचना कानूनसम्मत रहेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

इति संवत् २०७४ साल चैत्र ५ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-०७१६, लागु औषध, *नेपाल सरकार वि. साजन राई*

प्रतिवादी साजन राईका सँगसाथबाट लागु औषध डाइजेपाम, नोरजेसिक एभिल तथा नाइट्रोसनसमेत बरामद भएको भन्ने बरामदी मुचुल्कामा उल्लेख भएको देखिन्छ । बरामद लागु

औषध केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट परीक्षण भई आउँदा डाइजेपाम, ब्युप्रिनोफ्रिन पाइएको छ भन्ने प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । उक्त तथ्य बरामदी मुचुल्का तथा प्रतिवादीसमेतको बयान बेहोराबाट स्पष्ट हुन आएकोले बरामद लागु औषधको विषयमा विवाद नदेखिने।

प्रतिवादी साजन राईले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा उक्त लागु औषध आफू सेवन गर्दछु र बेलबारीका साथीभाइहरूलाई बिक्री वितरण गर्न ल्याएको हो भनी उल्लेख गरे तापनि अदालतमा आई बयान गर्दा आफू लागु औषध सेवनकर्ता भएकोले बरामद लागु औषध आफूले सेवन मात्र गर्नका लागि ल्याएको हो। सञ्चय गरी खरिद बिक्री गर्न ल्याएको होइन भनी लेखाएको देखिन्छ । बरामदी मुचुल्कासमेतबाट यी प्रतिवादीले बिक्री वितरण गरेको अवस्थामा पक्राउ गरेको हो भनी स्पष्टत: उल्लेख भएको पाइँदैन । वस्तुस्थिति मुचुल्काका मानिसहरूले लेखाएको बेहोरामा समेत यी प्रतिवादीले बिक्री वितरण गरेको हो भनी गडाउ गरी लेखाउन सकेको पाइँदैन । प्रतिवेदक प्र.स.नि. केशवकुमार पाण्डेले पनि यी प्रतिवादीले बिक्री वितरणको कसुरमा संलग्न थिए भनी अदालतमा बकपत्र गर्न उपस्थित भएको नदेखिने । प्रतिवादी लागु औषधको कारोबार गर्ने उद्देश्यबाट लागु औषधको बिक्री, निकासी पैठारी खरिद, सञ्चय ओसार पसार गर्ने कार्य गरेको हो भन्ने प्रमाणबाट स्थापित हुनुपर्दछ । लागु औषध मुद्दामा प्रमाणको भार (Burden of Proof) प्रतिवादीमा नै रहने भए तापनि प्रतिवादीलाई अभियोग दाबीअनुसारको कसुरदार ठहऱ्याउन वादी पक्षबाट वस्तुनिष्ठ प्रमाण पेस हुनै पर्छ। केवल शङ्का व्यक्त गरेको भरमा मात्र प्रतिवादीले लागु औषध खरिद बिक्री वितरणसमेत गरेका हुन् भनी कसुरदार ठहर गर्नु फौजदारी न्याय शास्त्रविपरीत हुन जाने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी साजन राईले लागु औषध सेवन गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) सम्मको कसुर गरेको देखिँदा प्रतिवादी साजन राईलाई सोही ऐनको दफा १४(१)(ज) बमोजिम २ (दुई) महिना कैद र रू.२,०००।- (दुई हजार) जरिवाना हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट फैसला भएकोमा उक्त फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।११।१३ मा भएको फैसला मिलेकै देखिँदा यस अदालतबाट मिति २०७२।५।२८ मा मुद्दा दोहोऱ्याई हेर्न प्रदान गरिएको निस्सामा उल्लिखित आधारसँग सहमत हुन सकिएन । पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।११।१३ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल असार ७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-०२९४, बहुविवाह, *देवराज राई वि. नेपाल सरकार*

प्रतिवादी वसन्त भन्ने देवराज मल्लले अनुसन्धानको क्रममा बयान गर्दा जुना कार्की र आफूबिच प्रेम सम्बन्ध बसी विवाह गरी सँगै बस्ने सल्लाहबमोजिम नै विवाह गरेका हौं भन्ने बेहोरा उल्लेख गरेको र अदालतसमक्ष जाहेरवाला पार्वती पण्डित र प्रतिवादी जुना कार्की मेरै श्रीमती हुन् भनी आफूउपरको आरोपित कसुर स्वीकार गरेको देखियो। अर्कोतर्फ स्वयम् यी प्रतिवादीले पुनरावेदन पत्रमा जुना कार्कीलाई कान्छी श्रीमतीको रूपमा भित्र्याएको कुरा स्वीकार गरेको देखिँदा निजले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजका विरूद्ध प्रमाणमा लिन मिल्ने

नै देखिने ।

प्रतिवादीले जुना कार्कीलाई कान्छी श्रीमती बनाई बहुविवाह गरेको तथ्य म जेठी श्रीमती घरमा हुँदाहुँदै जुना कार्कीलाई विवाह गरेको हो भनी जाहेरी दरखास्तलाई समर्थन गरी जाहेरवालाले अदालतमा गरेको बकपत्र, मिसिल संलग्न निजहरूको तस्बिर, प्रतिवादीको साबिती बयानसमेतबाट निजउपरको आरोप पुष्टि भएको देखिँदा आरोपित कसुरबाट सफाइ पाउँ भन्ने जिकिर न्यायोचित देखिएन । यस स्थितिमा पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा यस अदालतबाट मिति २०७३।४।३२ मा मुद्दा दोहोऱ्याई हेर्न प्रदान गरिएको निस्सासँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार र कारणसमेतबाट पुनरावेदक / प्रतिवादी वसन्त भन्ने देवराज मल्ललाई मुलुकी ऐन, विवाहवारीको महलको ९ नं. को कसुरमा सोही महलको १० नं. बमोजिम १(एक) वर्ष कैद र रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवानासमेत हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।९।१६ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।५।११ मा भएको फैसला मिलेकै देखिँदा यस अदालतबाट मिति २०७३।४।३२ मा मुद्दा दोहोऱ्याई हेर्न प्रदान गरिएको निस्सामा उल्लिखित आधारसँग सहमत हुन सकिएन । पुनरावेदन अदालत पाटनबाट मिति २०७२।५।११ मा भएको फैसला सदर हुने ।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल असार ७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०७९०, सवारी ज्यान, *नेपाल सरकार वि. राकेश राय यादव*

प्रतिवादीले जीप चलाउन सक्ने गरी सवारी चालक अनुमति पत्र नै नलिई त्यस्तो व्यस्त सडकमा आफैँले सवारी साधन चलाई आफ्नो साइडबाट चलाई गएको साइकल पछाडिबाट ठक्कर दिएकोमा सो ठक्कर लागेको कारणबाट मृतकको टाउकोमा चोट लाग्न गई सोही चोटको कारणबाट घटनास्थलमै निज मृतकको मृत्यु भएको देखिँदा यी प्रतिवादीले सवारी चालक अनुमति पत्र नै नलिई उक्त सवारी चलाएको कारणले गर्दा उक्त दुर्घटना हुन गएको भन्ने देखिन आउने ।

प्रतिवादी राकेश राय यादवले सवारी चालक अनुमतिपत्र नलिइकन सवारी चलाई उक्त जीपको ठक्करबाट प्रतिमाकुमारी दासको मृत्यु भएको तथ्य स्थापित भएको देखिँदा लापरवाहीको कारण दुर्घटना भएको देखिन आयो । सो सम्बन्धमा हेर्दा, “लापरवाही” भन्नाले सम्भावित परिणामको जानकारी हुने वा लिइने अवस्थामा पनि त्यसप्रति बेवास्ता गरी गरिएको व्यवहारलाई बुझिन्छ । परिणामको पूर्वज्ञान भइकन पनि काम गर्नु र परिणामको पूर्वज्ञान भएर पनि सोप्रति अपनाउनु पर्ने सतर्कता नअपनाई उत्पन्न भएको जोखिमलाई लापरवाहीको श्रेणीमा राख्नुपर्ने हुन्छ । प्रस्तुत विवादको स्वरूप सवारी चालकसँग सम्बन्धित हुँदा यी सवारी चालक राकेश राय यादवले सवारी चालक अनुमति पत्र नलिएको अवस्थामा निजले सतर्कता अपनाई सवारी चालक अनुमति पत्र लिएपश्चात् मात्र सो सवारी साधन चलाउनु पर्नेमा सोको बेवास्ता गरी सवारी चालक अनुमति पत्र नलिई सवारी चलाउँदा निस्कने परिणामको सम्बन्धमा बेवास्ता गरी सवारी चलाएको देखिँदा प्रतिवादीले गरेको उक्त कार्यलाई लापरवाहीपूर्वक नै गरेको कार्यअन्तर्गत मान्नु पर्ने । प्रतिवादीले अनुमति पत्र नलिई चलाएको उक्त जीपबाट प्रतिमाकुमारी दासलाई ठक्कर लागी टाउकोमा चोट लाग्न गई घटनास्थलमा नै मृतकको मृत्यु भएको

देखिन्छ । निजले सवारी चालक अनुमति पत्र नलिई लापरवाहीपूर्वक गरेको उक्त कार्यलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) नं. को कसुरभित्र पर्छ भनी मान्नु पर्ने देखिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी राकेश राय यादवले सवारी चालक अनुमतिपत्र नलिई चलाएको उक्त जीपबाट मृतकको मृत्यु हुन गएको तथ्य घटना वारदातको पृष्ठभूमि, अवस्था र परिस्थितिसमेतबाट देखिँदा उक्त वारदातमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) नं. बमोजिमको प्रकृति विद्यमान रहेको देखिन आएकोले प्रस्तुत घटना वारदात सोही ऐनको दफा १६१(३) बमोजिमको कसुरको दायराभित्र पर्छ भनी प्रतिवादीलाई सोही ऐनको दफा १६१(३) नं. अनुसार २ महिना कैद र रू.२,०००।- जरिवाना तथा सवारी चालक अनुमति पत्र नलिई सवारी चलाएमा सो ऐनको १६१(४) नं. अनुसार थप रू.२,०००।- जरिवानासमेत हुने ठहर्‍याई सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६८।१०।१९ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।२९ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २(दुई) वर्ष कैद र रू.२०००।– (दुई हजार) जरिवाना हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल आषाढ ७ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७२-CI-०४२८, मोही नामसारी गरी प्रमाणपत्र पाऊँ, *जसबहादुर राई वि. सानो दुखी धामी*

वादी दाबीको सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स., वडा नं. ८(क) को कि.नं. २३ को जग्गाको जग्गाधनी राजेन्द्रबहादुर थापा क्षेत्री र जोताहा महलमा होइलाल धामी उल्लेख भएको मिसिल संलग्न फिल्डबुक, मोही लगत, २ नं. र ४ नं. अनुसूची फारामको प्रतिलिपिबाट देखिन्छ । वादीले दाबीको कि.नं. ३८७ को जग्गा उक्त साबिक कि.नं. २३ बाट कित्ता काट भई कायम भएको भनी दाबी गरेकोमा निजले फिरादसाथ पेस गरेको कि.नं. ३८७ को जग्गाधनी दर्ता स्रेस्तामा मोही महल खाली रहेको देखिन्छ। मिसिल संलग्न रहेको फिल्डबुक उतारबाट दाबीको कि.नं. ३८७, कि.नं. ३८५ र ३८६ का जग्गा साबिक कि.नं. १३३ बाट कित्ताकाट भई आएको भन्ने देखिएको र ती जग्गाहरू जिल्ला अदालतको प.सं. १८०३ मिति २०४१।८।१४ को चलानी पुर्जीअनुसार चक्रप्रसाद प्रसाईको नाममा दर्ता भएको भन्ने उल्लेख भएको देखिन्छ । त्यस्तै नापी कार्यालय सुनसरीको च.नं. १९२२ मिति २०६८।१।१३ को पत्रबाट साबिक कि.नं. १३३ को जग्गा कित्ताकाट भई कि.नं. ३८५ को ०-१-१३, कि.नं. ३८६ मा १-०-४ र कि.नं. ३८७ मा ०-८-१४ कायम भएको स्रेस्ता तथा नक्साबाट देखिएको भनी लेखी आएकोसमेत देखिने।

सुरू मिसिल संलग्न मालपोत कार्यालय सुनसरीको च.नं. २४२१ मिति २०६७।६।२४ को पत्रबाट समेत महेन्द्रनगर, वडा नं. ८(क) को कि.नं. १३३ को जग्गा साबिक चक्रप्रसाद प्रसाईको नाममा छुट जग्गा दर्ता भई सो जग्गा कित्ताकाट भई कि.नं. ३८७ को ०-८-१४ चक्रप्रसादबाट आएको र सो जग्गाको मोही महल खाली रहेको भनी लेखी आएको देखियो। त्यसैगरी वादी दुःखीलाल भन्ने सानो दुःखी धामी र प्रतिवादी चक्रप्रसाद प्रसाई भन्ने चक्र प्रसाई भएको मोही नामसारी गरिपाउँ भन्ने मुद्दामा कि.नं. २३ को जग्गा कित्ताकाट भई कि.नं. ५४३, ५४४ र ५४५

कायम भएको र कि.नं. ३८६ को जग्गा साबिक कि.नं. १३३ बाट कित्ताकाट भई आएको हुँदा कि.नं. ३८६ को जग्गामा मोही नामसारी गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याई भूमि सुधार कार्यालय, सुनसरी बाट मिति २०६८।२।१९ मा भएको फैसला पुनरावेदन अदालत विराटनगरबाट सदर हुने ठहरी मिति २०६९।३।६ मा फैसला भएकोमा सो फैसलाउपर निवेदक दुखिलालको मुद्दा दोहोर्‍याई पाउँ भनी यस अदालतमा २०६९-RI-११२८ को निवेदन परी मितिमा २०७०।४।२९ मा निस्सा नहुने आदेश भई अन्तिम भएको देखिने।

वादीले दाबीको कि.नं. ३८७ को जग्गा साबिक कि.नं. २३ बाट कित्ताबाट भई कायम भएको भनी दाबी लिएकोमा माथि उल्लिखित मालपोत कार्यालय सुनसरी, नापी कार्यालय सुनसरीको पत्रसमेतबाट विवादित कि.नं. ३८७ र कि.नं. ३८५, ३८६ का जग्गाहरू साबिक कि.नं. १३३ बाट कित्ताकाट भई आएको भन्ने देखिएको र प्रस्तुत मुद्दाका वादीले कि.नं. ३८६ को जग्गामा मोही नामसारी गरिपाउँ भनी लिएको दाबी पुग्न नसक्ने ठहर्‍याई भएको फैसला सर्वोच्च अदालतबाट अन्तिम भएको देखिँदासमेत विवादित कि.नं. ३८७ को ०-८-१४ जग्गा कि.नं. २३ बाट कित्ताकाट भएको नभई कि.नं. १३३ बाट कित्ताकाट भएको र कि.नं. १३३ को जग्गा दाबीअनुसार राजेन्द्र थापाको नाममा दर्ता भएको नभई चक्रप्रसाद प्रसाईको नामबाट यी पुनरावेदक प्रतिवादी जसबहादुर राईको नाममा आएको देखिँदा दाबीको कि.नं. ३८७ को जग्गा वादीको नाममा मोही नामसारी हुने गरी भएको भूमिसुधार कार्यालय सुनसरीले गरेको निर्णय सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेको देखिन नआउने।

अतः माथि विवेचित आधार, कारणबाट दाबीको जग्गा वादीका नाउँमा मोही नामसारी हुने र मोही प्रमाणपत्रसमेत पाउने ठहर्‍याई सुरू भूमिसुधार कार्यालय, सुनसरीबाट मिति २०६७।६।२४ मा भएको निर्णय सदर हुने ठहर्‍याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८।१०।३ को फैसला मिलेको नदेखिँदा उल्टी भई दाबीको कि.नं. ३८७ को जग्गामा मोही नामसारी गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१३६४ र ०७३-CR-०६४३, डाँका चोरी, *नेपाल सरकार वि. बसन्तकुमार रोकासमेत र गन्जबहादुर बुढा वि. नेपाल सरकार*

जाहेरवाला भुपप्रसाद बुढा, विरध्वज खड्कालगायतका दलबहादुर डाँगी, चित्रबहादुर के.सी., रणबहादुर रोका, खिमविक्रम चन्दसमेत ६ जनाले आफूहरूबाट मिति २०३८।६।३ का दिन अपरिचित ५/६ जना व्यक्तिले हतियार देखाई कुटपिट गरी घाइते बनाई जम्मा रू.१२,००५००।- नगद र पर्स डाँका चोरी गरी लगे भनी हुलिया निवेदन दिएको देखिन्छ र सोही मितिमा निवेदकहरूको घाउ जाँच केस फाराम हुँदा विभिन्न चोटपटक, निलडाम रहेको देखिई वारदातमा दोहोरो प्रतिकार भएको अवस्था देखिन्छ । घटनास्थल मुचुल्कामा मोबाइल, जुत्ता, रूमाल, मास्कसमेत बरामद भएको देखिने।

प्रतिवादीमध्येका वेदबहादुरको टाउकोमा चोट देखिनु, दोहोरो सङ्घर्ष भई चोटपटकसमेत लागेको बेहोरा जाहेरीमा उल्लेख हुनु, प्रतिवादी वेदबहादुरको मोबाइल घटनास्थलमा फेला पर्नु, बरामद सामानको सनाखत हुनु, आफू साबित भई

सहअभियुक्तलाई पोल गर्नु तथा घटना र योजनाको कुरा एकआपसमा सिलसिलाबद्ध रूपमा मिलेको देखिँदा यी प्रतिवादीहरूको आरोपित वारदातमा संलग्नता पुष्टि भएको देखिन आउने।

प्रस्तुत मुद्दामा चोरी भएको भनिएको बिगो कहिँकतैबाट बरामद हुन नसकेको र यो यस्तो तरिकाले मासिएको, नासिएको भन्ने तथ्य खुल्न नआएको अवस्था रहेको पाइयो तर हुलिया निवेदन, किटानी जाहेरी, कार चालकको कागज प्रतिवादीहरूको अनुसन्धानको बयानसमेतका प्रमाणबाट प्रस्तुत घटना वारदातमा ४ जनाभन्दा बढी संख्या भई प्रतिवादीहरू योजनाबद्ध तरिकाले घटनास्थलमा उपस्थित भई डाँका गर्ने प्रयास गरेकोमा जाहेरवालालगायत हुलिया निवेदन दिने व्यक्तिहरूको प्रतिकारका कारण डाँका चोरीको वारदात हुन नसकेको भन्ने तथ्य प्रमाणित भइरहेको स्थितिमा यी प्रतिवादीहरू पूर्ण रूपमा बेकसुर छन् भन्न मिल्ने अवस्था नदेखिँदा यी प्रतिवादीहरू वेदबहादुर वली, बसन्तकुमार रोका र गंजबहादुर बुढाले डाँका उद्योगको कसुर गरेको देखिन आउने।

अतः डाँका वारदात ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको फैसला केही उल्टी भई डाँका चोरीको वारदात कायम नभई डाँका चोरीको उद्योग कायम हुन्छ। मुलुकी ऐन चोरीको महलको १७ नं. को व्यवस्थाअनुसार पुनरावेदन प्रतिवादी गन्जबहादुर बुढालाई सोहीबमोजिम ३(तिन) वर्ष कैद हुन्छ। अ.बं. २०५ नं. अनुसार पुनरावेदन नगर्ने वेदबहादुर वली र बसन्तकुमार रोकालाई समेत सोहीबमोजिम ३(तिन) वर्ष कैद हुने।

इजलास अधिकृत : हिरा डंगोल

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-००७८, उत्प्रेषण / परमादेश, *नागेन्द्रप्रसाद यादव वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोगसमेत*

मिति २०७३।४।३ को सूचना प्रकाशित भएपछि रोल नं.७१ का राकेशप्रसाद जैसवालले मिति २०७३।४।३ मा पुनर्योग गरिपाउँ भनी निवेदन गरेको देखिन्छ। उक्त प्रकाशित विज्ञापनको सूचनामा चित्त नबुझ्नेले पुनर्योगको लागि निवेदन दिएमा पुनर्योग गर्ने कार्यविधिमा व्यवस्था नभएको र त्यस सम्बन्धमा प्राप्ताङ्क तालिका हेर्दा रोल नं.७१ को परीक्षार्थीको उत्तरपुस्तिका परीक्षणको लागि राखिएको कोड नं. र सो उत्तरपुस्तिका प्राप्त भएपछि डिकोडिङ गर्दा राखिने कोड नं. रोल नं.७१ का परीक्षार्थीको उत्तरपुस्तिकाको कोडिङ नम्बर रोल नं.४४ मा पर्न गएको कारणले नतिजा प्रकाशन गर्दा रोल नं.७१ को परीक्षार्थीले प्राप्त गरेको अङ्क रोल नं.४४ को परीक्षार्थीको प्राप्ताङ्कमा पर्न गएको देखिएकोले आयोगको मिति २०७३ श्रावण ४ गते बसेको बैठकले सोलाई सच्याउने निर्णय गरी रोल नं.७१ का परीक्षार्थीको नाम प्रकाशित हुनुपर्नेमा रोल नं.४४ को परीक्षार्थीको नाम सफल उम्मेदवारको रूपमा प्रकाशित भएकोले सच्चाइएको छ भनी मिति २०७३ साल श्रावण ५ गते संशोधित सूचना कानूनबमोजिम नै प्रकाशित गरेको देखिन्छ। वास्तविक रूपमा जो परीक्षार्थी परीक्षामा उत्तीर्ण भएको हो निजले नै सो बढुवा पाउनु पर्छ भन्नेमा विवाद भएन। गल्ती भएको छ भने गल्तीलाई यथावत् राख्नुपर्छ, गल्ती भएकोलाई पनि सुधार गर्न मिल्दैन भन्ने रिट निवेदन जिकिर सिद्धान्ततः नै गलत छ। त्रुटि भएकोलाई सच्याइएको कार्यबाट निवेदकको हक अधिकारमा हनन भएको मान्न मिल्दैन। त्रुटि भएको कार्यलाई सच्याइएको अवस्थामा सो कार्यलाई चुनौती दिई संवैधानिक अधिकारको हनन भएको भनी रिट क्षेत्रमा प्रवेश गर्नु रिट क्षेत्रको उपचारको दुरूपयोग हुने।

तसर्थ, त्रि.वि.सेवा आयोगबाट भुल सुधार

गरी संशोधित सूची प्रकाशित गरेकै कारणले निवेदकको कुनै पनि हक अधिकारमा आघात पुग्ने कार्य नभएको र त्रुटि सच्चाउने अधिकार पनि सम्बन्धित निकायलाई हुने भनी सूचनामा समेत स्पष्ट उल्लेख भएको अवस्थामा त्यसरी नतिजा सच्याउँदा निवेदकलाई नेपालको संविधानले प्रत्याभूत गरेको संवैधानिक हक अधिकार हनन भएको भन्न मिलेन। विपक्षी त्रि.वि.सेवा आयोगबाट भूल सुधार गरी संशोधित सूची प्रकाशित गरेको कानूनबमोजिम नै देखिँदा निवेदकको माग दाबीबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र १३ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-०८२०, उत्प्रेषण / परमादेश, *विजयकुमार वि. कार्यकारी परिषद्, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरसमेत*

निवेदक सरकारी क्याम्पसमा अध्यापन गराएको हुँदा निजले राजीनामा दिई संविधान सभाको उम्मेदवार भइसकेको र संविधान सभाको सदस्यमा पराजित भएपछि निवेदकले आफैँले दिएको राजीनामाको बारेमा सनाखत गराएन भन्ने जस्ता अनेकन कुराहरूको जिकिर गरेको देखिन्छ। कुनै पनि व्यक्ति निर्वाचनमा उम्मेदवार हुन पाउने उसको मौलिक हक हो। निवेदक विपक्षी क्याम्पसमा तत्कालीन समयमा कार्यरत रहेको भन्ने कुरामा कुनै विवाद छैन। तर, जसले संविधान सभाको लागि उम्मेदवारी दर्ता गरायो, निर्वाचनमा प्रतिस्पर्धामा भाग लियो उसैले पुनः साबिकको पदमाथिको पदाधिकार कायम छ भनी भन्न संविधान प्रचलित कानून र त्रि.वि. नियमानुसार मिल्ने देखिँदैन। राजीनामा पत्रमा जुनसुकै बेहोरा उल्लेख गरेको भए पनि संविधान सभाको उम्मेदवार भएपछि त्यो व्यक्तिको राजीनामा पछि स्वीकृत भए पनि उसको उम्मेदवार घोषणा भएपछि राष्ट्रसेवकको पदबाट स्वतः पदमुक्त हुने निर्वाचन ऐनको समेत व्यवस्था हो। निवेदक आफैँले राजीनामा दिने फेरी स्वीकृत भएको राजीनामाको गलत रूपमा व्याख्या गर्ने कार्यमा निवेदक पूर्णतः विबन्धित भएको देखिने। उपप्राध्यापक जस्तो व्यक्तिले कस्तो अवस्थामा राजीनामा दिइन्छ, स्वीकृत भएको अवस्थामा त्यसको परिणाम के हुने भन्ने कुरामा निवेदकमा पूर्ण ज्ञान थिएन भन्न मिल्ने देखिँदैन। संविधान सभाको उम्मेदवार हुनको लागि राजीनामा दिई उम्मेदवार भइसकेपछि सो व्यक्तिको पहिलेको स्थिति स्वतः समाप्त भएको हुन्छ। निवेदक विजयकुमार महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नं.४ बाट उम्मेदवार बनेको र सो क्षेत्रबाट पराजित हुनु भएको भन्ने कुरा निर्वाचन आयोगको मिति २०७१।५।३ को पत्रबाट पनि स्पष्ट देखिन्छ। कानूनतः संविधान सभाको उम्मेदवारी दर्ता गरेपछि राष्ट्र सेवकको पदमा बहाली रहन नमिल्ने भई निज विजयकुमारले दिएको राजीनामा मिति २०७०।६।२ देखि लागू हुने गरी त्रि.वि. कार्यकारी परिषद्को निर्णय नं.१६०६ मिति २०७१।१।६ मा राजीनामा स्वीकृत गर्ने निर्णय भई राजीनामासमेत स्वीकृत गरेको कानूनसम्मत नै देखिँदा निवेदकको संवैधानिक अधिकारको हनन् भएको भन्ने निवेदन जिकिर प्रत्यारलायक नहुने।

निवेदक विजयकुमार दोस्रो संविधान सभाको निर्वाचनको लागि महोत्तरी जिल्ला निर्वाचन क्षेत्र नं. ४, बाट उम्मेदवार हुनको लागि मिति २०७०।६।२ मा ठाकुर राम क्याम्पसका प्रमुखज्यूमार्फत त्रि.वि.को श्री रजिस्ट्रारज्यूसमक्ष उपप्राध्यापक पदबाट दिनु भएको राजीनामा सोही मिति २०७०।६।२ देखि लागू हुने गरी त्रि.वि. कार्यकारी परिषद्को निर्णय नं.१६०६ मिति २०७१।१।६ मा राजीनामा स्वीकृत गर्ने निर्णय भई

राजीनामासमेत स्वीकृत भइसकेको अवस्था देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र १३ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-१५४०, अंश, *दिपबहादुर बुढाथोकीसमेत वि. तुलसा बुढाथोकीसमेत*

कित्ता नं. १२६२ र हालको कि.नं. ११५० र कि.नं. ११५१ को जग्गा प्रतिवादीमध्येकी द्रौपती बुढाथोकीको नाममा रहेको जग्गा प्रतिवादी दिपबहादुर बुढाथोकी र निजका भाइहरूबिच मिति २०६०।१२।२३ मा अंशबन्डा हुँदा प्रतिवादी द्रौपतीका नामका सम्पत्तिहरू दाइजो पेवाको रकमबाट खरिद गरेकोले मुलुकी ऐन, स्त्री अंशधनको ५ नं. बमोजिम बन्डा लाग्ने नभई आफूखुस गर्न पाउने जग्गा भएकोले पुनरावेदन अदालत तुलसीपुरबाट बन्डा लाग्ने ठहऱ्याएको हदसम्म उल्टी गरिपाउँ भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा विवादित सम्पत्ति द्रौपतीको निजी आर्जनकै सम्पत्ति हो भने पनि आफ्नो आमाको निजी आर्जनको सम्पत्तिमा निजका छोरा वा स्वास्नीको अंश हक नलाग्ने भन्ने कुनै कानूनी आधार नदेखिने।

तसर्थ मूल अंशियारहरू ४ अंशियार कायम भई तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई ४ भाग लगाई सो ४ भागबाट १ भाग अंश छुट्ट्याई सो १ भागबाट ३ भाग लगाई बन्डा छुट्याउँदाका अवस्थामा विवाह नभएकी छोरीको विवाह खर्च परसारी बाँकी सम्पत्तिबाट ३ भागको २ भाग अंश वादीहरूले प्रतिवादीहरूबाट पाउन सक्ने नै हुन्छ। सो ३ भागको २ भाग अंश यी वादीहरूले प्रतिवादीहरूबाट पाउने ठहऱ्याई भएको सुरु जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७०।३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हिरा डंगोल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७३-CR-०१०६, जबरजस्ती करणी, *सनउवा भन्ने देवेन्द्र राय यादव वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादी देवेन्द्र राय यादवले जबरजस्ती करणी गरेको कुरा पीडिता स्वयंले आफ्नो घरपरिवारमा बताएको र सो तथ्यलाई समर्थन हुने गरी मौकामा बयान कागज गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिन आएको छ। पीडितको कुर्ता सुरुवाल परीक्षण गर्दा सुरुवालमा लागेको वीर्य मानव वीर्य रहेको भन्ने विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिएको र पीडिताको स्वास्थ्य परीक्षण हुँदा निजको योनिको झिल्ली च्यातिएको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत देखिन आएकाले प्रतिवादीले पीडितालाई जबरजस्ती करणी गरेको वारदात स्थापित हुन आउने।

योनिको झिल्ली च्यातिँदैमा जबरजस्ती करणी होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, निज प्रतिवादीले नाबालक पीडितालाई पछाडिबाट समाती उक्त घरमा रहेको पलङमा पछारी, जबरजस्ती करणी गरेको जाहेरी दरखास्तबाट देखिन आउँछ। पीडिताको जन्मदर्ता प्रमाणपत्र हेर्दा निजको जन्म मिति २०५६।०६।०९ गते रहेको देखिएको र वारदात हुँदा निजको उमेर १३

वर्ष ५ महिना ६ दिन रहेको देखिँदा निजको उमेर १४ वर्षमुनिको रहेको देखिन आउँछ भने प्रतिवादीको उमेर ३२ वर्ष रहेको देखिन्छ । एउटा नाबालिका पीडिताले उमेर पुगेको केटासँग ठूलो बल प्रयोग गरी सङ्घर्ष गर्न सक्ने अवस्था रहन्न । त्यसमा पनि पीडिताको अन्य कुनै कारणले कन्याजाली च्यातिएको भन्ने तथ्य वस्तुनिष्ठरूपमा पुष्टि भएको हुनुपर्छ र सोको अभावमा जबरजस्ती करणीको वारदातका स्वरूप र प्रकृतिको कारण नै पीडिताको कन्याजाली च्यातिएको भन्ने अर्थ गर्नुपर्ने भनी ने.का.प. २०७५ निर्णय नं.१०००७, अंक ५ मा सिद्धान्तसमेत प्रतिपादन भएको अवस्था छ। त्यसैगरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को स्पष्टीकरणको (ग) मा "**योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि करणी गरेको मानिनेछ"** भन्ने जबरजस्ती करणीको परिभाषा रहेको अवस्थामा जबरजस्ती करणी स्थापित हुनका लागि वीर्य नै फेला पर्नुपर्छ भन्ने पनि होइन । प्रस्तुत मुद्दामा समेत पीडिताको योनि झिल्ली पहिले नै च्यातिएको भन्ने अवस्था नरहेको, स्वास्थ्य परीक्षण प्रतिवेदनबाट मात्र योनि झिल्ली च्यातिएको देखिएको तथा विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनले मानवीय वीर्यसमेत भेटिएको भन्ने वस्तुनिष्ठ प्रमाणसमेत रहेको अवस्थामा जबरजस्ती करणी नहुने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

जहाँसम्म पीडिताको अदालतसमक्षको इन्कारी बकपत्रको प्रश्न छ, पीडितको अदालतको Hostile बकपत्रलाई मात्र आधार लिएर प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिँदै जाने हो भने समाजमा अपराधले प्रश्रय पाउने र दण्डहीनताको स्थिति सिर्जना हुन जाने देखिन्छ । केही समयको अन्तरालपछि अदालतमा भएको बकपत्रमा पीडित र जाहेरवालाले प्रतिवादीलाई फाइदा हुने गरी वा कुनै प्रभावसमेतमा परी आफ्नै मौकाको भनाइ खण्डन गरे पनि पीडितको स्वास्थ्य परीक्षणले वारदात स्थापित भइरहेको अवस्थामा पीडितको मौकाको भनाइलाई प्रमाणमा लिनुपर्छ भन्ने ने.का.प. २०७४ निर्णय नं.९८१२ मा सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ। पीडिता तथा उनका परिवार प्रतिवादीको घरमा ज्याला मजदुरीमा काम गर्ने व्यक्ति भएकाले उनीहरूका बिच आर्थिक असन्तुलित शक्ति संरचनासमेत रहेको देखिन्छ । यस्तो अवस्थामा पीडित पक्षलाई अन्य थुप्रै सामाजिक तथा आर्थिक तत्त्वले प्रभावित पार्नसक्ने अवस्था रहने हुँदा वस्तुनिष्ठ प्रमाणको विद्यमानता रहँदारहँदै १३ वर्षको पीडिताको जाहेरी प्रतिकूल बकपत्रलाई मात्र प्रतिवादीको निर्दोषिताको आधार मान्न सकिने अवस्था नरहने ।

प्रस्तुत मुद्दामा पीडितको शारीरिक परीक्षण प्रतिवेदन तथा मिसिल संलग्न अरू प्रमाणले पीडितको इन्कारी बकपत्रलाई खण्डन गरिसकेको अवस्था देखिनाले वारदात घटनाप्रति अनभिज्ञता प्रकट गरी भएको पीडितको त्यस्तो बकपत्रलाई विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्नु न्यायोचित देखिन आएन । यसै सन्दर्भमा यस अदालतबाट **ने.का.प. २०६९ अङ्क ८, नि.नं. ८८७८** को **जबरजस्ती करणी** मुद्दामा *"प्रतिवादीको अदालतको इन्कारी बयानको विरूद्धमा प्रमाण यथेष्ट मौजुद रहेको अवस्थामा अदालतको इन्कारी बयान मात्र निर्दोषिता साबित हुने एकमात्र आधार हुन नसक्ने, प्रतिवादीको अदालतको इन्कारी बयान, जाहेरवाला र पीडितको अदालतको Hostile बकपत्रलाई मात्र आधार लिएर अभियोग दाबीबाट सफाइ दिँदै जाने हो भने समाजमा अपराधले प्रश्रय पाउने र दण्डहीनताको स्थिति सिर्जना हुन जाने, पीडितको अदालतसमक्षको इन्कारी बकपत्रलाई स्वयं प्रतिवादीकै अदालतको बयान पीडितको शारीरिक परीक्षण प्रतिवेदन तथा मिसिल संलग्न अरू प्रमाणले खण्डन गरिसकेको अवस्था हुँदा वारदात घटनाप्रति*

*अनभिज्ञता प्रकट गरी भएको बकपत्रलाई विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्नु न्यायोचित नहुने"* भनी व्याख्यासमेत देखिने।

प्रस्तुत मुद्दामा पीडिता नाबालिकाले यी प्रतिवादीले नै जबरजस्ती गरेको भनी देखाउनु पर्नेसम्मको अन्य कारण पनि रहेको छैन। घटना घटेको समय व्यतित हुँदै जाँदा प्रतिवादीउपरको आक्रोस विस्तारै मत्थर हुँदै जाने, प्रतिवादी र पीडितहरू एउटै समाजमा बस्नुपर्ने, आर्थिक, सामाजिक कारण तथा कतिपय अवस्थामा पीडितलाई पर्याप्त मात्रामा सुरक्षा प्रदानसमेत गर्न नसक्दा पीडितले प्रतिकूल बकपत्र गर्न सक्छ । तर पीडितले प्रतिकूल बकपत्र गर्दैमा अपराधीलाई आपराधिक दायित्वबाट उन्मुक्ति दिन नमिल्ने भनी ने.का.प. २०७५ अंक ११, निर्णय नं. १०१३२ मा व्याख्या गरेको देखिने।

पीडितालाई जबरजस्ती करणी गर्ने यिनै प्रतिवादी हुन् भनी निज प्रतिवादीउपरको किटानी जाहेरी र मौकामा भएको घटनास्थल प्रकृति मुचुल्का, बुझिएका मानिसहरूको कथन, पीडिताले मौकामा गरेको बयान बेहोरा तथा सर्जमिन मुचुल्का बेहोराबाट प्रमाणसहित पुष्टि भइरहेको अवस्थामा जाहेरवाला तथा बुझिएका मानिसहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दा मौकाको बेहोरालाई खण्डित हुने गरी घटना नभएको भनी लेखाएको भए पनि घटना भएको धेरै समयपछि आएर विभिन्न कारणबाट मौकाको बेहोरा विपरीत हुने गरी Hostile भई बकपत्र गरेको अवस्थामा सोही आधारले मात्र पीडित नाबालिकालाई जबरजस्ती करणी गर्ने कसुर अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउन सक्ने अवस्था नआउने।

यसरी प्रतिवादी देवेन्द्र राय यादवलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई सुरू रौतहट जिल्ला अदालतबाट २०७१।०२।१९ मा भएको फैसला उल्टी गरी निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. तथा ३ (२) नं. को कसुर अपराधमा सोही महलको ३(२) नं. बमोजिम ८(आठ) वर्ष कैद र सोही ऐनको १० नं. बमोजिम रू. ५,०००।- (पाँच हजार रूपैयाँ) मात्र यी प्रतिवादीबाट पीडिताले क्षतिपूर्ति भराई पाउने ठहऱ्याई भएको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने देखिन नआउने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७१-CR-१४९६, डाँका, *नेपाल सरकार वि. नेसार अली मिया ठकुराई*

नकबजनी चोरीको कसुरमा साधारण चोरी गर्दा हुने सजायमा डेढो बढाई सजाय गर्नुपर्ने देखिएको र जाहेरवालाको होटल घरको पाँचौं तलाको प्रवेश गर्ने ढोकाको ताला तोडिएको, सोही तलाको कोठाभित्रको काठको दराजको चाबी तोडी सोभित्र रहेका सामान निकाली लगी, सुनचाँदी गरगहना राख्ने बट्टा, भाँडाहरू यत्रतत्र छरिएको, दराज छेउमा सलाई रेन्च एक थान र ढोकाको ह्यान्डिल एक थान रहेको भन्ने तथ्य घटनास्थल मुचुल्काबाट समेत देखिएको अवस्थामा प्रस्तुत वारदात नकबजनी चोरीअन्तर्गत पर्ने नै देखिने।

प्रतिवादी नेसार अली मिया ठकुराईले पुनरावेदन अदालत हेटौंडाबाट बिगो रू.१,०७,७२०।८० नकबजनी चोरीको कसुर ठहर गरेतर्फ पुनरावेदन नगरेकाले त्यसतर्फ बोली रहनु पर्ने देखिएन । वादी नेपाल सरकारको तर्फबाट प्रतिवादीलाई दोस्रो पटकको दाबी भएकोमा बारा जिल्ला अदालतमा दायर भएको जबरजस्ती करणी र डाँका मुद्दा फैसला नहुँदै यो मुद्दामा पहिलो पटक कायम गरी बिगो घटाई भएको पुनरावेदन अदालत हेटौंडाको

फैसला त्रुटिपूर्ण रहेको भन्ने जिकिरका सम्बन्धमा विचार गर्दा वादी पुनरावेदकले यी प्रतिवादीउपर बारा जिल्ला अदालतमा दायर भएको जबरजस्ती करणी र डाँका मुद्दामा पहिलो पटक ठहर भएको भन्ने पुनरावेदनमा उल्लेख गर्न नसकेकाले पहिलो पटक चोरी गरेको ठहर भएको प्रमाणबेगर दोस्रो पटक कायम हुनुपर्ने भन्ने तर्क मनासिब देखिन आउँदैन। जहाँसम्म जाहेरी दरखास्तमा उल्लेख भएको बिगो कम ठहर गर्ने गरेको भन्ने पुनरावेदन जिकिर रहेकोमा जाहेरीमा उल्लेख भएकै धनमाल चोरी भएको भन्ने तथ्य वस्तुनिष्ठ आधारमा प्रमाणित नभएसम्म जाहेरीकै बिगो चोरी भएको भनी ठहर गर्न न्यायसम्मत नहुने।

प्रस्तुत मुद्दाका प्रतिवादीले जाहेरवालाको होटल घरको कोठाको ढोका फोरी सो कोठामा प्रवेश गरी चोरी गरेको देखिँदा निज प्रतिवादीले चोरीको महलको ३ नं. मा उल्लेख भएबमोजिम नकबजनीको रीतले चोरी गरेको देखिन आएकाले डाँका वारदात ठहर्‍याएको हदसम्म सुरू फैसला केही उल्टी हुने ठहर्‍याई प्रतिवादी नेसार अली मियाले बिगो रू.१,०७,७२०।८० को धनमाल पहिलो पटक नकबजनी चोरीको कसुर ठहर्‍याएको पुनरावेदन अदालत तुलसीपुरको फैसला न्यायको रोहमा मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अतः उल्लिखित कानूनी व्यवस्थालगायत मिसिल संलग्न प्रमाणहरूसमेतबाट यी प्रतिवादी नेसार अली मिया ठकुराईले नकबजनी चोरीको कसुर गरेको देखिँदा मुलुकी ऐन, चोरीको महलको १४(१) बमोजिम डेढ महिना कैद र बिगो रू.१,०७,७२०।८० को डेढी रू.१,६१,५८१।२० जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१०।२७ को फैसला सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-१०१५, उत्प्रेषण / परमादेश, *हेमसागर बराल वि. चितवन जिल्ला अदालत, चितवनसमेत*

निवेदक धनगढी नगरपालिका वडा नं. ८ बाट मिति २०६२।१०।२२ मा बसाई सरी काठमाडौं महानगरपालिका वडा नं. २ मा बसोवास गरेको भन्ने धनगढी नगरपालिकाको मिति २०६३।८।२७ को बसाइँसराई दर्ता प्रमाणपत्रबाट देखिएको छ । निवेदकले पेस गरेको बसाइँसराइको दर्ता प्रमाणपत्रलाई प्रत्यर्थीतर्फबाट अन्यथा भन्न सकेको पनि देखिएन। निवेदक जालसाजीको फिराद दायर हुनु तथा सो मुद्दामा म्याद जारी हुनु धेरैअघि मिति २०६२।१०।२२ मा धनगढी नगरपालिका वडा नं. ८ बाट बसाई सरी काठमाडौं महानगरपालिका वडा नं. २ मा बसोवास गरेको देखिँदा निवेदकको स्थायी वतन काठमाडौं महानगरपालिका वडा नं. २ लाई मान्नु पर्ने देखियो। यसरी बसाई सरी गएको साबिकको वतनमा तामेल गरिएको म्याद र सोही वतन देखाई मिति २०६९।७।२४ मा गोरखापत्रमा प्रकाशित सूचना मुलुकी ऐन अ.बं.११० नं.को प्रतिकूल देखिँदा रीतपूर्वकको मान्न नसकिने।

कसैको हक अधिकारमा आघात पर्ने विषय होस वा सजाय गर्ने विषय होस दुवै अवस्थामा उचित र पर्याप्त सुनुवाइको मौका प्रदान नगरी गरिएको कारबाहीले कानूनी वैधता प्राप्त गर्न सक्दैन । न्याय सम्पादन गर्ने निकायले आफ्नो न्यायिक कारबाहीको क्रममा प्राकृतिक न्यायको सिद्धान्तलाई न्यायको सारभूत आवश्यकता सम्झी सधैँ पालना र प्रयोग

गर्नपर्ने हुन्छ । प्राकृतिक न्यायको सिद्धान्त पूर्वाग्रह प्रेरित कारबाही विरूद्धको रक्षाकवज भएकोले निष्पक्ष न्याय सम्पादन गर्ने निकायले यसलाई उपेक्षा गर्न सक्दैन । त्यसैले प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको कामकारबाही कानूनी मान्यता प्राप्त गर्न सक्ने नदेखिने ।

निवेदकको मिति २०६२।१०।२२ मा नै बसाई सरी गई बसोवास गरेको वास्तविक ठेगानाभन्दा बाहेकको वतनमा मुलुकी ऐन अ.बं.११०नं.को कानूनी व्यवस्थाको विपरीत जारी भएको म्याद र प्रकाशित सूचना बेरितको देखियो । बेरितसँग तामेल भएको म्यादको आधारमा भएका फैसला कानूनसम्मत मान्न नमिल्ने हुँदा ०६८-CR-०१६८ को जालसाजी मुद्दामा निवेदकको नाममा मिति २०६८।९।५ र ०६९।३।२४ मा जारी भएको म्याद र मिति २०६९।७।२४ मा गोरखापत्रमा प्रकाशित सूचना तथा चितवन जिल्ला अदालतको मिति २०६९।१२।१८ को फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने ।

निवेदकले उक्त मुद्दामा प्रतिवाद गर्न पाउँ भनी माग गरेको सन्दर्भमा निजलाई प्रतिवाद गर्ने मौका प्रदान गरी निजको कुरासमेत सुनी निर्णय गर्नु नै कानूनसम्मत र न्यायपूर्ण हुने भएकोले रिट निवेदकको वास्तविक वतनमा म्याद जारी गरी प्रतिवाद गर्ने मौका दिई जे जो बुझ्नुपर्ने हो सो प्रमाण बुझी निर्णय गर्नु भनी चितवन जिल्ला अदालतको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल मंसिर ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०५३४, उत्प्रेषण / परमादेश, *अमरबहादुर राना वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत*

निवेदकको मिति २०७२।३।२३ मा पदस्थापन हुँदा अ.हे.व. बाट नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को ९ख अनुसार सि.अ.हे.व. अधिकृत पद छैठौं तह उल्लेख गरी पदस्थापन भएको देखिन्छ । निवेदकलाई मिति २०७३।७।२९ मा सरूवा गर्दा निजलाई सि.अ.हे.व. छैठौं तह भनी उल्लेख गरी सरूवा गरेको देखिन्छ । सो सरूवामा उल्लेख भएको पदनामले आफू कार्यरत रहेको पदभन्दा तल्लो तहमा सरूवा गरेको भनी सो बदर गरिपाउँ भनी माग गरेकोमा निवेदकले प्राप्त गरेको पत्रमा उल्लिखित बेहोरामा सि.अ.हे.व. छैठौं भनी उल्लेख भई **'अधिकृत'** भन्ने शब्दसम्म छुट भएको देखिन्छ । नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ को हेल्थ इन्स्पेक्सन समूहमा भएको व्यवस्थाले छैठौं तहलाई अधिकृत मानेको देखिन्छ । अधिकृत शब्दसम्म छुट भएको कारणले निवेदकलाई तल्लो तहमा सरूवा गरेको भनी मान्न सक्ने अवस्था नदेखिने ।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(३) मा *"कर्मचारीलाई अति दुर्गम क्षेत्रमा कम्तीमा एक वर्ष वा दुर्गम क्षेत्रमा कम्तीमा दुई वर्ष पूरा नभई सामान्यतया सरूवा गरिने छैन"* भन्ने व्यवस्था भएअनुसार निवेदकलाई मिति २०७१।११।१३ को निर्णयले पदस्थापन गरी मिति २०७३।७।२९ को निर्णयबाट सरूवा गरिएको हुँदा निवेदकको हकमा उक्त अवस्था व्यतित भइसकेको हुँदा ऐ.ऐनको दफा २१(१) बमोजिम कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रको अनुभव दिलाउन सरूवा गरिने भन्ने उल्लेख भएअनुसार निवेदक साबिक कार्यालयमा साबिककै जिम्मेवारीमा निरन्तर कार्यरत रहेकाले मध्यपश्चिमाञ्चल क्षेत्रीय तालिम केन्द्र सुर्खेतमा सरूवा गरिएको देखिने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट

निवेदकलाई स्वास्थ्य सेवा विभागबाट नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१क. ले तोकेको समयतालिकाबमोजिम नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(३) को व्यवस्थाअनुसार अघि गरिरहेको र अब गर्ने काम र जिम्मेवारीमा कुनै फरक नपारी समान तहमा नै सरूवा भएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री प्रकाशमान सिंह राउत**, ०६८-CI-१०४६, करारबमोजिम गराई पाऊँ, *पार्वती थापा वि. रामशरण बस्नेत*

वादीले दाबी गरेको जग्गा अचल सम्पत्ति हुँदा करार ऐन, २०५६ को दफा ४०(१) को स्पष्टीकरणको व्यवस्था तथा दफा ८८ बमोजिम सम्बन्धित कार्यालयमा रजिस्ट्रेसन गर्नुपर्ने सम्पत्ति भएकोले वादी प्रतिवादीबिच जग्गा खरिद बिक्री गर्ने सम्बन्धमा भएको करारबमोजिम वादीलाई प्रतिवादीबाट दाबीको जग्गा पारित गराई दिन मिल्ने देखिएन। करारबमोजिम जग्गा पारित गराई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने।

वादीले फिरादमा बैना रकम फिर्ताको दाबी नलिई जग्गा नै पारित गराई लिने दाबी लिएको अवस्था छ। जग्गा पारित हुन नसके बैना रकम भराइ पाउँ भन्ने वैकल्पिक दाबीसमेत वादीको रहेको देखिन आएन। बैना रकम रू.४,००,०००।- भरी भराउको लागि वादीले नालेस गरेका बखत विचार हुने गरी वादीको पुनरावेदन जिकिर नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिँदा सदर हुने।

अत: उल्लिखित कानूनी व्यवस्था एवं मिसिल संलग्न प्रमाणहरूको विवेचनासमेतका आधारमा करारबमोजिम जग्गा पारित गराई पाउँ भन्ने पुनरावेदक वादीको वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी र बैना रकम भराउने सम्बन्धमा काठमाडौं जिल्ला अदालतको फैसला उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६८/७/२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादेवी महर्जन

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७५ साल वैशाख ३१ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७२-WO-०८०९, उत्प्रेषण / परमादेश, *ईश्वरप्रसाद पोख्रेल वि. अर्थ मन्त्रालय, सिंहदरबारसमेत*

निवेदक १५ वर्षभन्दा बढी अवधिसम्म निजामती सेवारत रहेको देखिएको, निलम्बन फुकुवा भइसकेपछि कुनै पनि कर्मचारी पूर्ववत् अवस्थामा आई जिम्मेवारी पाउने हुँदा निलम्बन मै परेको आधारबाट निलम्बन फुकुवा हुँदासमेत कानूनले स्पष्ट निर्देशन गरेको व्यवस्थालाई आफूअनुकूल व्याख्या र विवेचना गर्न खोज्नु प्राकृतिक न्यायको सिद्धान्त तथा न्यायिक विधिशास्त्रीय दृष्टिकोणसमेतबाट उपयुक्त देखिन आउँदैन। साधिकार निकायबाट लागेको कसुरबाट सफाइ पाउने ठहऱ्याई फैसला भई अन्तिम भएको अवस्थामा कुनै पनि बहाना एवम् कोणबाट लामो समयसम्म सेवारत रहेका राष्ट्रसेवकलाई कानूनले निर्धारित गरेबमोजिमका सेवा सुविधा उपलब्ध गराउनु राज्यका निकायको दायित्व नै हुन आउँछ। यस्तो कार्यबाट कुनै पनि जिम्मेवार निकाय पन्छिन

मिल्ने नदेखिँदा निजामती सेवा ऐन, २०४९ को दफा २०क(१) को सुविधाबाट निवेदकलाई वन्चित गर्नु मनासिब देखिन नआउने ।

तसर्थ विवेचित आधार, कारण र प्रमाणबाट निवदेक ईश्वरप्रसाद पोख्रेललाई निजामती सेवा ऐन, २०४९ को दफा २०क को बढुवासम्बन्धी व्यवस्था आकर्षित नहुने भनी नेपाल सरकार अर्थ मन्त्रालयको सचिवस्तरको २०७२/९/१९ मा भएको निर्णयअनुसार च.नं. १८८६ मिति २०७२/१२/१० मा निजामती किताबखानालाई पठाएको पत्र त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब यी निवेदक ईश्वरप्रसाद पोख्रेललाई निजामती सेवा ऐन, २०४९ को दफा २०क बमोजिम एक तहमाथिको रा.प. प्रथम श्रेणीको सहसचिव पदमा बढुवा भएको मानी तदनुसार निजले पाउने सेवा सुविधा उपलब्ध गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः मनिराम ज्ञवाली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल मंसिर १९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-००८६, सरकारी छाप दस्तखत किर्ते, *कृष्णकुमार मोक्तान वि. नेपाल सरकार*

प्रतिवादी कृष्ण लामा भन्ने कृष्णकुमार मोक्तानलाई सहअभियुक्त रामप्रसाद कुर्मीले गरेको पोलको आधारमा अभियुक्त बनाई मुद्दा दायर भएको देखिन्छ । सहअभियुक्त रामप्रसाद कुर्मीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा बरामदित स्टिकरहरू कृष्ण लामाले ल्याउन भनी ल्याएको हो कहाँबाट ल्याई राखेको हो मलाई थाहा भएन भनी उल्लेख गरेको देखिन्छ । निजले अदालतसमक्ष आई बयान गर्दा उक्त मितिमा भारतको बढनीबाट फर्की आउँदा भन्सार बेरियलमा सशस्त्र प्रहरीले चेकजाँच गर्ने क्रममा एकजना ३५ वर्षे नचिनेको कुर्ता पाइजामा लगाएको व्यक्तिले मेरो अगाडि उक्त स्टिकर फाली गएको हो मेरो सँगसाथबाट स्टिकर बरामद भएको होइन भनी उल्लेख गरेको देखिन्छ । यसरी प्रतिवादी कृष्ण लामा भन्ने कृष्णकुमार मोक्तानलाई पोल गर्ने सहअभियुक्तको बयान एकरूपता रहेको र विश्वासयोग्य रहेको देखिन नआउँदा अभियुक्तले व्यक्त गरेका कुरालाई अन्य स्वतन्त्र वस्तुनिष्ठ प्रमाणले पुष्ट्याइँ नगरेसम्म उक्त कुरा प्रमाणको लागि ग्राह्य हुन नसक्ने ।

अनुसन्धानको क्रममा प्रतिवादीमध्येका रामप्रसाद कुर्मीले कृष्ण लामाले भनेबमोजिम भारतको बढनी बजारमा कपडा व्यापार गरी बस्ने गयाप्रसाद गुप्ताको पसलबाट ल्याएको भनी आफूले कसुर स्वीकार गरेको देखिन्छ । सहप्रतिवादीले पोल गरेका गयाप्रसाद गुप्तालाई बुझेकोसम्म मिसिलसंलग्न कागजातबाट देखिँदैन । निज प्रतिवादी कृष्णकुमार मोक्तानले बरामदित स्टिकर ल्याउ भनी ल्याएका हुन् वा होइन सोतर्फ हेर्दा कृष्णकुमार मोक्तान कसुर हुँदाको अवस्थामा आफू कार्यालयमा नभई बिदामा बसेको भनी उल्लेख गरी सो कुरालाई निजका साक्षीले अदालतमा आई बकपत्र गरी पुष्टि गरेको देखिन्छ । सहप्रतिवादीले गरेको पोललाई अभियोजन पक्षले स्वतन्त्र प्रमाण कागजद्वारा पुष्टि हुन नसकेको अवस्थामा केवल सहअभियुक्तको पोललाई मात्र आधार बनाई फौजदारी कसुरमा सजाय गर्न नमिल्ने हुँदा प्रतिवादीमध्येका कृष्णकुमार लामालाई कसुरदार कायम गर्ने गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेको देखिन नआउने ।

तसर्थ माथि विवेचित आधार, कारण र प्रमाणबाट पुनरावेदन अदालत बुटवलबाट यी पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम

सजाय गर्ने गरेको मिति २०६९/११/२० को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी कृष्णकुमार मोक्तानले सफाइ पाउने।

इजलास अधिकृतः मनिराम ज्ञवाली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल मंसिर १७ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०७०-CI-०१७३, खिचोला, *गुणाधीश राजभण्डारी वि. प्रभाकर नरसिंह राणा*

कि.नं. ३५१ को जग्गाको वादीले मोहियानी हकको प्रमाणपत्र प्राप्त गरिसकेको देखिँदा उक्त जग्गामा प्रतिवादीले लगाएको प्रतिउत्तर जिकिरबमोजिम एकलौटी हकभोगको जग्गा भन्न मिल्ने अवस्था नदेखिने।

सुरू अदालतबाट भई आएको मिति २०६८।९।२२ को नक्सा मुचुल्काको न.नं.५ को कि.नं.८३८ को जग्गामा यी वादीको भोग रहेको देखिन्छ । न.नं.८ को कि.नं.३५१ को जग्गा प्रतिवादीको नाउँमा रहेको देखिएको र प्रतिवादीले उक्त जग्गामा चारैतिरबाट पर्खाल लगाएको देखिन्छ । मोहियानी हकको सिद्धान्तबमोजिम उक्त जग्गामा स्वतन्त्ररूपले सम्बन्धित मोहीले हकभोग गर्न पाउनुपर्ने देखिन्छ । कानूनीरूपमा मोहियानी हकको प्रमाणपत्र प्राप्त गरिसकेपछि विना आधार र कारण मोहीलाई जग्गा कमोद गर्नबाट वञ्चित गर्नु न्यायोचितसमेत देखिँदैन । यी वादीले बाली धरौटीबापत भूमिसुधार कार्यालय, काठमाडौंसमक्ष बाली धरौटी राखेको देखिएको तर मोहीले भोगचलन गर्नुपर्ने जग्गालाई भोग गर्नबाट रोक्ने मनसायले चारैतर्फबाट पर्खाल लगाई मोहीलाई भोगचलन गर्नबाट वञ्चित गर्नु भूमिसम्बन्धी ऐन, २०२१ को मर्मविपरीत देखिँदा वादी दाबी नपुग्ने ठहर गरी भएको पुनरावेदन अदालत पाटनको फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेको देखिन नआउने।

तसर्थ विवेचित आधार, कारण र प्रमाणहरूबाट कि.नं. ३५१ को जग्गामा वादी मोही कायम भएको देखिएकोले मोहीको हैसियतले जग्गा कमोद गर्नको लागि प्रतिवादीले बाटो नै ब्लक गरेको कुरा कानूनसङ्गत नदेखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७०।२।१९ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई उक्त जग्गामा भोग गर्नको निम्ति बाटोमा परेको पर्खालसम्म प्रतिवादीले खिचोला गरेको ठहर्ने।

इजलास अधिकृतः मनिराम ज्ञवाली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल मङ्सिर २० गते रोज ५ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७५-CR-१२६७, भ्रष्टाचार (घुस / रिसवत), *नेपाल सरकार वि. भाग्यनारायण झा*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा मलाई फसाउने उद्देश्यले नगरेको कामलाई गलत ढंगले समाचार प्रसारण गरी मेरो चरित्र हत्या गर्न खोजेको, मैले दिएको जवाफलाई तोडमोड तथा काटछाट गरी अनलाइन प्रचार प्रसार गरेको, मेरो साथबाट कुनै चिजवस्तु वा रकम बरामद नभएको, डर, त्रास र दबाबमा पारी पोलिग्राफ परीक्षण गराइएको तथा मैले कुनै सेवाग्राहीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा घुस माग नगरेको तथा नलिएकोले आरोपित कसुरबाट फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ। वादी पक्षका साक्षीको रूपमा रहेका अनुसन्धानको क्रममा कागज गर्ने रामभरोस मण्डलले प्रतिवादीले गरेको काम

सुनेको आधारमा भनेको हुँ । निजले पैसाको लेनदेन तथा भ्रष्टाचार गरेका छैनन् भनी लेखाएको पाइन्छ भने अर्का साक्षी अमरकुमार यादवले अनुसन्धानको कागजको बेहोरा मेरो होइन, अख्तियारका सरहरूले भनेबमोजिम लेखेको हुँ भनी अदालतमा बकपत्र गर्दा प्रतिकूल बकपत्र गरेको देखिन्छ । यस दृष्टिकोणबाट अनुसन्धानको क्रममा भएका यी कागजहरूमा लेखाइएका कथनलाई विश्वसनीय प्रमाणको रूपमा लिन मिल्ने देखिएन । टेलिभिजनमा प्रसार गरिएको समाचारको आधारबाट कोही कसैलाई भ्रष्टाचारजन्य कसुरमा कसुरदार ठहऱ्याउन मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दामा न्युज ट्वान्टी फोर नेपाल नामक टेलिभिजनद्वारा प्रसारित "सिधा कुरा जनतासँग" भन्ने कार्यक्रमको १३३ औं श्रृखलाको युट्युब रेकर्डलाई उजुरीको रूपमा दर्ता गरी अनुसन्धान तहकिकातको कारबाही प्रारम्भ भई सोही आधारमा निज प्रतिवादीले सेवाग्राहीहरूको काम गरेबापत घुस / रिसवत लिएको, भ्रष्टाचार गरेको कुरा निर्विवाद रूपमा प्रमाणित भएको देखिँदैन । कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । सो अभियोग वस्तुनिष्ठ प्रमाणद्वारा प्रमाणित पनि हुनुपर्दछ । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहेको हुन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीले आरोपित कसुर गरेकै हुन् भनी शंकारहित तथा तथ्ययुक्त सबुद प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिन आएन । शंका र अनुमानको भरमा मोबाइलमा आएको एस.एम.एस. लाई मात्र आधार मानी प्रतिवादीलाई सजाय गरिनु प्रचलित फौजदारी न्यायको सिद्धान्तसमेतको विपरीत हुने हुन्छ । प्रतिवादी भाग्यनारायण झाले आरोपित कसुरमा के कति रकम लिएको हो भन्ने कुरा नै बरामद हुन नसकेको अवस्थामा सेवाग्राहीको कामको जानकारी गराउने एस.एम.एस.लाई आधार बनाएर प्रचार प्रसार गरिएको समाचारको तथ्ययुक्त प्रमाण शंकारिहत ठोस सबुद प्रमाणबाट पुष्टि भएको नदेखिएको भनी आरोपित कसुरमा प्रतिवादीलाई सफाइ दिने ठहर गरेको विशेष अदालतको फैसलामा अन्यथा भयो भनी भन्न सक्ने अवस्था नदेखिने ।

तसर्थ, विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत प्रतिवादी भाग्यनारायण झाले सेवाग्राहीबाट के कति रकम लिएको हो भन्ने कुरा नै स्थापित हुन नसकेको अवस्थामा सेवाग्राहीको कामको जानकारी गराएको एस.एम.एस. लाई आधार बनाएर प्रचार प्रसार गरिएको समाचारको भरमा आरोप दाबीबमोजिमको कसुर गरेको ठहर गर्न नमिल्ने भनी प्रतिवादी भाग्यनारायण झाले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७५।३।३१ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामानन्दप्रसाद अधिकारी
कम्प्युटर : हर्कमाया राई
इति संवत् २०७६ साल कार्तिक १९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७२-WO-०३५९, परमादेश, *योगेन्द्रप्रसाद गर्तौला वि. सञ्चालक समिति, श्री नारायण बहुमुखी क्याम्पस, इश्वरपुर नगरपालिका वडा नं.६, सर्लाहीसमेत*

रिट निवेदक २०७२ साल भाद्रदेखि क्याम्पसमा उपस्थित भई प्राध्यापन नगराएको अवधि २०७२ भाद्रदेखि कार्तिक मसान्तसम्मको तलब सुविधाको रकमसमेत माग गरेको देखियो । प्रस्तुत रिट निवेदन दिनुअघि नै निजले २०७२ साल कार्तिक अन्तिमसम्मको तलब र सञ्चित बिदाको रकम पाउँ भन्नेसमेत बेहोराको निवेदन क्याम्पस प्रमुखसमक्ष दिएकोमा २०७१ साल माघदेखि २०७२ साल

साउनसम्मको पूर्णकालीन तलब, अतिरिक्त घन्टी र सञ्चित बिदासमेत जम्मा रू.२,६२,६५८।- मात्र यी रिट निवेदक योगेन्द्रप्रसाद गर्तौलाले लिन बाँकी रकम भनी क्याम्पस प्रमुख खेमबहादुर श्रेष्ठले सोही मिति २०७२।७।१२ मा निजलाई कागज गरिदिएको भन्ने रिट निवेदन तथा सोसाथ संलग्न क्याम्पस प्रमुखले गरिदिएको लिखतबाट देखिन्छ । क्याम्पस प्रमुखले यी रिट निवेदकलाई २०७१ साल माघदेखि २०७२ साल साउनसम्मको रकम मात्र लिन बाँकी रहेको भनी उक्त मिति २०७२।७।१२ मा गरिदिएको लिखतलाई समेत प्रस्तुत रिट निवेदनमा कुनै चुनौती दिन सकेको नपाइने ।

रिट निवेदकको करारको अवधि २०७२ साल कार्तिक मसान्तसम्म रहेको भए तापनि निज २०७२ भाद्रदेखि बिनासूचना क्याम्पस अनुपस्थित भई आफूले गर्नुपर्ने अध्यापनको कार्यसमेत नगरेबाट उक्त काम नगरेको अवधिको तलब तथा अन्य सुविधासमेत प्राप्त गर्न सक्ने देखिएन । नियुक्ति पाउनेले नियुक्ति पाएको अवधिमा कानूनबमोजिम बिदा हुने र बिदा पाउने दिनबाहेक आफूखुसी अनुपस्थित भई काम नगरेको अवधिको तलब, भत्तालगायतको सुविधा प्राप्त गर्न सक्ने अवस्था नहुने ।

यसबाट रिट निवेदकले आफूले काम नै नगरेको अवधिसमेत निवेदनको विवरण खण्ड (ख) मा उल्लेख गरी रकम माग गरे तापनि सो काम नै नगरेको अवधिको रकम यी रिट निवेदकले पाउन सक्ने देखिएन । तर यी रिट निवेदकले रिट निवेदन विवरण खण्ड (क) मा उल्लिखित २०७१ साल माघदेखि २०७२ साल श्रावणसम्मको रकम पाउन बाँकी नै रहेको भन्ने निजले रिट निवेदनको साथ पेस गरेको क्याम्पस प्रमुख श्री खेमबहादुर श्रेष्ठले मिति २०७२।७।१२ मा रकम लिन बाँकी रहेको भनी गरिदिएको लिखतबाट देखिन्छ भने विपक्षीहरूले आफ्नो लिखित जवाफमा समेत रिट निवेदन विवरण खण्ड (क) मा उल्लिखित रकमहरू दिन बाँकी रहेको स्वीकारी सो रकम दिनसमेत मन्जुर गरेको पाइन्छ । यसरी कामकाज गरेको अवधिको तलब, भत्तालगायतको सुविधा सम्बन्धित व्यक्तिले पाउने नै हुन्छ । त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ३९(२) को तलब, भत्ताको भुक्तानीसम्बन्धी व्यवस्थामा कुनै पनि शिक्षक र कर्मचारीले पकाएको तलब, भत्ता जुनसुकै बेहोराबाट सेवामा नरहेमा पनि पाउनेछ भन्ने व्यवस्था रहेको पाइन्छ । यसरी कानूनबमोजिम नियुक्ति पाएको व्यक्तिलाई सो नियुक्ति अवधिभरको कानूनबमोजिम काम गरेबापत पाउनुपर्ने पारिश्रमिक तथा अन्य सुविधाबाट वञ्चित गर्न मिल्दैन र आफूअन्तर्गत कार्यरत रहेका व्यक्तिहरूलाई उनीहरूले प्राप्त गर्ने पारिश्रमिक यथोचित समयमा अविलम्ब भुक्तानी नगर्नु न्यायोचित कार्य पनि होइन । तर नियुक्ति पाएकै आधारमा काम नगरेको अवधिको तलब, भत्तालगायतको अन्य सुविधा स्वतः प्राप्त हुन्छ भनी मान्न पनि नमिल्ने ।

यसरी रिट निवेदक योगेन्द्रप्रसाद गर्तौलाले मिति २०७१ साल माघ महिनादेखि २०७२ साउन महिनासम्मको काम गरेबापतको पारिश्रमिक तथा अन्य सुविधा रिट निवेदक प्राप्त गर्ने कुरामा विवाद देखिएन । तर निवेदकले माग गरेबमोजिमको अनुपस्थित समयावधिको तलब, भत्तालगायतका अन्य सुविधा भने निजले पाउने अवस्था देखिन नआउने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट रिट निवेदकले रिट निवेदनको खण्ड (क) मा माग गरेबमोजिम निजले काम गरेको अवधि २०७१ साल माघदेखि २०७२ साल श्रावण महिनासम्मको तलब, सञ्चित बिदा, भत्तासमेतको जम्मा रकम रू.२,६२,६५८।- (दुई लाख बैसट्ठी हजार छ सय

अन्ठाउन्न रूपैयाँ) रिट निवेदकलाई उपलब्ध गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७६ साल वैशाख १० गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-WH-०००९, बन्दीप्रत्यक्षीकरण, *लालबहादुर वलीको हकमा विनोदकुमार वली वि. नेपाल सरकार गृह मन्त्रालयसमेत*

निवेदक लालबहादुर वली मिति २०७६।४।१२ गतेदेखि विपक्षी जिल्ला प्रहरी कार्यालय, प्युठानको हिरासतमा रहेको तथ्यमा कुनै विवाद देखिँदैन । यी निवेदकलाई मिति २०७६।०१।०६ मा जिल्ला प्रहरी कार्यालय, दाङका प्रहरीद्वारा पक्राउ गरिएको कार्यउपर यस अदालतमा ०७५-WH-०१६९ नं. को बन्दीप्रत्यक्षीकरणको निवेदन दायर भएकोमा मिति २०७६।२।२४ मा निवेदकलाई थुनामुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको र दाङ जिल्ला अदालत परिसरबाटै पुनः पक्राउ गरी रोल्पामा लगि थुनामा राखिएउपर पुनः यस अदालतमा परेको ०७५-WH-०२१६ नं. को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालतबाट मिति २०७६।०४।१० गते गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको तथ्य निवेदकले उल्लेख गरेको देखिन्छ। निवेदकलाई मिति २०७६।०४।१० गते अन्दाजी साँझ ६:०० बजेको समयमा रोल्पा जिल्ला अदालतको परिसरबाटै पुनः पक्राउ गरी विपक्षी जिल्ला प्रहरी कार्यालय, प्युठान लगी निरन्तर थुनामा राखिएको भन्ने निवेदन दाबीलाई विपक्षीहरूबाट ठोस आधार प्रमाण पेस गरी खण्डन गर्न सकेको पनि नदेखिने।

निवेदकलाई पछिल्लो पटकको राखिएको थुनाका सन्दर्भमा हेर्दा मिति २०७६।४।१० मा मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको सार्वजनिक हित र नैतिकता विरूद्धको कसुर गरी रहेको अवस्थामा जरूरी पक्राउपुर्जी जारी गरी पक्राउ गरी जिल्ला प्रशासन कार्यालयबाट जरूरी पक्राउपुर्जीको स्वीकृति लिई उक्त मुद्दाको अनुसन्धानको निम्ति सोही मितिमा निवेदकलाई १० दिन हिरासतमा राख्न विपक्षी जिल्ला प्रशासन कार्यालय, प्युठानबाट अनुमति लिएको भन्ने देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) बमोजिम कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबुद नष्ट गर्ने मनासिब कारण भएमा जरूरी पक्राउ पुर्जी जारी हुन सक्ने नै देखिन्छ। तथापि प्रस्तुत मुद्दामा निवेदकले वारदातस्थलमा को कस्का विरूद्ध के कुन कसुरजन्य कार्य गरी अभद्र व्यहार गरेका थिए र निजलाई तत्काल पक्राउ नगर्दा भागी जाने वा के कस्तो दशी वा सबुद नष्ट गर्ने सम्भावना थियो भन्ने बारेमा मिसिल संलग्न **जरूरी पक्राउ पुर्जी स्वीकृतिसम्बन्धी जिल्ला प्रहरी कार्यालय, प्युठानको पत्रमा** कुनै पनि कुरा खुल्न सकेको नदेखिने।

त्यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ मा पक्राउ परेको व्यक्तिलाई २४ घण्टाभन्दा बढी समय हिरासतमा राख्न परेमा आधार र कारणसहित मुद्दा हेर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्ने र मुद्दा हेर्ने अधिकारीले पनि अनुसन्धानको कार्य सन्तोषजनक भए नभएको विचार गरेर मात्र आवश्यक देखिए हिरासतमा राख्ने आदेश दिनुपर्ने कानूनी प्रक्रिया निर्धारण गरिएको देखिन्छ । कुनै फौजदारी कानून प्रतिकूल कार्य भएको अवस्थामा आवश्यक अनुसन्धान, छानबिन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुन्छ भन्ने कुरामा विवाद छैन। अपराध नियन्त्रण गरी

समाजमा शान्ति, व्यवस्था र अमनचयन कायम गर्नु सरकारको एउटा महत्त्वपूर्ण दायित्व पनि हो । यसका लागि न्यायिक प्रक्रिया अपनाउनु र अभियुक्तलाई नियन्त्रणमा राखी अनुसन्धान, छानबिन प्रक्रिया अगाडि बढाउनु आवश्यक पनि हुन्छ । तर यसरी न्यायिक प्रक्रिया सञ्चालन गर्दा भने कानूनबमोजिमको उचित प्रक्रियाको समुचित अनुशरण गर्नु अनिवार्य हुन्छ। प्रस्तुत निवेदनको सन्दर्भमा जरूरी पक्राउ पुर्जी जारी गरी निवेदकलाई पक्रउ गर्नाको कुनै मनासिब आधार पुष्टि हुन नसकेको, जरूरी पक्राउपुर्जीको स्वीकृति र हिरासतमा राख्ने अनुमति एकैसाथ भएको पाइयो । १० दिनसम्म निवेदकलाई थप हिरासतमा राख्ने अनुमति माग गर्दा के कति अनुसन्धान कार्य सम्पन्न भइसकेको र के कति अनुसन्धान कार्य हुन बाँकी भन्ने कुरा स्पष्ट रूपमा लेखिएको देखिँदैन । त्यसैगरी जिल्ला प्रशासन कार्यालय, प्युठानबाट पनि यो यति आधार कारणबाट अनुसन्धान सन्तोषजनक रहेकोले अब यो यो अनुसन्धान कार्यका लागि म्याद थप गरिएको हो भन्ने आधार कारण उल्लेख गरी म्याद थप गरेको भन्ने कुरा विपक्षी जिल्ला प्रशासन कार्यालय, प्युठान, जिल्ला प्रहरी कार्यालय, रोल्पा र जिल्ला प्रहरी कार्यालय, प्युठानसमेतको लिखित जवाफ तथा सो संलग्न कागजातहरूबाट नदेखिने।

संविधानबमोजिम राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र दलको विचारधारा दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार प्रसार गर्ने कार्यमा प्रतिबन्ध लगाउने गरी गरिएको कुनै पनि व्यवस्था वा निर्णय संविधान प्रतिकूल मानिने भनी नेपालको संविधानको धारा २७० को उपधारा (१) मा व्यवस्था रहेको देखिन्छ। निवेदकतर्फबाट बहस गर्नु हुने कानून व्यवसायीहरूले निवेदक फरक राजनीतिक विचार र आस्था राख्ने विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको जिल्ला समितिको सदस्य भएकै नाताले विपक्षीहरूले पटकपटक गैरकानूनी रूपमा पक्राउ गर्दै निरन्तर हिरासतमा राखेको भन्ने जिकिर प्रस्तुत गर्नुभएको सन्दर्भमा निवेदकलाई यसअघि पनि पटकपटक पक्राउ गरिएउपर परेका फरकफरक बन्दी प्रत्यक्षीकरणका निवेदनमा यस अदालतबाट मिति २०७६।२।२४ र २०७६।४।१० मा निवेदकलाई थुना मुक्त गर्न आदेश जारी भइसकेको पृष्ठभूमिलाई नजरअन्दाज गर्न मिल्ने पनि नदेखिने।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) मा बदनियत, प्रवृत्त भावना लिई, कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखिएको देखिएमा अदालतले बन्दीलाई छोड्ने आदेश दिन सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत रिट निवेदनमा निवेदकको नाममा पटकपटक यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई बन्दीलाई थुनामुक्त गर्नासाथ तत्कालै अदालतको परिसर नजिकबाटै पक्राउ गरी निरन्तर थुनामा राख्ने कार्यलाई विपक्षीहरूले जारी राखेको देखिँदा केवल एउटा कुनै कसुरको नामसम्म उल्लेख गरी कागजी औपचारिकतासम्म पूरा गरेको देखाई निवेदकलाई हिरासतमा राख्ने कार्यलाई अदालतको आदेशको पालना गर्नमा वाञ्छित संवेदनशीलता नअपनाएको र निवेदकउपर प्रवृत्त धारणा राखी संविधान एवं कानूनविपरीत बन्दी बनाउने कार्य गरेको मान्नुपर्ने देखिने।

अतः वस्तुनिष्ठ आधार र कारणबिना निवेदक लालबहादुर वलीलाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने काम कानूनसम्मत नभई गैरकानूनी रूपमा थुनामा राखेको देखिन आएकोले निवेदकको मागअनुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीहरूका नाममा

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।
इजलास अधिकृत : भगवती शर्मा ढुङ्गाना
कम्प्युटर : हर्क माया राई
इति संवत् २०७६ साल श्रावण २६ गते रोज १ शुभम्।

- यसै प्रकृतिका ०७६-WH-००१०, बन्दीप्रत्यक्षीकरण र ०७६-WH-००११, बन्दीप्रत्यक्षीकरणमा समेत बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहरी फैसला भएको छ।

## इजलास नं. ६

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०६८-CI-०६७९, जग्गा खिचोला चलन, *गोसाई यादव वि. जियेश्वर यादव*

कि.नं. ४२७ को ज.वि. ०-२-१० क्षेत्रफल जग्गा वादी जियेश्वर यादवको नाममा दर्ता रहेको देखियो। यसैगरी कि.नं. ६७० को ज.वि. ०-१-८१/२ क्षेत्रफल जग्गा प्रतिवादी गोसाई यादवको नाममा दर्ता रहेको देखिन्छ । प्रस्तुत मुद्दामा सुरू अदालतबाट भएको आदेशबमोजिम मिति २०६३/११/०५ मा भई आएको नक्सा मुचुल्का हेर्दा, न.नं. ५ र ६ को जग्गा र पाइखाना भनी उल्लेख भएको जग्गा नै विवादित जग्गा देखिएको छ। न.नं. ३ मा वादीको कि.नं. ४२७ को जग्गा बिगाहा ०-२-२१/२ देखिई ज.वि. ०-०-७१/२ जग्गा कमी भएको देखिन्छ। न.नं. ९ मा प्रतिवादीको कि.नं. ६७० को ज.वि. ०-१-८३/४ जग्गा रहेको देखिएको छ। नक्सा कुण्डलीबाट न.नं. ९ मा प्रतिवादीको जग्गा पुगिरहेको अवस्था देखिएको छ । न.नं. ५ र ६ को जग्गा न.नं. ३ र ४ मा समायोजन गर्दा वादीको जग्गा पुगेको अवस्था देखिन्छ । वादीको कि.नं. ४२७ को जग्गाको उत्तरतर्फ न.नं.२ को बाटो ७२ फिट भएको नक्सा कुण्डलीबाट देखिएको अवस्था छ। न.नं. ६ को पाइखाना यी प्रतिवादीको भएको तथ्य मिसिल संलग्न नक्सा कुण्डलीबाट देखिएको छ । न.नं. ५ र ६ मा प्रतिवादीको अद्यपि भोग रहे भएको देखिएबाट न.नं. ६ मा भएको पाइखाना प्रतिवादीको नै मान्नु पर्ने।

यसरी न.नं. ५ र ६ को जग्गामा प्रतिवादीको समेत भोग भएको नक्सा कुन्डलीबाट देखिएको छ । प्रतिवादी गोसाइ यादवको कि.नं. ६७० को जग्गाधनी दर्ता प्रमाण पुर्जामा ज.वि. ०-१-८१/२ क्षेत्रफल रहेकोमा नक्सा कुण्डलीमा नक्सा नं. ९ मा ज.वि. ०-१-८३/४ जग्गा देखिई जग्गाधनी पुर्जाभन्दा बढी नै जग्गा देखिइरहेको छ । जिल्ला अदालतबाट भएको न.नं.५ र ६ को र यसै मुद्दाको लगाउमा रहेको वादी कालेश्वर यादव भएको मुद्दामा न.नं.१०, ११ र १२ को जग्गाको आधासम्म मात्र प्रतिवादीले खिचोला गरेको ठहर गरेको हुँदा उक्त जग्गाको जम्मा क्षेत्रफल ०-०-१३१/४ भई सोको आधा ६ धुर १० कन्वा जग्गा कि.नं.६७० मा थप भई प्रतिवादीको कि.नं.६७० को जग्गाको क्षेत्रफल ०-१-१५-६ हुन आउने देखिन्छ । यसप्रकार प्रतिवादीको स्रेस्ताअनुसारको क्षेत्रफल बढी नै देखिइरहेको अवस्थामा तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट प्रतिवादीले खिचोला गरेको ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरिपाउँ भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक / प्रतिवादी गोसाई यादवले कि.नं. ४२७ को दक्षिणपट्टि न.नं. ५ र ६ को पूर्वबाट पश्चिमतर्फ वादीको कि.नं. ४२७ को जग्गाको दक्षिणतर्फ खिचोला गरेको देखियो । तसर्थ यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा (अनुमति) प्रदान भएकोमा सोसँग यस इजलास सहमत हुन नसकी सुरू अदालतको आदेशानुसार भई आएको नक्सा मुचुल्कामा उल्लेख भएबमोजिम वादीको कि.नं.

४२७ को जग्गा प्रतिवादीले खिचोला गरेको ठहरी खिचोला मेटाई चलनसमेत चलाई पाउने ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६५/२/२२ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत विराटनगरबाट मिति २९६७/५/२७ मा भएको फैसला मनासिब नै देखिने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट वादीको कि.नं. ४२७ को दक्षिणतर्फ पूर्वबाट पश्चिमतर्फको जग्गा प्रतिवादीले खिचोला गरेको तथ्य नक्सा कुण्डलीबाट पुष्टि हुन आएको देखिँदा वादीको कि.नं. ४२७ को जग्गा प्रतिवादीले खिचोला गरेको ठहरी खिचोला मेटाई चलनसमेत चलाई पाउने ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६५/२/२२ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत विराटनगरबाट मिति २९६७/५/२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : लोकबहादुर हमाल
कम्प्युटर : विपिनकुमार महासेठ
इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम्।

- यसै लगाउको ०६८-CI-०६७८, जग्गा खिचोला चलन मुद्दामा समेत पुनरावेदन अदालत विराटनगरको फैसला सदर हुने ठहरी फैसला भएको छ।

## २

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०७२-CI-०२४१, अंश दपोट, *प्रेमबहादुर खड्का वि. अम्बरबहादुर खड्का*

दाबीको सम्पत्ति निजी आर्जनको हो भनी प्रतिवादीले जिकिर लिए पनि सो पुष्टि हुने प्रमाण पेस गर्न सकेको छैन। वादीको फिराद अंशबन्डाको २७ नं. बमोजिम दर्ता भएको देखिन्छ। अंशबन्डाको २७ नं. लाई हेर्दा **"दबाए छिपाएको छैन भनी कागज गरिसकेपछि दबाए छिपाएको देखियो भने त्यो धनमाल दबाउनेले पाउँदैन, नदबाउने अंशियारले ऐनबमोजिम अंश गरी खान पाउने छन्"** भन्ने उल्लेख भएको पाइन्छ। अंशबन्डाको २७ नं. आकर्षित हुन अदालतमा मुद्दा परी अंशको फाँटवारी दिँदा लुकाएको देखिनु पर्ने हुन्छ। यी वादी प्रतिवादीहरूबिचमा मालपोत कार्यालय रामेछापबाट बन्डापत्र पारित गराई आ-आफ्नो अंश लिनु दिनु गरेको देखिएको अवस्था हुँदा बन्डापत्रमा कुनै सम्पत्ति उल्लेख नगरिएकोसम्मको कारणबाट अंशबन्डाको २७ नं. को कानूनी व्यवस्थाबमोजिम प्रतिवादीले अंश दपोट गरेको भन्न मिल्दैन। पुनरावेदक / प्रतिवादी सीता सिंह मल्ल विरूद्ध वादी मन्जुकुमार सिंह मल्ल भएको अंश दपोट मुद्दा (ने.का.प. २०६७, अंक ७, नि.नं. ८४२३) मा यस अदालतबाट व्याख्या भई "अंश मुद्दा परी तायदाती फाँटवारी मागिएको अवस्था नभई वादी र प्रतिवादीहरूले बन्डापत्र खडा गरी सम्बन्धित मालपोत कार्यालयबाट पारित गराई आ–आफ्नो अंश लिनुदिनु गरेको देखिएको अवस्थामा अंशबन्डाको २७ नं. को कानूनी व्यवस्थाले अंश दपोट गरेको भन्न नमिल्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको छ। तसर्थ, अंशबन्डाको २७ नं. को कानूनी व्यवस्थाले अंश दपोट गरेको भन्न मिल्ने नदेखिने।

विवादित कि.नं.२६ तथा १०९ समेतका जग्गा वादी प्रतिवादीबिच अंशबन्डा हुँदा बन्डा लिखतमा उल्लेख भएको देखिँदैन । उल्लिखित सम्पत्ति निजी आर्जनको हो भन्ने प्रतिवादीहरूको भनाइ प्रमाणित हुने कुनै प्रमाण कागजात निजहरूले पेस गर्न सकेको पनि छैन। विवादित सम्पत्ति अंशबन्डा नै नभएको र बन्डा लाग्ने प्रकृतिको सम्पत्ति हो भन्ने देखिएको छ । प्रतिवादी मु.स. गर्ने वसिउल्लाह मिया विरूद्ध वारिस अली मियासमेत भएको अंश दपोट मुद्दा (ने.का.प. २०५६, अंक ३, नि.नं. ६६८२ पृ. १८५) मा यस अदालतबाट **"विवादित सम्पत्ति यी वादी प्रतिवादीबिच अंशबन्डा हुँदा बन्डा लिखतमा**

**उल्लेख भएको पाइँदैन । विवादित सम्पत्ति निजी आर्जनको हो भन्ने प्रतिवादीहरूको भनाइ प्रमाणित हुने कुनै प्रमाण कागजात निजहरूले पेस गर्न सकेको पनि छैन । निजी आर्जन हो भन्ने प्रतिवादीको भनाइ प्रमाणित भएको देखिन आएन । विवादित सम्पत्ति अंशबन्डा नै नभएको र बन्डा लाग्ने सम्पत्ति देखिँदा अंशबन्डाको ३५ न. मा भएको व्यवस्थाअनुसार त्यस्तो सम्पत्तिमाथि दाबी गर्न हदम्याद लाग्ने अवस्था देखिन नआउने"** भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । तसर्थ वादी दाबीको सम्पत्ति अंश लाग्ने गरी सुरू रामेछाप जिल्ला अदालतबाट मिति २०६८/११/२९ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९/०७/१५ मा भएको फैसला मनासिब नै देखिन आउने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट वादी दाबीअनुसार अंश दपोट नठहर्ने, वादी दाबीबमोजिमको कि.नं.२६ तथा १०९ का जग्गा सबै अंशियारका बिच अंशबन्डा हुने ठहऱ्याई सुरू रामेछाप जिल्ला अदालतबाट मिति २०६८/११/२९ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९/०७/१५ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : लोकबहादुर हमाल

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७४ साल फाल्गुण २७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०६९-CI-१२८६, हालैको बकसपत्र बदर, महामती देवी खड्कासमेत वि. मेघराज खड्का

प्रतिवादी महामती खड्काको वादी मेघराज खड्का छोरा भएकोमा विवाद देखिँदैन । बाबुआमा दुवै आएर प्रति ऐलानी जग्गा आवाद गरी सुकुम्बासी समस्या समाधान आयोगबाट यी महामतीले प्राप्त गरेको जग्गा जुनसुकै स्रोतबाट प्राप्त गरेको भए पनि सन्तानको लागि पैतृक सम्पत्ति नै मान्नुपर्ने हुँदा आफ्नो परिश्रमबाट कमाएको सम्पत्ति बन्डा लाग्ने होइन भन्ने प्रतिउत्तर जिकिर कानूनसम्मत मान्न मिल्ने देखिएन । तसर्थ, उक्त साबिक कि.नं. १५७ हाल कायम कि.नं. ३५६ को जग्गामा वादी मेघराज खड्काको पनि अंश हक लाग्ने देखिन आउने।

दान बकसको १ नं. को कानूनी व्यवस्थालाई विश्लेषण गर्नुपर्ने हुन आउँछ । सोअनुसार **"आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरिदिन हुन्छ । सोबमोजिम दान वा बकस गरिदिँदा हकवालालाई बकस र अरूलाई दान वा बकस जुन बेहोराले दिए पनि हुन्छ । आफ्नो खुस गर्न पाउनेबाहेक अरूमा अंशियार र हक पुग्नेहरूको मन्जुरी नलिई वा साक्षी नराखी दान बकस गरी दिन हुँदैन"** भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी महामती खड्काले बकसपत्र गरिदिएको साबिक कि.नं. १५७ हाल कायम कि.नं. ३५६ को जग्गामा वादीको पनि अंश हक लाग्ने र र.नं. ३३३६ मिति २०६५/१०/०७ को बकसपत्रको लिखतमा वादीको मन्जुरी भएको पनि देखिँदैन साथै वादी मेघराज खड्का सो लिखतमा साक्षी बसेको पनि नदेखिने।

बकसपत्र गरिदिएको उक्त जग्गा प्रतिवादी महामती खड्काले आफूखुस गर्न पाउने हो भन्ने पनि पुष्टि हुन नसकेको अवस्थामा र.न. ३३३६ मिति २०६५/१०/०७ को बकसपत्रको लिखतलाई रीतपूर्वकको लिखत मान्न सकिएन । तसर्थ वादी दाबी नपुग्ने ठहर गरेको सुरू कैलाली जिल्ला अदालतबाट मिति २०६६/१०/२० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई र.नं. ३३३६ मिति २०६५/१०/०७ को लिखतमा उल्लिखित कि.नं.

३५६ को क्षे.फ. ०२३७०.४१ वर्ग मिटर जग्गालाई नरम करम मिलाई ३ भागको १ भाग वादीको अंश हक लाग्नेजति बदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत दिपायलबाट मिति २०६९/०२/०७ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार, प्रमाण र कारणहरूसमेतका आधारमा विवादित साबिक कि.नं. १५७ हाल कायम कि.नं. ३५६ को जग्गा प्रतिवादी महामती खड्काको एकल प्रयासबाट प्राप्त गरी आफ्नो मात्र हक लाग्ने नभई वादीको समेत अंश हक लाग्ने जग्गा भएको देखिँदा यी पुनरावेदक / प्रतिवादी महामती खड्काले जिल्ला कैलाली साबिक कि.नं. १५७ क्षे.फ. ०३३४५ व.मि. जग्गामध्ये हाल कायम कि.नं. ३५६ क्षे.फ. ०२३७०.४१ व.मि. जग्गा मिति २०६५/१०/०७ मा र.नं. ३३३६ बाट हालैदेखिको बकसपत्र गरी दिँदा वादीको मन्जुरी लिएको पनि नदेखिएको र वादी उक्त लिखतमा साक्षी पनि बसेको नदेखिँदा वादी दाबी नपुग्ने ठहर गरेको सुरू कैलाली जिल्ला अदालतबाट मिति २०६६/१०/२० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई र.नं. ३३३६ मिति २०६५/१०/०७ को लिखतमा उल्लिखित कि.नं. ३५६ को क्षे.फ. ०२३७०.४१ वर्ग मिटर जग्गालाई नरम करम मिलाई ३ भागको १ भाग वादीको अंश हक लाग्नेजति बदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत दिपायलबाट मिति २०६९/०२/०७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : लोकबहादुर हमाल

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७५ साल असार ८ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-CI-०९८९, जग्गा खिचोला मेटाई टहरो हटाई चलन चलाई पाऊँ, *चेतराम भुजुवा वि. पटवारी पथरकटसमेत*

वादीले दाबी गरेको आफ्नो हक भोगको स्रेस्ता भनी पेस गरेको वादी यिनै चेतराम भुजुवा र प्रतिवादी गुन्ना भुजुवा भएको अंश मुद्दामा कि.नं. ७८ को जग्गाको सम्बन्धमा मिति २०६३/०७/१२ मा भएको मिलापत्रबाट निजको हक स्थापित भएको नदेखिएको र सो जग्गा निजले परापूर्वदेखि नै आफूले हक भोग गर्दै आएको भनी दाबी गरे पनि २०२५ सालमा सर्भे नापी हुँदा सो कि.नं.७८ को जग्गा पर्ती सार्वजनिक भनी नापी भएको फिल्डबुक उतारबाट देखिएको र सो जग्गामा हक भोगको स्रोत निजले प्रमाणित गर्न नसकेबाट सो कि.नं.७८ का सम्बन्धमा निजको हकदैया नै पुग्न नसक्ने भनी खारेज गर्ने गरी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मनासिब नै देखिन आउने।

कि.नं.७९ को सम्बन्धमा विचार गर्दा सो जग्गा निज वादीको नाममा दर्ता स्रेस्ता भएको जग्गा देखिएको र सुरू बाँके जिल्ला अदालतबाट मिति २०६७/८/१० मा भएको नक्सा मुचुल्कामा सो कि.नं.७९ को न.नं.६, ७, ८ मा नक्साङ्कित भई विवाद जनिएको देखिन्छ। सो न.नं.६, ७, ८ मध्ये कि.नं.७९ मध्ये पूर्वतर्फ उत्तर दक्षिण २२ मिटर पश्चिमतर्फ उत्तर दक्षिण २०.५० मिटर उत्तरतर्फ पूर्व पश्चिम १७.७० मिटर दक्षिणतर्फ पूर्व पश्चिम १७.४० मिटर भएको, टाटीको बार तथा फुसका छाना भएका घर जग्गासमेत प्रतिवादी चण्टु पथरकट भन्ने चट्टु कुसवधिया र प्रतिवादी नकुवा पथरकटको भोग चलनमा रहेको र त्यसमध्ये न.नं.६ मा रहेको जग्गामा बनेको न.नं.७ को चण्टु पथरकट भन्ने चट्टु कुसवधियाको कच्ची घर र न.नं.८ मा नकुवा पथरकटको कच्ची घर भएको भनी उल्लेख भएको देखिन्छ। यसरी निज प्रतिवादीहरूले अन्यथा जिकिर

नगरेको र नक्साबाट समेत वादी दाबीको जग्गामा निज चण्टु पथरकट भन्ने चट्टु कुसवधिया र नकुवा पथरकटसमेत २ जनाले मात्र भोगचलन गरी वादीको जग्गामा खिचोला गरेको देखिएको अवस्थामा यी दुई प्रतिवादीबाहेकका भोगचलन नगर्ने व्यक्तिहरूले समेत खिचोला गरेको भनी ठहर गर्नु न्याय र कानूनको दृष्टिबाट मिल्ने नदेखिने।

तसर्थ, गोश्वारारूपमा प्रतिवादीहरूले खिचोला गरेको भनी सबै प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याई सुरू बाँके जिल्ला अदालतले प्रतिवादीमध्येका चण्टु पथरकट भन्ने चट्टु कुसवधिया र नकुवा पथरकटबाहेक अन्य प्रतिवादीहरूले पनि खिचोला गरेको ठहऱ्याएको हदसम्म सुरू फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६९/०२/३० मा भएको फैसला मनासिब नै देखिन आएको हुँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट कि.नं. ७८ को जग्गामा वादीको दाबी हकदैयाको अभावमा खारेज हुने ठहर्छ र कि.नं. ७९ को जग्गामा नक्सा मुचुल्काको न.नं. ६, ७, र ८ मा प्रतिवादीहरूले खिचोला गरेको देखिएको हुँदा खिचोला मेटाई वादीले चलन चलाई पाउने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०६७/९/४ मा भएको फैसलामा कि.नं. ७८ को हकमा भएको फैसला सदर हुने र कि.नं. ७९ को हकमा सुरू अदालतबाट भएको फैसला केही उल्टी भई चण्टु पथरकट भन्ने चट्टु कुशवधिया र नकुवा पथरकटसमेत दुई जनाले मात्र जग्गा खिचोला गरेको ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६९/२/३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल आषाढ ८ गते रोज ६ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१३७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शेख रफिदसमेत*

प्रस्तुत मुद्दामा प्रतिवादीहरू शेख रफिद र शेख अन्सारूललाई आरोपित कसुरबाट सफाइ दिएको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलाउपर वादी नेपाल सरकारले मुद्दा दोहोऱ्याई पाउँ भनी निवेदन दर्ता गरेको नभई पुनरावेदन अदालत हेटौंडाको मिति २०७१/११/१२ को फैसलाउपर पुनरावेदनको रूपमा प्रस्तुत मुद्दा दर्ता हुन आएको देखियो। न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन र दफा १२ बमोजिमको मुद्दा दोहोऱ्याउने निवेदन लाग्ने अवस्था र आधारहरू भिन्नभिन्न भएकोले प्रस्तुत मुद्दामा मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन नपरी पुनरावेदन परेको देखिँदा यस सम्बन्धमा अब केही विचार गरी रहनु पर्ने देखिएन। कानूनले पुनरावेदन नै लाग्न नसक्ने मुद्दामा पुनरावेदन गर्न पनि मिल्ने नदेखिने।

अतः न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम लाग्न नसक्ने पुनरावेदन दायर गरेको देखिँदा पुनरावेदन जिकिरको औचित्यतर्फ (Merit of the case) प्रवेश गरिरहनु पर्ने नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल आश्विन २७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६७-CI-०१६९, ०६७-

CI-०२३३, खिचोला मेटाई चलन चलाई पाऊँ, *ठाकुरप्रसाद पौडेल वि. मानबहादुर कुँवर, मानबहादुर कुँवर वि. ठाकुरप्रसाद पौडेल*

वादीले आफ्नो कि.नं. ८२५ र प्रतिवादीले आफ्नो कि.नं. ९५५ मा १०/१० धुर जग्गा रहेको भनी स्रेस्ताअनुसार दाबी जिकिर लिए पनि फिल्डमा जम्मा जग्गा ०-०-११$^{३}/_{४}$ (पौने बाह्र धुर) मात्र रहेको अवस्थामा दुवै पक्षको स्रेस्ताअनुसारको जग्गा पुग्ने देखिँदैन। वादी प्रतिवादीको उक्त कि.नं. को क्षेत्रफलबाट जग्गा काटिएर बाटो आदि कतैतर्फ पनि गएको अवस्था देखिँदैन । दुवै पक्षको जग्गा फिल्डमा नै कमी भएपछि जग्गा कमी भएका सँधियार पक्षकै जग्गाबाट जग्गा कमी भएको अर्को सँधियारलाई पुऱ्याई दिन पनि कानून एवं प्रमाणको तथ्यबाट मिल्ने देखिँदैन । दुवै पक्षको जग्गा स्रेस्ताअनुसार फिल्डमा नभएपछि र दुवै पक्षको जग्गाको क्षेत्रफल स्रेस्तामा पनि एउटै १०/१० धुर भएपछि फिल्डमा जति जग्गा छ, त्यतिबाटै दुवै पक्षलाई बराबरी कायम गरिदिनु पर्नेबाहेक अन्य विकल्प देखिँदैन। मुद्दाको तथ्य र जग्गाको फिल्डको स्थितिले न्यायपूर्ण निर्णय नै त्यहीँ हुने देखिन आउँछ । तसर्थ वादी तथा प्रतिवादीले अन्यत्र कुनै जग्गाउपर दाबी गरेको अवस्था नरहेको स्थितिमा सोही विवादित जग्गामध्येबाट उत्तरतिर प्रतिवादी र दक्षिणतिर वादीलाई आधाआधा पर्ने गरी ठहर गर्नु न्यायोचित देखिन्छ। सोहीबमोजिम पुनरावेदन अदालत बुटवलले पनि आधाआधा जग्गामा वादी तथा प्रतिवादीको हक पुग्ने भनी गरेको फैसला मिलेको देखिँदा उक्त फैसलालाई अन्यथा गरिरहनु नपर्ने।

अतः विवेचित आधार कारणबाट वादी दाबीबमोजिम प्रतिवादीले वादीको जग्गा खिचोला गरेको भनी ठहऱ्याएको सुरु रूपन्देही जिल्ला अदालतको फैसला उल्टी गरी न.नं. ८, ९, १० का जग्गाहरूमध्ये दक्षिणतर्फबाट आधी वादीको र उत्तरतर्फबाट आधी प्रतिवादीको ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६६।११।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कल्याण खड्का
कम्प्युटर : संजय जैसवाल
इति संवत् २०७५ साल माघ १८ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-CR-१३४०, कर्तव्य ज्यान, *मनटुटिया भन्ने शिवानी महतोसमेत वि. नेपाल सरकार*

मृतक सन्जुदेवी महतोको टाउको पूर्व, खुट्टा दक्षिण भई अनुहारको भाग दक्षिणतर्फ फर्केको अवस्थामा रही नाकबाट रगतजस्तो देखिने तरल पदार्थ बगेको अवस्थामा रहेको, पिठ्युँमा रगतजस्तो पदार्थ जमी कालो रातो अवस्थामा रहेको घटनास्थल लास जाँच प्रकृति मुचुल्का रहेको पाइन्छ । यसैगरी Tongue bite seen, Both eyes were near to cavity with conjuctives hemorrhage, Bleeding from nose seen, defection seen. Transverse strangulation seen in the neck, Internal Examination: Larynx : Conjested, Hyoid bone: Fracture, Neck : Hematoma seen. In our openion cause of death is Asphyxia due to strangulation भन्ने मृतक सन्जुदेवी महतोको शव परीक्षण प्रतिवेदन रहेको पाइन्छ। यस शव परीक्षण प्रतिवेदनमा मृतकको Hyoid bone भाँचिएको, Transverse strangulation देखिएको, घाँटीमा निलडाम देखिएको र मृत्युको कारण Asphyxia due to strangulation रहेको देखिँदा मृतक सञ्जुदेवी भन्ने संजिला महतोको मृत्यु manual strangulation बाट भएको देखिने।

प्रतिवादी रामबाबु महतोको मौका तथा

अदालतको साबिती बयान manual strangulation सँग तादाम्यता रहेको देखिन्छ । निज प्रतिवादी मौकाको बयानदेखि नै आरोपित कसुरमा साबित रही यस अदालतमा पुनरावेदन गर्दासमेत वारदातमा आफ्नो मात्र संलग्नता रहेको भन्ने तथ्य स्वीकार गरी पुनरावेदन गरेको देखिँदा प्रतिवादी रामबाबु माहतोले घाँटी थिचेको कारण manual strangulation बाट मृतकको मृत्यु भएको देखिन आयो । यस स्थितिमा प्रतिवादी रामबाबु महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरी सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी उच्च अदालत जनकपुरबाट भएको फैसला अन्यथा भन्न नमिल्ने ।

मूलतः धनुषा जिल्ला, माचि झिट्कैया वडा नं.७ बस्ने प्रतिवादी मनटुटिया भन्ने शवानी महतो वारदातको बेला माइती गएको भनी अदालतमा इन्कार छिन् । तर निज लुकी छिपी बसेको अवस्थामा देवपुरा रूपैठा गा.वि.स. बाट नै पक्राउ परेको देखिन्छ । निज प्रतिवादी वारदातको समयमा माइतीमा भएको भन्ने भनाइ निजले प्रमाणबाट पुष्टि गर्न सकेको छैन् । Alibi को plea लिने व्यक्तिले सो तथ्य निजैले पुष्टि गर्नु पर्दछ । यस अदालतबाट ने.का.प. २०६२, अंक ५, नि.नं.७५४० मा ***फौजदारी मुद्दामा ALIBI सम्बन्धी मान्य सिद्धान्तअनुसार जसले वारदात मितिमा घटनास्थलमा थिइनँ, अन्यत्र थिएँ भन्ने जिकिर लिन्छ यस्तो अन्यत्र रहेको भन्ने ALIBI को जिकिर लिने प्रतिवादीले नै प्रमाणित गर्नुपर्नेमा दुईमत हुन नसक्ने*** भन्ने न्यायिक सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यस सिद्धान्तबमोजिम प्रतिवादीको Alibi को जिकिर पुष्टि हुन सकेको नदेखिने ।

प्रतिवादी रामबाबुको काकाको छोरा दाजुको श्रीमती शिवानी महतो भए पनि दाजु वैदेशिक रोजगारमा गएको अवस्थामा प्रतिवादी रामबाबुले कान्छी श्रीमती बनाई लगेको देखिन्छ । यसरी परपुरूषसँग सम्बन्ध गरी विवाह गर्ने निज शिवानी वारदातको समयमा माइतीमा जाने अवस्थाको तथ्य पनि स्वाभाविक रहेको पाइएन । मृतकले बहुविवाहमा उजुर गर्ने भनी भनेपछि रातको समयमा यी प्रतिवादीहरू दुईजनाकै संलग्नता, मिलेमतोमा मृतकलाई कर्तव्य गरी मारेको पुष्टि भएको देखिने ।

अधिकारप्राप्त अधिकारीसमक्ष दुवै प्रतिवादीहरूले कसुर स्वीकार गरी साबिती बयान गरेको देखिन्छ । अदालतमा आई कान्छी श्रीमतीलाई बचाउने नियतबाट कर्तव्यमा आफ्नो मात्र संलग्नता रहेको भनी प्रतिवादी रामबाबु महतोको अदालतमा बयान गरेको पाइन्छ । मृतकको उमेर ३० वर्षको रहेको र निजलाई एक्लैले घाँटी कसी मार्न सक्ने स्थिति पनि नभएको र प्रतिवादी रामबाबुले घाँटीमा गम्छाले बेरी मृतकको छातीमा चढेपछि स्वाभाविक रूपमा मृतकको खुट्टा चटपटाउने कार्य गर्न पुगेको अवस्थामा मृतकको खुट्टा च्याप्ने कार्य प्रतिवादी शिवानीले गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान तथ्य प्रमाणबाट समर्थित भएको छ । यस स्थितिमा प्रतिवादी मनटुटिया भन्ने शिवानी महतोलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको उच्च अदालतको फैसला अन्यथा भन्न मिलेन । प्रतिवादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी रामबाबु महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने र प्रतिवादी मनटुटिया भन्ने शिवानी महतोलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी उच्च

अदालत जनकपुरबाट मिति २०७३।११।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। यद्यपि, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम निज प्रतिवादी रामबाबु महतोलाई सर्वश्वतर्फको सजाय नहुने भएकाले निजलाई जन्मकैदको मात्र सजाय हुने।

इजलास अधिकृतः कालिबहादुर साम्यू लिम्बू

इति संवत् २०७६ साल वैशाख २४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-RC-०१६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरवल भन्ने विरू विश्वकर्मा*

शव परीक्षण प्रतिवेदनमा मृतकको अनुहार, घाँटीलगायतका शरीरको अन्य भागमा समेत निलडाम रहेको पाइन्छ । sternocleidomastoid (कानको छेउबाट सुरू भई स्वरयन्त्रको छेउ भएर छातीसम्म फैलिएको) मांशपेसीमा निकै गहिरो दखल परेको निलडाम देखिन्छ। शरीरका विभिन्न भागमा देखिएको निलडाम मृतकले प्रतिवादीसँग संघर्ष गर्दा भएको भन्नेसमेत देखिन आएको स्थितिमा मृतकको मृत्यु manual strangulation बाट भएको देखिन आउने।

मूलतः वारदात स्थलमा प्रतिवादीले लगाउने गरेको आल्मोनियमको औंठी बरामद भएको छ । सो बरामद भएको औंठी आफ्नो रहेको तथ्य प्रतिवादीले मौकाको बयानबाटै स्वीकार गरी अदालतमा समेत पुष्ट्याईं गरेका छन् । फरार रहेका प्रतिवादी वारदातको मितिभन्दा ११ महिना ७ दिनपछि मिति २०७४।०६।२४ मा पक्राउ परेको देखिन्छ । निज प्रतिवादीले मौकामा र अदालतमा समेत आरोपित कसुरमा साबिती रही बयान गरी कसुर गर्दाको सम्पूर्ण विवरण सिलसिलाबद्ध रूपमा स्वीकार गरी बयान गरेको देखिन्छ । प्रतिवादीको अदालतसमक्षको साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणग्राह्य रहेको देखिन्छ। रकम चोर्ने नियतले रातको समयमा मृतकको घरमा गई निर्मम तवरबाट ६२ वर्षकी महिलालाई कर्तव्य गरी मारेको सबुत प्रमाणबाट समेत पुष्टि भएको छ । तसर्थ, प्रतिवादी वीरवल भन्ने विरू विश्वकर्माले पुतला सार्कीलाई कर्तव्य गरी मारेको देखिन आएकोले निज प्रतिवादीको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर गरेको देखिने।

अब, प्रतिवादीको कार्य ज्यानसम्बन्धी महलको १ नं. विपरीतको देखिँदा निजको कसुरको मात्रा यकिन गरी सजाय निर्धारण गर्नुपर्ने देखियो । प्रतिवादीलाई सजाय निर्धारणतर्फ विचार गर्दा, शव परीक्षण प्रतिवेदनमा मृतकको शरीरको अनुहार, घाँटीलगायतका अन्य भागमा समेत निलडाम रहेको पाइन्छ । sternocleidomastoid (कानको छेउबाट सुरू भई स्वरयन्त्रको छेउ भएर छातीसम्म फैलिएको) मांशपेसीमा निकै गहिरो दखल परेको निलडाम देखिन्छ। शरीरका विभिन्न भागमा देखिएको निलडाम मृतकले प्रतिवादीसँग संघर्ष गर्दा भएको भन्नेसमेत देखिन आएको स्थितिमा मृत्युको कारण प्रतिवादीसँग निर्मम संघर्ष गर्ने क्रममा प्रतिवादीले घाँटी अँठ्याएको कारण manual strangulation बाट भएको देखिन आउने।

अतः तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादी वीरवल भन्ने विरू विश्वकर्मालाई सर्वश्वसहित जन्मकैदको सजाय हुने गरी सुरू प्युठान जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७५।०३।२५ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। यद्यपि, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम निज प्रतिवादी वीरवल भन्ने विरू विश्वकर्मालाई सर्वश्वतर्फको सजाय नहुने भएकाले निजलाई जन्मकैदको मात्र सजाय हुने।

इजलास अधिकृतः कालिबहादुर साम्यू लिम्बू

इति संवत् २०७६ साल आषाढ १८ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०६८-CI-०८६०, मिलापत्र बदर, *प्यारे राय यादव वि. विल्टुनिया देवीसमेत*

प्रस्तुत मुद्दामा पुनरावेदक वादीले सिंघेश्वरबाट मिति २०२६।४।२९ मा हदमुनिको राजीनामा गरी लिएको स्रोत र विन्देश्वरले वर्तनीयाबाट मिति २०२६।३।७ मा हदमुनिको राजीनामा गरी लिएको स्रोतमध्ये कुन स्रोत प्रामाणिक एवम् भरपर्दो छ भन्ने सम्बन्धमा मिसिल संलग्न तथ्य प्रमाणहरूको विवेचना गरी फैसला गर्नु पर्नेमा सो नगरी वादीको हकदैया नभएको भनी अ.बं.१८० नं. बमोजिम मुद्दा खारेज गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।१२।१४ मा भएको फैसला कानूनबमोजिम भएको नदेखिने।

अत: उल्लिखित आधार कारणबाट सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी मुलुकी ऐन, अ.बं.१८० नं. बमोजिम मुद्दा खारेज हुने ठहर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।१२।१४ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ, अब जो जे बुझ्नुपर्ने हो बुझी सबुद प्रमाणको मूल्याङ्कन गरी कानूनबमोजिम यथाशक्य चाँडो फैसला गर्नु भनी उपस्थित पक्षहरूलाई तारेख तोकी मिसिल उच्च अदालत जनकपुरमा पठाइदिने।

इजलास अधिकृत : दिपेन्द्र थापा मगर

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल साउन २७ गते रोज १ शुभम्।

- यसै लगाउको ०७४-CR-१३४६, जालसाजी, *रामदुलार रायसमेत वि. विल्टुनिया देवी* भएको मुद्दामा जे जो बुझ्नुपर्छ बुझी फैसला गर्न उच्च अदालत जनकपुर पठाइदिने फैसला भएको छ।

## इजलास नं. ८

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WH-००८४, बन्दीप्रत्यक्षीकरण, *मनोजकुमार अग्रवाल वि. राजश्व अनुसन्धान विभाग, हरिहरभवनसमेत*

राजस्व अनुसन्धान विभागको मिति २०७४।११।०८ को निर्णयउपर यिनै निवेदकले राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन गरेको भन्ने कुरा निवेदकका कानून व्यवसायीसमेतले बहसको क्रममा इजलाससमक्ष जिकिर गर्नु भएको देखिन्छ । निवेदकले उठाएको कानूनी प्रश्नहरू सम्बन्धमा पुनरावेदन सुनुवाइको क्रममा विचार गर्नु पर्ने विषय देखिन्छन्। सो सम्बन्धमा अहिले प्रस्तुत रिट निवेदनका सन्दर्भमा निरूपण गर्नु मनासिब नदेखिने।

अतः राजस्व अनुसन्धान विभागको मिति २०७४।११।०८ को निर्णयउपर यी निवेदकको राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन परी विचाराधीनसमेत रहेको भन्ने देखिँदा सोही न्यायाधिकरणबाट न्यायिक निरूपण हुने भएको हुँदा अहिले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब देखिएन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : डल्लुराम चौधरी

इति संवत् २०७५ साल भाद्र २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CI-१३७८, अंश दर्ता, *इन्द्रजीत साह गोढ वि. हिरमतिया गोडीन*

मालपोत कार्यालय पर्साको च.नं.६५११ मिति २०६७।११।१० को पत्रसाथ प्राप्त २००३।३।२३ र २००७।१०।१२ को लिखतहरूको प्रमाणित

प्रतिलिपिबाट फिरादमा दाबी गरेजस्तो यी पुनरावेदक वादी जवाहिरको पनाति, विसुनको नाति, सम्पत साहको छोरा नभई भजन साहको पनाति, झापस साहको नाति, सम्पत साहको छोरा नाताको देखिन आयो। उल्लिखित लिखतहरूलाई यी वादीले अन्यथा भन्न नसकेको र नातामा बयान गर्दा आफू भुखली गोडिनको नाति भएको स्वीकार गरेको देखियो। वादी इन्द्रजित साह गोढ प्रतिवादी लक्ष्मण साहसमेतको अंशियार नाता सम्बन्धभित्रका मानिस हुन् भन्ने तथ्य प्रमाणित हुन आएको देखिएन । अंशबन्डा गर्नु पर्ने नाता सम्बन्धका मानिसका बिचमा अंशभाग बन्डा हुने हो । अंशियार नाता सम्बन्ध नै कायम हुन नसकेको अवस्थामा अंश भागबन्डा लगाउने स्थिति नै रहँदैन। प्रस्तुत मुद्दामा वादीले आफू अंशियार नाता सम्बन्धको मानिस हो भन्ने कुरा कुनै विश्वासनीय प्रमाणबाट पुष्टि गरेको देखिएन। तसर्थ प्रतिवादी जिम्माको सम्पत्तिबाट अंश छुट्याई दर्तासमेत गरिपाउँ भन्ने फिराद दाबी नपुग्ने ठहऱ्याई बारा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब नै देखिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी जिम्माको सम्पत्तिबाट २ भागको १ भाग अंश छुट्याई दर्तासमेत गरिपाउँ भन्ने वादीको दाबी नपुग्ने ठहर गरी सुरू बारा जिल्ला अदालतबाट मिति २०६८।१।२९ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।१।२२ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

इति संवत् २०७४ साल माघ ७ गते रोज १ शुभम्।

- यसै लगाउको ०७३-CR-१२५६, जालसाजी, *इन्द्रजीत साह गोढ वि. हिरमतिया गोडिनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१३४५, वैदेशिक रोजगार कसुर, *दुर्गाराज न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मैले वैदेशिक रोजगार सञ्चालन गर्ने इजाजत लिएको छैन। मेरो बुबा पुस्तकराज न्यौपाने "युनिभर्सल इन्टरनेसनल" संस्थाको सञ्चालक सदस्य रहेको र मेरोसमेत कन्सल्टेन्सी व्यवसाय भएकोले हामीबाट पैसा असुल गर्न सकिन्छ कि भनेर जाहेरवालाको भाइ सोन गुरूङले दश लाख मागेकोमा सो तिर्न नसकेकोले म र मेरो परिवारलाई मार्ने, काट्ने धम्की दिएको कारण लिखत गरिदिएको हुँ भनी सो कागज गरेको कुरालाई स्वीकार गरी बयान गरेको देखिन्छ । उक्त मिति २०६६।०८।०७ को लिखतमा परेको कारणीको सहिछाप यिनै प्रतिवादी दुर्गाराज न्यौपानेको हो भन्ने कुरामा विवाद देखिँदैन । यी प्रतिवादीले मार्ने, काट्ने धम्की दिएका कारण कागज गरेको भनी बयानमा उल्लेख गरे पनि सो कागजउपर करकाप मुद्दा दायर गरेको भनी जिकिर नलिएको र मिसिलबाट समेत करकाप मुद्दा चलेको भन्ने नदेखिने।

प्रतिवादीले कन्सल्टेन्सी सञ्चालन गरेको भए पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिएको कुरा स्वीकार गरी बयान गरेको हुँदा यस तथ्यमा विवाद देखिँदैन । वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा "**यस ऐनबमोजिम इजाजत पत्र नलिई कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने छैन**" भन्ने व्यवस्था रहेको पाइन्छ। दफा १० मा रहेको उक्त प्रावधानले इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न निषेध गरेको देखिन्छ। यसबाट मिति २०६६।०८।०७ मा लिखत गरी यी प्रतिवादीले गैरकानूनी तवरबाट वैदेशिक रोजगारको कारोबार गरेको देखिन आएको छ । प्रतिवादीले सो कागज निष्क्रिय पारी अर्को

करारको कागज गरिसकेको भनी जिकिर लिए पनि प्रस्तुत मुद्दामा कसुर ठहर भएकै कारणपछि गरेको करारको कागजबमोजिम चलेको मुद्दाको अभियोगपत्र खारेज भएको सन्दर्भमा निजले निष्क्रिय पारेको भनी लिएको जिकिर सान्दर्भिक देखिन नआउने ।

प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिएको, वैदेशिक रोजगारमा पठाइदिन्छु भनी कागज गरेको, जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन नसकेको र जाहेरवालाको रकमसमेत फिर्ता नगरेको अवस्था हुँदा प्रतिवादीलाई कसुरदार ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी दुर्गाराज न्यौपानेलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।७।० (एक वर्ष सात महिना) कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार) जरिवाना हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।११।२६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत:- ढाकाराम पौडेल

कम्प्युटर : अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत्र २८ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०८७८, लागु औषध, *नेपाल सरकार वि. हिरण्य पोखरेलसमेत*

लागु औषधसहित पक्राउमा परेका प्रतिवादीमध्ये सन्नी बुढाथोकीले लागु औषध फेनारगन, डाइजेपाम, लुपिजेसिक सेवन गर्न थालेको ५ वर्ष भयो । आफैँले सेवन गर्न भनी खरिद गरी ल्याएको बरामदी मुचुल्कामा उल्लिखित लागु औषध आफू सँग साथबाट बरामद भएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेकी र अर्को प्रतिवादी हिरण्य पोखरेलले मैले लागु औषध सेवन गर्न थालेको ५/६ वर्ष भयो । मिति २०६९/६/८ गते सन्नी बुढाथोकी र म भई १ सेटलाई ने.रू.१०५ का दरले किनी मैले ४३२ सेट र सन्नीले ५५ सेट खुट्टाको पिडौँलामा टेपले बाँधी लुकाएर जाँदै गर्दा मेची भन्सारमा लागु औषधसहित पक्राउ परेको हो भनी आफ्नो बयानमा उल्लेख गरेको देखिन्छ । साथै निज प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा बरामद भएको लागु औषध आफूले सेवन गर्न ल्याएको हो । अन्य कारोबार गर्न ल्याएको होइन भनी सेवनतर्फसम्म कसुरमा साबित भई बयान गरेको देखिने ।

प्रतिवादीहरूको उल्लिखित बयानबाट आफूहरू लागु औषध सेवनकर्ता भएकोले आफैँले सेवन गर्न खरिद गरी ल्याएको अवस्था बरामद भएको र आफूहरू सेवनकर्ता हो भन्ने आधार पुष्टि गर्न आफूहरू सुधार केन्द्रमा बसेको प्रमाणसमेत पेस गरेको पनि देखिन्छ । यी प्रतिवादीहरूले लागु औषध बिक्री वितरण गर्ने गरेको र यो यस मानिसहरूलाई यो यति दरभाउमा बिक्री गर्ने गरेको भनी प्रमाण पेस गरी प्रमाणसमेतका आधारमा पुष्टि गर्न सकेको अवस्था पनि मिसिलबाट देखिँदैन । मौकामा खडा भएको बरामदी मुचुल्कामा रोहवरमा बस्ने मानिस र प्रतिवेदन दिने प्रतिवेदकले अदालतमा बकपत्र गर्दा बिक्री वितरण गरे भन्ने कुराको पुष्टि गर्ने गरी बकपत्र गरेको अवस्थामा मिसिलबाट खुल्न सकेको अवस्थासमेत देखिँदैन । यस अवस्थामा बिक्री वितरणतर्फको वादी नेपाल सरकारको दाबी पुष्टि भएको भन्न मिल्ने पनि भएन । बरामदी मात्राको आधारमा पनि सेवनबाहेकको अवस्था हो भनी यकिनन् भन्न सकिएन । लागु औषध बरामद भएको आधारमा कसुरदार रहेछ भन्ने कुराको अर्थात् न्यूनतम कसुरको सम्म अनुमान गर्न मिल्ने हो । थप सजायको हकमा त सबुद प्रमाणद्वारा नै पुष्टि हुनु पर्ने हो । यस अवस्थामा प्रतिवादीहरूले आफैं सेवनकर्ता भएको स्वीकार गरेको

र सेवनसम्मको मात्रामा लागु औषध बरामद भएको देखिँदा सेवनसम्ममा सजाय गर्नुपर्ने ।

अतः माथि उल्लिखित आधार कारणबाट बरामद भएको लागु औषध प्रतिवादीहरूले आफूले सेवन गर्न ल्याएको भन्ने पुष्टि भएकोले झापा जिल्ला अदालतबाट मिति २०६९।१०।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने भनी पुनरावेदन अदालत इलामको २०७१।०९।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

इति संवत् २०७५ साल भदौ ३१ गते रोज १ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-१५३९, अंश चलन, *प्रेमबहादुर तामाङसमेत वि. मिनुकुमारी लामासमेत*

अदालतको आदेशबमोजिम नापी शाखा काभ्रेबाट प्राप्त मिनुकुमारी लामाको नाउँमा रहेका कित्ता नं.५८१, ५८२, ८७६ र ८७७ का २०३४।४।१४ मा कायम फिल्डबुकको उतार हेर्दा पतिको नाउँ कमलबहादुर र ठेगानामा नमोबुद्ध वडा नं.१ उल्लेख भएको पाइन्छ । मालपोत कार्यालय काभ्रेपलाञ्चोकबाट प्राप्त सोही जग्गाहरूको जग्गा धनी दर्ता स्रेस्ता उतारमा मिनुकुमारीको पतिको नाम प्रेमबहादुर र गा.वि.स. नमोबुद्ध उल्लेख भएको देखिन्छ । २०३४ सालमा कायम फिल्डबुकमा मिनुकुमारीको पतिको नाउँ कमलबहादुर देखिए तापनि पछि कायम भएको जग्गाधनी दर्ता स्रेस्तामा भने पति प्रेमबहादुर नै रहेको देखियो । सो जग्गाधनी दर्ता स्रेस्तालाई प्रतिवादीले चुनौती दिन वा अन्यथा दाबी गर्न वा प्रमाणित गर्न सकेको पाइँदैन । यसबाट मिनुकुमारी लामा प्रतिवादी प्रेमबहादुर तामाङको पत्नी रहेको पुष्टि हुन आयो । निजहरूबिच पति पत्नीको नाता स्थापित भएको र अंशबन्डा भएको नदेखिएकोले मिनुकुमारी प्रतिवादी प्रेमबहादुरसमेतको अंशियारसमेत पुष्टि हुन आयो । मिनुकुमारी पुनरावेदकमध्ये प्रेमबहादुरको पत्नी नै नभएकोले अंशियारसमेत नभएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

दयाबज्र र लिलाबज्रको नागरिकताहरूको वैधानिकताबारे सम्बन्धित निकायमा कुनै उजुर बाजुर गरेको अवस्था देखिँदैन । प्रतिवादीले अन्यथा प्रमाणित गर्न नसकी कायमै रहेको स्थितिमा उक्त नागरिकताहरूबाट खुल्न आएको निजहरूको पिता प्रतिवादी प्रेमबहादुर तामाङ नै भएको मान्नुपर्ने हुन्छ र नाता स्थापित भएको तथा अंशबन्डा नभएको कारण निजहरू समान हकका अंशियार रहेको पुष्टि हुने । आधिकारिक निकायबाट जारी भएको नागरिकताबाट नै स्थापित भइसकेकको वादी प्रतिवादीबिचको नाता सम्बन्धलाई प्रतिवादीले जिकिर लिएबमोजिम DNA परीक्षणले पुनः जाँच गरिरहनुको औचित्य रहँदैन । उपर्युक्तबमोजिम जारी भएका नागरिकताउपर चुनौती दिएको कारण त्यसको वैधानिकता पुष्टि भइरहेको अवस्थामा DNA परीक्षण नगरी उक्त नागरिकताहरूको आधारमा वादीहरू दयाबज्र र लिलाबज्र लामाको पिता प्रतिवादी प्रेमबहादुर तामाङ भएको ठहर गर्न मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने । मिनुकुमारी लामासमेत वादी र प्रस्तुत मुद्दाका प्रतिवादी प्रेमबहादुर तामाङ प्रतिवादी भएको लिखत बदर मुद्दामा पुनरावेदन अदालत पाटनबाट २०६६ दे.पु.नं.१८९०/३३४३, नि.नं.१०९ र ११० को मिति २०६६।७।५ मा भएको फैसलामा यी वादीहरूको हक पुग्ने अंशियार कायम गरी लिखत बदर हुने ठहराएको फैसला अन्तिम भई बसेको देखिँदासमेत वादी प्रतिवादीबिच अंशियार नरहेको भन्ने अवस्था रहेन । अंश लिइसकेको पनि देखिएको

नहुँदा प्रतिवादीबाट यी वादीहरूले अंश पाउने नै देखिन आएकोले यी वादीहरूसमेतले प्रतिवादीहरूबाट अंश पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिने।

तसर्थ, वादी मिनुकुमारीको नाउँमा रहेको जग्गाहरूको जग्गाधनी दर्ता स्रेस्तामा पति प्रतिवादी प्रेमबहादुर तामाङ भएको देखिएको, वादीहरू दयाबज्र र लिलाबज्र लामाको नागरिकताहरूमा पिता प्रतिवादी प्रेमबहादुर तामाङ देखिएको र सो नागरिकता अन्यथा प्रमाणित नभई कायमै रहेको तथा यिनै वादी प्रतिवादीहरूबिच चलेको लिखत बदर मुद्दामा यी वादीहरू हक पुग्ने अंशियार कायम भई भएको फैसला अन्तिम भई बसेकोसमेतबाट यी वादी प्रतिवादीहरू अंशियार भएको पुष्टि भएकोले प्रतिवादीहरूबाट यी वादीहरूले अंश पाउने गरी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।६।२६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : बिमला पौडेल / विकाश कुमार रजक

इति संवत् २०७४ साल मङ्सिर २२ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१३७९, केही सार्वजनिक अपराध, *कालिकान्त झासमेत वि. नेपाल सरकार*

वादीतर्फबाट उपस्थित साक्षीहरू बलदेव साह, रामचन्द्र राय र लखन साहसमेतले बोक्सीको आरोपमा गुलावदेवी झालाई कुटपिट गरी कपाल काटी गरगहनासमेत प्रतिवादीहरूले लुटेको भनी बकपत्र गरेको देखिन्छ । मिसिल संलग्न रहेका उपर्युक्त तथ्यहरूबाट प्रतिवादीहरूले जाहेरवाली गुलावदेवी झालाई बोक्सीको गाली गलौज गरी घरबाट बाहिर ल्याई कुटपिट गरी कपाल काटिदिएको तथा प्रतिवादीहरूले जाहेरवाली गुलावदेवी झाको घरमा अनधिकृत रूपमा प्रवेश गरी हुल हुज्जत गरी बेइज्जत गरी निजको सम्पत्तिसमेत क्षति पुऱ्याउने कार्य गरेको देखिएबाट प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेको पुष्टि हुन आउने।

वारदातको प्रकृतिबाट प्रतिवादीहरूको कार्य सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ अन्तर्गतको कसुर देखिन आएको र सोअन्तर्गतको कसुरको अभियोगमा ऐ.ऐनको दफा ६ ले कारबाही र किनारा गर्ने अधिकार क्षेत्र जिल्ला प्रशासन कार्यालयमै रहे भएको देखिँदा प्रस्तुत विवाद निरूपण गर्ने क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालयलाई नभएको भन्ने विद्वान् कानून व्यवसायीको बहससँग समेत सहमत हुन नसकिने।

प्रतिवादीहरूको परिवारको एउटा बच्चाको मृत्यु भएको अवस्थामा आक्रोशित उत्तेजित भई प्रस्तुत घटना घट्न गएको देखिएको छ । तत्कालीन अवस्था परिस्थिति एवं तत्कालीन कानूनी व्यवस्था हेर्दा प्रतिवादीहरूलाई ६ महिना कैदको सजाय भएमा पनि उक्त ऐनको मनसाय पुरा हुने देखियो । तसर्थ, प्रतिवादीहरूलाई १ वर्ष कैदको सजाय गर्ने गरेको जिल्ला प्रशासन कार्यालय, धनुषाको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत धनुषाको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरूलाई जनही ६ महिना कैदको सजाय हुन्छ । जरिवाना र क्षतिपूर्तिको हकमा मिलेकै देखिँदा केही गरिरहनु नपर्ने।

इजलास अधिकृतः केदारनाथ पौडेल

इति संवत् २०७४ साल कार्तिक २९ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-१५५७, अंश चलन,

*सुदिप खड्का वि. उत्तमकुमार खड्का*

कि.नं.३१, ३२, ३४ र ३५ को जग्गाहरू मिति २०२७।३।८ मा राजीनामा पारित भई पुनरावेदकमध्येको जेत्नकुमारीको नाममा आएको देखिएको छ । उक्त मिति २०२७।३।८ गतेको पारित लिखतमा दाइजोको रकमबाट खरिद गरेको प्रस्ट बेहोरा उल्लेख भएको देखिन्छ । प्रतिवादीमध्येका टपेन्द्रबहादुरले फिराएको प्रतिउत्तरपत्रमा उक्त कित्ता जग्गाहरू जेत्नकुमारीको माइतीतर्फबाट दिएको रकमबाट खरिद गरेको निजी प्रकृतिको हो, आफूखुस गर्न पाउने, अन्य कसैको बन्डा नलाग्ने सम्पत्ति हो भनी उल्लेख गरेको पाइन्छ । अंशियारमध्येका प्रतिवादी नबनाइएका पदमबहादुर खड्कालाई मुलुकी ऐन, अ.बं.१३९ नं. बमोजिम बुझ्दा निजले समेत काठमाडौंमा जेत्नकुमारीको नाममा रहेको घर जग्गा बन्डा गर्नुपर्ने होइन । पहाडको जग्गाहरू बन्डा लाग्ने हुँदा मैलेसमेत अंश पाउनुपर्छ भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ । यदि उक्त जग्गा सगोलको भएको भए आफ्नो हकसमेत गुम्ने गरी प्रतिवादी जेत्नकुमारीको सौतेनी छोरा पदमबहादुरले त्यस्तो बयान गर्नुपर्ने कारण पनि देखिँदैन । यसैगरी जेत्नकुमारीको नाममा रहेको उक्त जग्गा र घर मिति २०५९।११।६ को र.नं. १०१७३ बाट हालैदेखिको बकसपत्रबाट पुनरावेदक शुभाष खड्का र सुदिप खड्काको नाममा लिखत पारित भएको र उक्त पारित हालैदेखिको बकसपत्रको लिखतउपर प्रत्यर्थी वादीले कुनै चुनौती दिएको पनि नदेखिने।

नेपाली समाजमा महिलाको तत्कालीन आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, साँस्कृतिक तथा पारिवारिक परिवेशलाई मनन गरेर नै महिलाको आर्थिक अधिकार र हैसियत सुरक्षित गर्न, आत्मसम्मान र आत्मनिर्भरतामा विचलन आउन नदिन तथा केही खास स्रोतबाट आएका सम्पत्ति महिलाले आफूखुस गर्न सक्दा समाजको लैंगिक सन्तुलनसमेत कायम गर्न केही हदसम्म भएपनि सहज हुन सक्छ भन्ने पवित्र अभिप्रायबाट स्त्री अंशधनको महलअन्तर्गत महिलाको सम्पत्तिको सम्बन्धमा केही विशेष व्यवस्था गरेको देखिन आउने । मुलुकी ऐनको अंशबन्डाको महलको १८ नं. मा मिति २०३४।९।२७ मा भएको संशोधनले स्त्री अंशधनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुस गर्न पाउने कानूनी व्यवस्थालाई आत्मसात् गरेको देखियो । मूल रूपमा आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउने कुरा साबिक र हालको स्त्री अंश धनको ५ नं. ले कायमै राखेको देखिँदा पुनरावेदकमध्येकी जेत्नकुमारीको नामको साबिक कि.नं.३१, ३२, ३४ र ३५ का जग्गाहरू र घर दाइजोबाट प्राप्त गरेको स्त्री अंश धनको ५ नं. अन्तर्गतको सम्पत्ति हुँदा आफूखुस गर्न पाउनेमा विवाद नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट दाइजोको रकमबाट खरिद गरेको पुनरावेदकमध्येकी जेत्नकुमारी खड्काको नामको मिति २०२७।३।८ मा पारित लिखतबाट प्राप्त भएको साबिक कि.नं.३१, ३२, ३४ र ३५ का जग्गा हाल मिति २०५९।११।६ को र.नं.१०१७३ बाट हालैदेखिको बकसपत्रबाट पुनरावेदक सुभाष खड्का र सुदिप खड्काको नाममा गएको कि.नं. ४१३ को ०-६-१-१ को जग्गा र घर जेत्नकुमारी खड्काको आफूखुस गर्न पाउने आफ्नो आर्जनको घर जग्गा सम्पत्ति देखिएकोले उक्त जग्गा र घरसमेत सगोलको सम्पत्ति कायम गरी बन्डा लगाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।१०।२४ मा भएको फैसला सो हदसम्म मिलेको देखिन आएन । तसर्थ पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म उल्टी हुने ठहर्छ । पुनरावेदक प्रतिवादी जेत्नकुमारीको साबिक कि.नं.३१, ३२, ३४ र ३५ को हाल कायम भएको कि.नं.४१३ को दाइजो प्राप्त गरेको आफूखुस गर्न पाउने घर, जग्गा, सम्पत्ति

बन्डा नलाग्ने गरी दोलखा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल कार्तिक ८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CI-०१६२, अंश दर्ता, *विशेश्वर साह सुडी वि. परमेश्वरी देवीसमेत*

वादी प्रतिवादीहरू एकासगोलका अंशियार देखिएका, विधिवत् रूपमा अंशबन्डा भएको नदेखिएको र अंशको दाबी गरी प्रस्तुत मुद्दा दायर भएपछि प्रतिवादी पति / पिताको मृत्यु भए पनि वादीहरूले प्रस्तुत मुद्दासमेतमा फैसला नहोस् भन्ने कुनै जिकिर पनि नगरेका र अंशियारबिच समयमै बन्डाको व्यवहार मिलाई परिवारबिच झैझगडा अन्त गरी परिवारमा शान्ति र अमनचयन कायम राखी रहन उपयुक्त हुने देखिँदा अंशबन्डा गरिदिने कुरामा विवाद राखिरहन उपयुक्त नहुने ।

वादीहरूका पति / पिता विशेश्वरप्रसाद साहले नै खान लाउन दिएन घरबाट निकाला गर्‍यो भनेका छन् । वादीहरूका पति / पिता प्रतिवादी विशेश्वरप्रसाद साहको मृत्यु भए पनि निजका नाउँमा समेत सम्पत्ति दर्ता रहेको अवस्था छ । निजको स्वर्गेपछि निजको नाउँको सम्पत्ति वादीमध्येकी निजकी पत्नी परमेश्वरी देवीको नाउँमा नै आउने हुन्छ । अन्तत: सबै सम्पत्ति वादीहरूमध्येकै नाउँमा आइरहेपनि अन्तत: बन्डा गर्नु पर्ने नै हुन्छ । वादीहरूले नै अंश मुद्दा दिएका र अन्य वादीहरूकी आमा वादीमध्येकी परमेश्वरी देवीसमेतको नाउँमा जग्गा रहेको देखिँदा प्रतिवादी जीवितै रहेको अवस्था भएको भए पनि अन्तत: यी वादीहरू सबैले यही अंश मुद्दाबाट नै अलग हुने गरी एक अर्काबाट अंश छुट्याई लिन पाउने हुँदा अहिले प्रतिवादीको मृत्यु भएको र मुद्दाका पक्ष वादीहरू मात्र जीवित रहेको कारणले प्रस्तुत मुद्दा फैसला नगरे पनि हुन्छ फैसला गर्न आवश्यक पर्दैन भनी भनी हाल्न मिल्ने अवस्था नदेखिने ।

वादी प्रतिवादीहरूले तायदाती फाँटवारीमा पेस गरेका सम्पत्तिमध्ये फिरादी रामचन्द्र साह सुडीका नाम दर्ताको तारापट्टि सिर्सिया ७ को कि.नं. ७२९ र कि.नं. ३९९ को जग्गाहरू वादी रामचन्द्र साह सुडीले राम उतारी सुडीनबाट हालैको बकसपत्रद्वारा प्राप्त गरेको देखिन आउँछ । वादी रामचन्द्र साह सुडीले अंशियारदेखि बाहिरको व्यक्ति राम उतारी सुडीनबाट बकसपत्रको लिखतद्वारा प्राप्त गरेको उक्त जग्गा कि.नं. ३२४ बाट कित्ताकाट भई प्राप्त हुन आएको र सो जग्गा निजी हुँदा बन्डा गर्नुपर्ने नदेखिने । कुनै अंशियारको निजी आर्जनको सम्पत्ति बन्डा गर्न कर लाग्दैन भनी व्याख्या गर्दा मुलुकी ऐन, अंशबन्डाको महलको १० नं. ले आमा बाबुको दायित्वसमेतलाई विचार गर्नुपर्ने हुन्छ । अंशबन्डाको १० नं. को कानूनी व्यवस्थाबाट लोग्ने वा बाबु आमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्ति छोरा छोरी र श्रीमतीको लागि बन्डायोग्य सम्पत्तिको रूपमा पैतृक सम्पत्ति सरह नै मान्नु पर्ने हुन्छ । रामचन्द्र साहसमेतका व्यक्तिहरू यी परमेश्वरीदेवीका छोरा भई यिनी मातहतका अंशियार सन्तान हुँदा निजी भए पनि उक्त कि.नं.१७९ को जग्गा अंशियारहरूका बिचमा बन्डा गर्नु पर्ने देखिन आउने ।

वादी परमेश्वरीदेवीका नाम दर्ताको जनकपुर न.पा. वडा नं.१ कि.नं. २७ को०-०-१३ जग्गा प्रतिवादी विशेश्वर साह सुडीले मिति २०६४/३/३२ मा र.नं. ६१५७(ग) बाट कृष्णदेवी पूर्वेलाई राजीनामा गरिदिएकोमा यसै लगाउको मुद्दा नं.०६९-CI-०२२५ को लिखत बदर मुद्दासमेतबाट समुच्च लिखत बदर भई परमेश्वरीदेवीका नाममा कायम हुन आएको कि.नं. २७ को जग्गाबाट समेत यी वादीहरूले अंश पाउनु पर्ने देखिन्छ । तसर्थ रामचन्द्र साह सुडीका नाम दर्ताको तारापट्टी सिर्सिया ७ को कि.नं. ७२९ र कि.नं. ३९९

को जग्गाबाहेक वादि प्रतिवादीले तायदाती फाँटवारीमा पेस गरेका सम्पूर्ण सम्पत्ति र लिखत बदर मुद्दाबाट वादी परमेश्वरीको नाउँमा कायम हुन आएको कि.नं. २७ समेतबाट वादीहरूले अंश पाउनु पर्ने देखिने।

वादी प्रतिवादीहरू ६ जना अंशियार देखिएकामा प्रतिवादी विशेश्वर साह सुडीको मिति २०७३।०३।२५ मा मृत्यु भएको भन्ने मिसिल संलग्न रहेको मृत्यु दर्ताको प्रमाण पत्रबाट देखिँदा अब ५ जना वादीहरू मात्र अंशियार कायम हुन आए। तसर्थ बन्डा गर्नु पर्ने सम्पूर्ण सम्पत्तिलाई ५ भाग लगाइ ५ भागको १/१ भाग अंश वादीहरूले पाउनु पर्ने देखिने।

अत: पुनरावेदन अदालत जनकपुरको मिति २०६८।०८।१२ को फैसला केही उल्टी भई रामचन्द्र साह सुडीका नाम दर्ताको तारापट्टी सिर्सिया ७ को कि.नं. ७२९ र कि.नं. ३९९ को जग्गाबाहेक वादी प्रतिवादीले तायदाती फाँटवारीमा पेस गरेका सम्पूर्ण सम्पत्ति र यसै लगाउको मुद्दा नं.०६९-CI-०२२५ को लिखत बदर मुद्दाबाट लिखत बदर भई परमेश्वरीदेवीका नाममा कायम हुन आएको कि.नं. २७ को ०-०-१३ जग्गालाई ५ भाग लगाई ५ भागको १/१ भाग अंश वादीहरूले अंश छुट्टाई लिन पाउने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०६९-CI-०२२५, ०६९-CI-०२२७ र ०६९-CI-०२२८, लिखत बदर दर्ता, *कृष्णदेवी पूर्वे वि. परमेश्वरीदेवी, विशेश्वर साह सुडी वि. परमेश्वरीदेवी र परमेश्वरीदेवी वि. विशेश्वर साह सुडीसमेत*
- ०६९-CI-०२२६ र ०६९-CI-०६२६, लिखत दर्ता बदर दर्ता, *कृष्णादेवी पूर्वे वि. रामचन्द्र साहसमेत, परमेश्वरीदेवी र परमेश्वरीदेवी वि. रामचन्द्र साहसमेत*
- ०६९-CI-०४४३, जालसाजी, *परमेश्वरीदेवी र परमेश्वरी देवी वि. विशेश्वर साह सुडीसमेत*

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CI-१०६३, निर्णय बदर हक कायम, *सावित्री बुढाथोकी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

वादीले पेस गरेको मौजा टोखाको रै.नं. ९७३ को लगतमा खेत भनी जनिएको र फिल्डबुको कि.नं. १७१ को जग्गाको फिल्डबुकमा भीर भनी जनिएको देखिँदा वादी दाबीको लगत र फिल्डबुकको बेहोरा र क्षेत्रफल एकआपसमा फरक फरक देखिई एक अर्कोसँग मिलेको नदेखिँदा मौजा टोखाको रै.नं. ९७३ को जग्गा नै सर्भे नापीको कि.नं. १७१ हो भन्न सक्ने स्थिति देखिएन। सो कि.नं १७१ को जग्गा दाबीको लगतभित्रको हो भनी वादीले पुष्टि गर्न सकेको पनि नदेखिने।

सुरू अदालतको आदेशानुसार भएको मिति २०६७।५।२० को नक्सा मुचुल्का हेर्दा, न.नं ३ मा विवादित कि.नं १७१ जनिई सो जग्गा वादीको भोगमा रहेको भनिएको र जसमा हाल न.नं. ४ तर्फ मकै खेती भएको भनी उल्लेख भएको देखिन्छ। कि.नं. १७१ को पूर्वतर्फ न.नं. ४ मा कि.नं. ३६ जनिई सो कित्ता साबिकमा वादीकै बाबु बाजेको भई हाल सो जग्गामा सोनाम डोल्मा गुरूङको भोग रहेको भन्ने देखिन्छ। उक्त जग्गाको उत्तरतर्फ न.नं १ मा कि.नं. १७२ जनिई सो कित्तामा काले कामी भन्नेको खाली जग्गा रहेको, र कि.नं. १७१ को दक्षिणतर्फ न.नं. ६ मा कि.नं. १७४ जनिई सो कित्ता विष्णु के.सी.को जग्गा रहेको भनी उल्लेख भएको र कि.नं. १७१ को पश्चिमतर्फ न.नं. २ मा खहरे खोल्सी भनी उल्लेख भएको देखिन्छ। यस आधारमा खहरे खोल्सीसँग जोडिएको सर्भे नापीका समयदेखि भीरपाखो जनिएको रूख विरूवा भएको

कि.नं. १७१ को जग्गामा आफ्नो हक दाबी पुग्नको लागि चाहिने हाल साबिक भिड्ने लगत, तिरो तिरेको रसिदलगायतका तथ्यपूर्ण प्रमाण पुनरावेदकले पेस गर्नु पर्नेमा सोसमेत पेस गर्न सकेको नदेखिने।

मालपोत ऐन, २०३४ को दफा २(ख)(२) मा सरकारी जग्गाको परिभाषाभित्र "...जंगल नदी, खोला, नाला ..भीर, पहरा, डगर, बगर ...समेतलाई जनाउँछ।" भनी उल्लेख गरेको र "भीर" लाई पनि सरकारी जग्गा भनी मानेको देखिन्छ। यस आधारमा पनि फिल्डबुकमा भीर जनिएको जग्गा सार्वजनिक सरकारी जग्गा हो भन्ने कुरामा विवाद देखिएन। साथै ऐ.ऐनको दफा २४(२) मा "...सार्वजनिक सरकारी जग्गा जो जसको नाममा जुनसुकै तरिकाबाट दर्ता वा भोग कायम भएको भए पनि त्यस्तो जग्गा जहिलेसुकै पनि नेपाल सरकारको नाममा कायम हुन सक्ने..." भनी व्यवस्था गरेको स्थितिबाट पनि सार्वजनिक सरकारी जग्गा नेपाल सरकारका नाउँमा दर्ता गर्न बाँकी भनी लेखिएको हुँदा व्यक्ति विशेषका नाउँमा दर्ता गर्न नमिल्ने भनी गरिएको मालपोत कार्यालय डिल्लीबजारको मिति २०६६/०४/२३ को निर्णयलाई अन्यथा भन्न मिल्ने पनि नदेखिने।

यसरी माथि उल्लेख भएको आधार कारणसमेतबाट वादीले दाबीमा लिएको टोखा रै.नं.९७३ को साबिक लगतभित्रको जग्गा नापीका बखत कि.नं. १७१ को जग्गा नापी भएको हो भनी प्रमाणबाट पुष्टि गर्न नसकेको, मौकामा नापी हुँदा भीर जनिएको विषयमा कहीँकतै उजुर बाजुर गरिएको थियो भनी वादीले भन्न र लेख्न सकेको अवस्था पनि नभएको, नापीका बखत भीर जनिएको र सोअनुसार मोठ लगत खडा भई नेपाल सरकारको नाउँमा दर्ता बाँकी देखिएको जग्गालाई वादीको दाबीकै आधारमा मात्र वादीको नाउँमा दर्ता गर्न मिल्ने अवस्था पनि देखिन नआउने।

अतः वादी दाबी नपुग्ने ठहऱ्याइएको पुनरावेदन अदालत पाटनबाट मिति २०६८/१/२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल
कम्प्युटर : पद्मा आचार्य
इति संवत् २०७५ साल असार ५ गते रोज ३ शुभम्।

## इजलास नं. १२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७३-CR-१३९४, ०७३-CR-१३९५ र ०७३-CR-१३९६, जालसाजी, *लक्ष्मी श्रेष्ठ वि. अन्नपूर्ण श्रेष्ठ, शैलेश श्रेष्ठ वि. अन्नपूर्ण श्रेष्ठ र रामकृष्ण श्रेष्ठ ख्वाखली वि. अन्नपूर्ण श्रेष्ठ*

पुनरावेदक प्रतिवादी शैलेश श्रेष्ठ र प्रत्यर्थी वादी अन्नपूर्ण श्रेष्ठ पति पत्नी भई एकासगोलका अंशियार रहेको कुरामा विवाद देखिँदैन। दुवै पति पत्नीबिच पारिवारिक मनमुटावका कारण सम्बन्ध राम्रो नरहेको र सोही कारणबाट पुनरावेदक प्रतिवादी शैलेश श्रेष्ठले सम्बन्ध विच्छेदको सिफारिस लिन काठमाडौं महानगरपालिकामा निवेदन दिई पुनः उक्त निवेदन फिर्ता लिई तामेलीमा गएको देखिन्छ। दुवैबिच सम्बन्ध विच्छेदको सिफारिस लिन दिएको निवेदन तामेलीमा गएपछि मिति २०६३।४।१४ मा कि.नं. ६०८ को क्षेत्रफल ०-१०-०-० जग्गा र सो जग्गामा बनेको घरसमेत आफ्ना आमा बुबाबाट अंशबापत लिई अरू सबै घरजग्गामा दाबी नगर्ने गरी अंश छोडपत्रको लिखत गरेको देखिन्छ। यसै मुद्दासाथ लगाउमा रहेको यिनै वादी प्रतिवादी भएको अंश चलन मुद्दामा पेस भएको तायदाती फाँटवारीबाट पुनरावेदक प्रतिवादीहरू रामकृष्ण श्रेष्ठ र देवलक्ष्मी श्रेष्ठका नाममा काठमाडौं तथा भक्तपुरका विभिन्न ठाउँमा विभिन्न कित्ता जग्गाहरू रहेको देखिन्छ। पुनरावेदक शैलेश श्रेष्ठको नाममा मिति २०६३।४।१४ मा पारित अंश छोडपत्रको लिखतबाट निजले प्राप्त गरेको घरजग्गाभन्दा निकै

बढी क्षेत्रफलका जग्गा जमिनहरू बाँकी रहेको देखिन्छ । आफ्ना आमा बुबाको नाममा रहेको धेरै गुणा बढी सम्पत्तिहरू छोडी एउटा सानो टुक्रा घरजग्गा लिई अंश छोडपत्रको लिखत गरेको देखिएको स्थितिलाई सामान्य मान्न सकिने नदेखिने । यसरी आफ्नी श्रीमतीसँग मनमुटाव भई सँगै बस्न नसकेको अवस्थामा निजलाई अंश दिनुपर्ने भएमा पनि सानो सम्पत्तिको भाग दिने दूषित मनसाय राखी गरिएको उक्त अंश छोडपत्रको लिखतलाई सुरू काठमाडौं जिल्ला अदालतले वादी अन्नपूर्ण श्रेष्ठको हकमा सम्म जालसाजी घोषित गरेको फैसलालाई पुनरावेदन अदालतसमेतले सदर गरेको फैसला न्यायको रोहमा मिलेकै देखिन्छ । साबिक मुलुकी ऐनको अंशबन्डाको महलले अंशबन्डा गर्दा नरम गरम मिलाई समानुपातिक हिसाबले गर्नुपर्छ, घटीबढी पार्नु हुँदैन भनी भनेको पाइन्छ । अंशियारहरूबिच सम्पत्तिको बाँडफाँटमा समान दृष्टिकोण हुनुपर्ने सामान्य सिद्धान्तविपरीत यी पुनरावेदक प्रतिवादी शैलेश श्रेष्ठले अंश छोडपत्र गरी प्राप्त गरेको कूल सम्पत्तिको दाँजोमा सम्पत्तिको सानो अंश भाग लिएको बेहोरालाई जालसाजपूर्ण होइन भनी भन्न सक्ने तर्कसङ्गत अवस्था नदेखिने ।

साथै पुनरावेदक प्रतिवादीहरूको जिकिर एकछिनलाई मान्ने हो भने पनि प्रतिवादी शैलेश श्रेष्ठको आफ्नो आमा बुबाहरूसँग मन नमिली छुट्टै बस्नुपर्ने भए आमा बाबु र यी प्रतिवादी छोराबिच विधिसम्मत तरिकाबाट अंशबन्डा हुनुपर्थ्यो तर त्यस्तो नभई छोराले एउटा सानो जग्गा र घर लिई अंश छोडपत्र गरेको देखिन्छ । प्रस्तुत विवादमा अंश छोडपत्र गरेको कारण निज प्रतिवादी शैलेश श्रेष्ठसँग आस्रित वादी अन्नपूर्ण श्रेष्ठलाई प्रत्यक्षतः असर परेको देखिएको दृष्टिकोणबाट समेत पुनरावेदक प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिरसँग अंशबन्डाको मूलभूत सिद्धान्तको हिसाबले सहमत हुन नसकिने ।

तसर्थ, विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत पुनरावेदक प्रतिवादी शैलेश श्रेष्ठले गरेको मिति २०६३।४।१४ को र.नं. २२८(क) को अंश भरपाई कागज वादीको हकमा जालसाजीपूर्ण घोषित गरी निष्क्रिय हुने र प्रतिवादीहरूलाई जालसाजीतर्फ सजाय गर्नु नपर्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।८।१२ को फैसला मनासिब भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०२।१९ मा सुरू सदर हुने ठहऱ्याएको फैसला कानून र न्यायको रोहमा समेत मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः धनसिंह गिरी

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल असार ३० गते रोज २ शुभम् ।

- यसै लगाउको ०७३-CI-१५३८, ०७३- CI-१५३९ र ०७३- CI-१५४०, अंश चलन, *रामकृष्ण श्रेष्ठ ख्वाखली वि. अन्नपूर्ण श्रेष्ठ, लक्ष्मी श्रेष्ठ र अन्नपूर्ण श्रेष्ठ र शैलेश श्रेष्ठ वि. अन्नपूर्ण श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**इजलास नं. १३**

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-००२१, कर्तव्य ज्यान, *नरेन्द्र शाही वि. नेपाल सरकार*

प्रतिवादी कसुर गरेकोमा मौकामा साबित भए पनि उक्त साबितलाई मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट वादी पक्षले प्रमाणित गर्न सकेको देखिँदैन । Central Police Forensic science Laboratory बाट जाँच भई आएको मृतक विनितादेवी शाहीको Viscera Test को Report मा Negative भनी उल्लेख भएको देखिन्छ । यस तथ्यबाट निज मृतकको मृत्यु यी प्रतिवादीले लाइव भिटा टोनिकमा विष मिसाई

खान दिएको कारण निज मृतकको मृत्यु भएको भन्ने अवस्था पनि देखिन नआउने ।

प्रतिवादी नरेन्द्र शाहीले मौकामा बयान गर्दा मृतक श्रीमतीलाई मारेको भन्ने कसुरमा साबित रहे पनि निजले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहेको पाइन्छ । मौकामा प्रतिवादीले श्रीमतीलाई लाइव भिटा भन्ने भिटामिनमा किटनाशक विषादी राखी खुवाएको भने पनि विषादीको सिसी बरामद हुन सकेको देखिएन । मौकामा मृतकको बान्तालगायतका भिसेरा परीक्षण गर्न पठाई प्राप्त भएको प्रतिवेदनमा विषादी Negative भनी उल्लेख हुँदा प्रतिवादीले मृतकलाई किटनाशक विषादी खुवाई मारेको भन्ने प्रतिवादीको मौकाको साबिती बयानलाई समर्थन र पुष्टि हुन सकेको अवस्था देखिन आएन । यस अवस्था र आधारबाट यी प्रतिवादीले मृतक श्रीमतीलाई किटनाशक विषादी खुवाई मारेको भन्ने अभियोग दाबी नै पुष्टि हुन सकेको देखिएन । मिसिल संलग्न प्रमाण कागजातसमेतबाट अन्य परिस्थितिजन्य स्वतन्त्र, भौतिक एवं वस्तुगत प्रमाणहरूले पनि प्रतिवादी विरूद्धको कसुरको दाबीलाई पुष्टि गर्न सकेको देखिन आएन । प्रतिवादीको मौकाको कसुरप्रतिको साबिती बयान विशेषज्ञको परीक्षण प्रतिवेदनजस्तो स्वतन्त्र एवं भौतिक प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा सो साबितीलाई निज विरूद्धको कसुर पुष्टि हुने प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिन नआउने । ज्यानजस्तो गम्भीर फौजदारी कसुरमा शंका र अनुमानको भरमा मात्र प्रतिवादीलाई कसुर कायम गरी सजाय गर्न फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुने देखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १,१३(२) बमोजिमको कसुरमा ऐ. ऐनको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२/०९/२१ गतेको फैसला कानून, न्याय र प्रतिपादित सिद्धान्तको आधारमा नमिलेको हुँदा सो फैसला उल्टी भई प्रतिवादी नरेन्द्र शाहीले अभियोग माग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल असोज १ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-१६५२, जबरजस्ती करणी, *दुर्गाधन सुनुवार वि. नेपाल सरकार*

प्रतिवादी आरोपित कसुरमा अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा समेत इन्कार हुनुको अतिरिक्त पीडितको पाटन अस्पतालमा स्वास्थ्य परीक्षण रिपोर्ट गर्ने क्रममा जबरजस्ती करणीका लक्षणहरू नदेखिएको, प्रतिवादीको *Semen* समेत केही नभेटिएको भन्ने देखिए पनि यी प्रतिवादीले लगाएको पाइन्टमा लागेको *Semen* र घटनास्थलमा संकलन गरिएको दागलाई प्रतिवादी दुर्गाधन सुनुवारको *sample* निकालेको रगतसँग परीक्षण गर्दा मिले भिडेको भनी रिपोर्टमा *Positive* भनी लेखी आएको अवस्थाबाट प्रस्तुत जबरजस्ती करणीको वारदातमा यी प्रतिवादीको वीर्य स्खलन भएको कुरामा विवाद देखिएन । प्रतिवादी कसुरप्रति इन्कार रहे पनि र साथै पीडित स्वयं अदालतमा उपस्थित भई आफूलाई प्रतिवादीले कुनै त्यस्तो जबरजस्ती करणीको कार्य नगरेको भने पनि वारदातस्थलबाट संकलन गरिएको वीर्यको दागसँग प्रतिवादीको पाइन्टमा लागेको वीर्य र वीर्यबाट निकालिएको रगतको परीक्षण जाँच गर्दा मिले भिडेको भन्ने विशेषज्ञको परीक्षण रिपोर्टले प्रतिवादी उक्त वारदातमा संलग्न रहेको भन्ने तथ्यलाई भने पुष्टि गर्ने । प्रतिवादी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र साथै अदालतको बयानमा कसुरप्रति इन्कार रहे पनि र साथै पीडित स्वयं अदालतमा उपस्थित भई प्रतिवादीलाई आरोपित कसुरबाट उन्मुक्ति दिए पनि विशेषज्ञको उपर्युक्त परीक्षण प्रतिवेदनले भने

प्रतिवादीको उपर्युक्त इन्कारी बयान र पीडितले प्रतिवादीको पक्षमा गर्न सक्ने बकपत्रलाई भने समर्थन गरेको पाइँदैन । परीक्षण प्रतिवेदन स्वतन्त्र एवं भौतिक प्रमाण भएको हुँदा प्रतिवादीको कसुरप्रतिको इन्कारी बयान र कसुर विरूद्धको एवं प्रतिवादीको समर्थनको पीडितको बकपत्रभन्दा विशेषज्ञको परीक्षण प्रतिवेदनलाई नै बढी भरपर्दो एवं निष्पक्ष एवं स्वतन्त्र प्रमाणको रूपमा नै लिनुपर्ने ।

पीडिताले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गर्दा गर्दै वीर्य बाहिर झरेको भन्ने कथनलाई मौकामा घटनास्थलबाट उठाइएको वीर्यको दाग र प्रतिवादीको पाइन्टमा लागेको वीर्यको संकलनको क्रियाले नै पुष्टि गरेको छ । पीडितालाई जबरजस्तीसँग यौन क्रिया एवं करणी गर्ने कार्यमा निज संलग्न रहेको उपर्युक्त तथ्यले पुष्टि गर्दछ । विवाहिता निज पीडिताको कन्याजाली च्यातिएको हुनु स्वाभाविकै भए पनि मौकामा निजले आफूलाई प्रतिवादीले घोप्टो पारी पछाडिबाट जबरजस्ती करणी गरेको र निजको वीर्य भुइँमा झरेको भन्ने पीडिताको कथनले यी प्रतिवादीले जाहेरवाली पीडितलाई निजको इच्छाविपरीत पछाडिबाट समाई आफ्नो उत्तेजित लिङ्ग घर्षण गराई पीडितको सुरूवालमा वीर्य स्खलन गराएको अवस्था हुँदा यी प्रतिवादीले जबरजस्ती करणीको प्रयास गरेको भन्ने देखियो । पीडितको शारीरिक परीक्षण हुँदा निजको गुप्ताङ्गमा प्रतिवादीको Semen नपाइनुको साथै पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट करणी नै गरेको कुरा प्रमाणित नभई रहेको अवस्थासमेतबाट यी प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणी गर्न खोजेको तर करणी हुन नसकेको देखिँदा जबरजस्ती करणीको महलको ५ नं. अनुसार जबरजस्ती करणीको उद्योग गरेको देखिन आयो । यसर्थ पुनरावेदन अदालत पाटनको मिति २०७३/११/२४ को फैसला उल्टी भई प्रतिवादी दुर्गाधन सुनुवारलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योगको कसुरमा ऐ. ऐनको ५ नं. बमोजिम २ वर्ष ६ महिना कैद गर्ने गरेको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७३/०२/१८ गतेको फैसला मिलेको हुँदा सो फैसला सदर हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल असोज १ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-१२९८, अंशबन्डा, *ऋषिराम अधिकारी वि. गिता अधिकारी*

पुनरावेदक प्रतिवादी ऋषिराम अधिकारीका पिता मुक्तिनाथका जेठी श्रीमतीतर्फबाट यी प्रतिवादी ऋषिराम अधिकारीको जन्म भएको र प्रत्यर्थी वादी गीता अधिकारीसँग मुक्तिनाथले दोस्रो विवाह गरेको भन्ने मिसिलबाट देखिन्छ । प्रत्यर्थी वादी र यी प्रतिवादीबिच सौतेनी आमा छोराको अंशियार नाता पर्ने स्पष्ट रूपमा नै देखिएको अवस्थामा पनि प्रतिवादीले प्रतिउत्तरमा यी वादीलाई आफूसँग कुनै नाता सम्बन्ध नै नभएको र आफूले निजलाई चिनेकोसम्म छैन भनी जिकिर लिएको अवस्था देखिँदा प्रतिवादीको सो बेहोराबाट वादीलाई समेत पालन पोषण गर्दा ऋण लागेको भनी भन्न मिल्ने अवस्था नै देखिँदैन । वादीले पेस गरेको नागरिकताबाट वादी अंशियार नाताको देखिएको र वादीका पति तथा प्रतिवादीका पिताका पालाको पैतृक सम्पत्ति एवं सोबाट बढे बढाएको एकासगोलको सम्पत्तिबाट वादीले अंश पाउनु निजको कानूनी हक नै भएको देखिँदा तायदातीमा पेस भएको सम्पत्तिबाट बन्डा लाग्ने ठहर भएको देखिन्छ । वादीलाई चिनेकोसम्म छैन भनी जिकिर लिएको र आफ्नो कुनै आयस्रोत नभएको भनी प्रतिवादीले प्रतिउत्तरमै उल्लेख गरेको देखिन्छ । वादी, प्रतिवादीका पिता मुक्तिनाथकी कान्छी श्रीमती रहेकी र निज लामो समयदेखि माइतमा नै बस्दै आएकी भन्ने मिसिलको तथ्यबाट देखिन्छ ।

वादी गिता प्रतिवादीकी सौतेनी आमा रहेकी र निज घरमा नबसी लामो समयदेखि नै माइतमा बस्दै आएको भन्ने मिसिलको तथ्यबाट देखिँदा प्रतिवादी नै घरमा बस्दै आई आफ्नो घर व्यवहार सम्हाल्दै र सञ्चालन गर्दै आएको देखिन्छ, बुझिन्छ। वादी गिता प्रतिवादीसँग घरमा बस्दै नबसेकीमा प्रतिवादीले आफ्नो मात्र रहेको घर परिवारमा घर व्यवहार चलाउन लिएको ऋणमा घरमा नै बस्दै नबसेकी यी व्यक्तिलाई दायित्व ठहऱ्याउन न्यायोचित हिसाबले मिल्ने देखिन आउँदैन। अर्थात् प्रतिवादी सौतेनी छोराले लिएको ऋणबाट सौतेनी आमा नाता पर्ने यी वादीको हक हितमा खर्च भएको भन्ने एवं सो ऋणबाट प्रतिवादीले वादीलाई समेत बन्डा लाग्ने सम्पत्ति खरिद गरेको भन्नेसमेत नदेखिएको अवस्थामा प्रतिवादीले देखाएको ऋण यी वादीलाई समेत बन्डा लगाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणबाट सुरू चितवन जिल्ला अदालतको मिति २०७१।३।३० को फैसला केही उल्टी गरी तायदातीबमोजिमको सम्पत्तिबाट दुई भागको १ भाग अंश वादीले पाउने र साना किसान सहकारी संस्थाबाट लिएको ऋण बन्डा लाग्ने ठहऱ्याएको हदसम्म बदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।७।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ढाकाराम पौडेल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल असार २४ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :-

- ०७२-CI-०५३७, लिखत बदरसमेत, *गिता अधिकारी वि. ऋषिराम अधिकारीसमेत*
- ०७२-CR-०३९७, अंशबन्डा, *गिता अधिकारी वि. ऋषिराम अधिकारीसमेत*

## इजलास नं. १४

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-०८००, परमादेश, *चन्द्रसुब्बा गुरूङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कास्की जिल्ला साबिक भगवतीटार हाल माझठाना गा.वि.स.का बाढी पहिरोबाट विस्थापितहरूलाई सोही जिल्लाको साबिक छिनेडाँडा वडा नं. २, ४ र ९ को हाल पोखरा उ.म.न.पा. वडा नं. १४, १५ र १८ मा बसोवास गराउने सम्बन्धमा मालपोत ऐन, २०३४ को दफा ७ (१)क बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६/१०/१५ को निर्णयानुसार, समिति गठन भई सो स्थानमा बाढी पहिरोबाट विस्थापित परिवारहरूको बसोवाससम्बन्धी काम भएको र उक्त गठित समितिले सम्पादन गर्न बाँकी काम गर्नको मिति २०६९/११/२० मा पुनः अर्को समिति गठन भई बाढी पीडितको निवेदन संकलन, बाढी पीडितहरूको पहिचान, जग्गाको प्रकृति, भोगको अवस्था, रेखाङ्कनसमेतका कार्य गरिरहेको र सरकार यस कुरामा अत्यन्तै गम्भीर रहेको बेहोरा नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफमा उल्लेख भएको भए तापनि वि.सं. २०३३ सालका पहिरो पीडितहरूलाई तत्कालीन मन्त्रिपरिषद्को निर्णयबाट कानूनबमोजिम बसोवास गराउने भनी भएको निर्णयलाई यतिका लामो समय भइसक्दा पनि सरकारले प्रदान गरेको भनिएको जग्गाबमोजिमको पुर्जा प्रदान गर्न नसकेको स्थितिबाट नेपाल सरकारको यस कार्यप्रति सन्तोष हुन सक्ने विश्वासिलो आधार देखिन नआउने।

कुनै नागरिकले आफ्नो सामर्थ्यबाट सिर्जना गरेको बसोवाससँग सम्बन्धित सम्पत्तिहरूमा प्रतिकूल

असर पर्ने गरी वञ्चित गर्नु सामान्य अवस्थामा कल्पनासमेत गर्न सकिँदैन। राज्यले एकपटक मानवीय संवेदनशीलतासमेतलाई विचार गरी बसोवासको व्यवस्थापन हुने गरी गरिएको निर्णयलाई व्यावहारिक रूपले कार्यान्वयन गर्नु गराउनु राज्यको दायित्व पनि हो । यस्तो कुरा कार्यान्वयन गर्ने सिलसिलामा व्यवस्थापनको लागि केही पूर्वतयारी तथा समयको समेत आवश्यकता पर्न सक्छ तर उक्त कार्यको कार्यान्वयनको लागि असीमित समयसम्म कुनै निश्चिततामा नपुग्नुलाई कानूनसङ्गत तथा विवेकसङ्गत समेत भन्न सकिने अवस्था रहँदैन । जुन कुरा पीडितहरूको लागि ज्यादै आवश्यकता तथा खान बस्नको उचित प्रबन्ध गर्न पाउनु नैसर्गिक अधिकार पनि हुन आउँछ। तर राज्यले प्रदान गर्ने सुविधा तथा सहुलियत दिनेसम्बन्धी विषय भएको तर यी निवेदकहरूले हकको रूपमा प्राप्त गरी कानूनबमोजिम हक स्थापित भइसकेको अवस्था नदेखिँदा जुन कुरामा हक नै स्थापित भएको छैन त्यस्ता कुरामा रिट जारी गरिरहन पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

संविधान प्रदत्त न्यूनतम मौलिक अधिकारका रूपमा रहेको आवास तथा सोसँग सम्बन्धित बसोवासलाई व्यवस्थित गरी नागरिकको जिउ ज्यानको रक्षा गर्न सरकारले विभिन्न समयमा नागरिकसमक्ष गरेका प्रतिबद्धताहरूलाई तदारूकताका साथ परिपालना गर्नु पर्ने हुन्छ तर त्यस्ता विषयमा सरकारले तदारूकता नदेखाएको भन्ने कुरा प्रस्तुत रिट निवेदनमा निवेदकहरूले उठाएको देखिएकाले राज्यले यी निवेदकहरूलाई एक पटक बसोवासको सुविधा सम्बन्धमा घर निर्माण गर्न इजाजत प्रदान गरी घर निर्माण भइसकेको हो वा होइन ? यी निवेदकहरू वास्तविक पीडित हुन् वा होइनन् ? निजहरूले दैवी प्रकोप पीडितको हैसियतले कुनै सुविधा प्राप्त गरिसकेका छन् वा छैनन् ? हाल निजहरूले माग गरेको स्थानमा बसोवास गर्न दिन उपयुक्त छ वा छैन ? यी निवेदकहरूलाई अर्को स्थानमा रूपान्तरण गर्न सकिने अवस्था छ वा छैन ? सो सम्बन्धमा जो जे बुझ्नु पर्ने हो बुझी यथाशिघ्र उचित निकासा दिनु भनी नेपाल सरकारका नाउँमा निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृत : विष्णुप्रसाद पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल कार्तिक १९ गते रोज २ शुभम्।

- यसै लगाउको ०७०-WO-०८०१, परमादेश, *चन्द्रसुब्बा गुरूङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएका छ।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-WO-००३५, उत्प्रेषण, *मोतीलाल तामाङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

औद्योगिक व्यवसायी ऐन, २०७३ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले मिति २०७२।६।१ मा लागू गरेको संशोधित मापदण्डमा विदेशी वा स्वदेशीलाई विदेशी प्रविधि र ट्रेडमार्क प्रयोग गरी लगानी गर्न रोक लगाएको भन्ने देखिँदैन। ट्रेडमार्क र लगानी कर्ता फरकफरक विषय हुन् । मापदण्डबाट ट्रेडमार्कको नाउँमा असीमित र अनुचित तवरमा रोयल्टी विदेसिन सक्ने कुरालाई नियमन गर्न खोजेको मात्र देखिन्छ। इच्छुक विदेशी तथा स्वदेशी लगानीकर्ताहरूलाई लगानी गर्न रोकेको भन्ने नदेखिँदा संशोधित मापदण्डको दफा ६(२) बमोजिम विदेशी प्रविधि तथा ट्रेडमार्क प्रयोग गरी विदेशी वा स्वदेशी ट्रेडमार्क नै प्रयोग गरेबापत खुद नाफाको १० प्रतिशत वा बिक्री मूल्यको सरकारी करहरूबाहेक ६ प्रतिशत रोयल्टी शुल्कको रूपमा दिन सकिने व्यवस्था

ऐनले प्रत्यायोजित अधिकारअन्तर्गत नै निर्माण भएको भन्ने देखिने।

नेपाल सरकार, उद्योग मन्त्रालयको माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकबाट (मन्त्रीस्तर) को निर्णयबमोजिम औद्योगिक व्यवसाय ऐन, २०७३ को अनूसूची १(५) अनुसार मदिरा तथा वियर उत्पादनमा विदेशी तथा स्वदेशी ट्रेडमार्क प्रयोग गरेबापत नाफाको १० प्रतिशत वा बिक्री मूल्यको सरकारी करहरूबाहेक ६ प्रतिशत रोयल्टीको अंक निर्धारण गरी मिति २०७२।६।१ मा लागू गरिएको मापदण्ड २०७२ निवेदकले उल्लेख गरी दाबी लिएजस्तो नागरिकको हक अधिकारलाई कुण्ठित बनाउने अवस्थाको देखिन नआएको, जारी भई लागू भएको मापदण्ड ऐनले प्रत्यायोजित अधिकारअन्तर्गत रही निर्माण भएको र मिति २०७२।६।१ देखि लागू भएको मिति २०७२/०६/०१ देखि लागू भएको मापदण्डको कुराको सन्दर्भलाई लिएर ढिलो गरी मिति २०७४।४।१६ मात्र निवेदकको निवेदन परेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल कार्तिक ८ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-WO-००५८, उत्प्रेषण / परमादेश, *पुन्नबहादुर शाही वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकले बिदा स्वीकृतिका लागि निवेदन दिएकोमा सो निवेदनउपर कुनै कारबाही नगरेको भन्ने जिल्ला वन कार्यालय, हुम्लाले वन विभागलाई २०७४।०१।२२ मा लेखेको पत्रबाट देखिएको छ । यसरी निजले दिएको निवेदनउपर कुनै कारबाही गरे नगरेको कुनै जानकारी नै नदिई मिति २०७४।०१।२३ बाट हाजिरसमेत हुन नदिएको तथ्य मिसिल प्रमाणहरूबाट देखिन आएकोले **प्रत्येक व्यक्तिलाई निज विरूद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ** भन्ने नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक हनन भएको देखिन आउने।

निवेदक हाजिर हुन नगई नआएको वा गैरहाजिर रही निजामती सेवा ऐन तथा नियमावली विपरीत कार्य गरेको भनी निवेदकउपर कहीँकतै कारबाही गरेको तथा अवकाश दिएको अवस्था देखिँदैन । कारबाही नभई अवकाशसमेत नभएको अवस्थामा कार्यरत रहेको नै देखिन आयो । कार्यरत रहेको अवस्थामा नियम कानूनअनुसार प्राप्त हुने सुविधा पाउने होइन भनी भन्न मिल्ने अवस्थासमेत नदेखिने।

अतः उल्लिखित आधार कारणहरूबाट निवेदकलाई कानूनी आधारविना हाजिर हुन नदिई तलब भत्तासमेत दिएको देखिन नआएकोले निवेदन मागबमोजिम निवेदकलाई निज कार्यरत रहेको जिल्ला वन कार्यालय हुम्लामा हाजिर गराई पदीय जिम्मेवारीअनुसार कामकाज गर्न दिनु, कानूनबमोजिम पाउने तलब भत्तालगायतका सेवा सुविधा उपलब्ध गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : चिन्तामणि शर्मा

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल कार्तिक १५ गते रोज ५ शुभम्।

## इजलास नं. १९

१

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०६९-WO-१३४५, उत्प्रेषण / परमादेश, *जनकबहादुर शाही वि. पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, बराह बाहिनी दुहवी सुनसरीसमेत*

आफूलाई पुनरावेदन गर्ने मौकासमेत नहुने गरी पुनरावेदन सुन्ने अधिकारीले नै सेवाबाट हटाएको भन्ने पत्र दिएको कानूनविपरीत भयो भन्ने निवेदन जिकिरका सम्बन्धमा विचार गर्दा सम्बन्धित नियमावलीको नियम ८८ मा नियम ८४ बमोजिमको सजायको आदेश दिने अधिकार र त्यसरी दिएको सजायको आदेशउपर पुनरावेदन सुन्ने अधिकार अनुसूची-६ मा तोकिएको अधिकारीलाई हुनेछ भन्ने स्पष्ट व्यवस्था गरेको पाइन्छ। उक्त अनुसूची-६ को दफा २ (ख) मा सशस्त्र प्रहरी जवानलाई नोकरीबाट हटाउनेसमेतको सजायको आदेश दिने अधिकार सम्बन्धित सशस्त्र प्रहरी उपरीक्षक वा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकलाई र त्यसउपर पुनरावेदन सुन्ने अधिकार सम्बन्धित सशस्त्र प्रहरी नायब महानिरीक्षकलाई तोकेको देखियो। सोहीअनुरूप आफूलाई नोकरीबाट हटाउने निर्णय सशस्त्र प्रहरी उपरीक्षकबाट भएको भनी निवेदकले पनि स्वीकार गरेकै अवस्था छ। केवल आफूलाई सोको जानकारी पुनरावेदन सुन्ने अधिकारीले दिएकोले सो नमिलेको भन्नेसम्म जिकिर रहेको छ। सो पत्रमा निर्णयउपर चित्त नबुझे पुनरावेदन गर्न जानु भनी लेखेकोमा पनि विवाद रहेको छैन। पुनरावेदन सुन्ने अधिकारीले पत्रमा सही गरेको भन्ने आधारमा पुनरावेदन गर्ने हकबाट नै वञ्चित भएको भन्ने जिकिर उचित र तर्कपूर्ण देखिएन। निजले कानूनबमोजिम पुनरावेदन लेखी दर्ता गर्न जाँदा लिन नमानेको अवस्थामा मात्र अधिकारबाट वञ्चित हुने अवस्था आउँछ। त्यसरी पुनरावेदन लगेको भन्ने निजको भनाइ रहेको छैन। कानूनबमोजिम पुनरावेदन लाग्ने अवस्थामा सो बाटो अनुशरण नगरी पुनरावेदन सुन्ने अधिकारीले नै पुनरावेदन गर्न जानु भन्ने पत्र दिएको भन्ने मात्र आधारमा साधारण उपचारको बाटो नगई असाधारण अधिकार क्षेत्रभित्र प्रवेश गर्ने निवेदकलाई मद्दत गर्न सकिने नदेखिने।

तसर्थ, विवेचित आधार र कारणबाट सशस्त्र प्रहरी जवानले आफूले पालना गर्नुपर्ने पदीय दायित्वसमेतको बेवास्ता गरी कार्यालयमा गैरहाजिर रही अनुशासनको पालना नगरी सशस्त्र प्रहरी नियमावली ऐन, २०६० को नियम ८७ को उपनियम (१) को खण्ड (६) नं. विपरीतको कार्य निवेदकबाट भए गरेको नै देखियो। निवेदकले आफू कार्यालयमा गैरहाजिर रहेको ठोस र वस्तुनिष्ठ प्रमाणसमेत पेस गर्न नसकी कार्यालयबाट बारम्बार भएको पत्राचार तथा मिति २०६९।९।१९ मा हिमालय टाइम्स दैनिक पत्रिकामार्फत निजको नाउँमा जारी भएको ७ दिने सूचनासमेतको बेवास्ता गरी पदीय मर्यादा, दायित्वविपरीत आफूले पालना गर्नुपर्ने कर्तव्यबाट विमुख भएको देखिँदा निजलाई भविष्यमा सरकारी सेवाबाट अयोग्य नठहरिने गरी श्री पूर्वक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बराह बाहिनी सुनसरीबाट मिति २०६९।१०।८ मा भएको निर्णयउपर कानूनी उपचार पुनरावेदन गर्न पाउनेतर्फ नगई असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल कार्तिक २९ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७२-CR-१७९७, भ्रष्टाचार / रिसवत, *प्रकाश झा वि. नेपाल सरकार*

मिसिल संलग्न कागजातबाट पुष्पाकुमारी शर्मा र प्रतिवादी प्रकाशबिच पूर्वरिसइवी चिनजान नदेखिएकोले पुष्पाकुमारी शर्माले प्रतिवादी प्रकाश झालाई फसाउनु पर्नेसम्मको युक्तियुक्त कारण केही देखिँदैन। पूर्वचिनजानसमेत नभएको कामको सिलसिलामा भेट भएको कर्मचारीलाई अनाहकमा फसाउने भन्ने प्रश्न नै आउँदैन। निवेदक पुष्पाकुमारी शर्माले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष निवेदन दिई नम्बर टिपिएको नोट प्राप्त गरी उक्त

नोटहरू प्रतिवादी प्रकाश झालाई विनाकारण दिए होलान् भन्ने पनि नदेखिँदा निजको इन्कारी बयान पुष्टि हुन सकेको देखिएन। यस सम्बन्धमा अर्जुनकुमार घिमिरे वि. नेपाल सरकार भएको २०६५ सालको फौ.पु.नं. ००२१ को मुद्दामा **"अपरिचित सेवाग्राहीले अपरिचित राष्ट्रसेवकलाई फसाउने भन्ने प्रश्न नै आउँदैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष अनुरोध गरी नम्बर टिपिएको नोट प्राप्त गरी उक्त नोटहरू प्रतिवादीहरूलाई बिनाकारण दिए होलान् भनी भन्न मिल्दैन। यदि बिनाकारण नम्बर टिपिएको नोटहरू प्रतिवादीहरूको टेबलमा फाली प्रतिवादीहरूलाई फसाउनु पर्ने कुनै कारण थियो भने त्यस्तो कारण दिनुपर्ने कर्तव्य प्रतिवादीहरूको हो तर प्रतिवादीहरूले त्यस्तो कारण दिन नसकेको हुँदा नम्बर टिपिएको नोट प्रतिवादीहरूको टेबलमा फालेको भन्ने कथन पत्यारलायक नदेखिने"** भन्ने सिद्धान्तसमेत (स.अ.बुलेटिन २०६६, पूर्णाक ४२०, पृ.११) प्रतिपादन भइरहेको पाइने।

सिनामंगल मन्दिर छेउमा रहेको चियापसलमा चिया पिउँदै गर्दा एकजना महिला चिया पिउन त्यहीँ आउनु भएको, त्यस लगत्तै एकजना व्यक्ति पनि ती महिलाको पछिपछि छिर्नुभयो । त्यसपछि वहाँहरू वार्तालाप गर्नु भयो। महिलाले निज व्यक्तिलाई सर मेरो काम जसरी पनि मिलाउनु पर्‍यो, म निकै अप्ठेरोमा छु भन्नु भयो। त्यसपछि निज व्यक्तिले मैले भनेअनुरूपको खर्चपानी व्यवस्था गर्नुभयो कि भएन भन्दा ती महिलाले तपाईँले भनेअनुसारको खर्च रकमको व्यवस्था गरी दिएको छु भनी आफ्नो ब्यागबाट रू. १०००/- दरका ४/५ वटा बण्डल निकाली यी प्रतिवादीलाई दिएको हो । निजले उक्त रकम आफ्नो पेन्टको पछाडिको गोजीमा राखी जानु भयो । मन्दिरको अलि अगाडि गएपछि अख्तियारको टोलीले निजलाई समाती लगेको हो भनी प्रत्यक्षदर्शी वादी नेपाल सरकारको साक्षी शंकर फुयालले सुरू अदालतमा उपस्थित भई बकपत्रसमेत गरेका छन् । बरामदी मुचुल्कामा बस्ने राजेन्द्रकुमार थापा, पुष्पराज मल्ल, सुवास अधिकारी, विमल अधिकारी र रश्मी सिलवालसमेतले प्रतिवादी प्रकाश झाको साथबाट उक्त रूपैयाँ बरामद गरिएको हो भनी सुरू अदालतमा बकपत्र गरी दिएको पाइन्छ । एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडले बिमितको सर्भे प्रतिवेदन प्राप्त नभएकोले १५ दिनभित्र प्रतिवेदन पेस गर्न भनी सर्भेयर प्रकाश झालाई पत्राचार गरेको कुरा मिसिल संलग्न प्रमाणसमेतबाट देखिन्छ । निवेदक पुष्पाकुमारी शर्मा र प्रतिवादी प्रकाश झाबिच पूर्वरिसइवी तथा चिनजान केही नदेखिएको, प्रतिवादीको साथबाट रू.२,५०,०००।– बरामद भएको, निवेदकले निवेदन बेहोरा पुष्टि हुने गरी अदालतमा बकपत्र गरेको, घुस रकम लेनदेन गरेको देख्ने प्रत्यक्षदर्शीलगायत बरामदी मुचुल्काको रोहवरमा बस्ने राजेन्द्रकुमार थापासमेतले बकपत्र गरिदिएको, प्रतिवादीले अनुसन्धानको क्रममा गरेको साबिती बयानसमेतका मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको नै देखिने।

अत: विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी प्रकाश झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) बमोजिम ७ महिना कैद र ऐ. ३(१) बमोजिम रू.२,५०,०००/- जरिवाना हुने ठहर्‍याई विशेष अदालत काठमाडौंबाट मिति २०७२।१०।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : डल्लुराम चौधरी

इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम्।